# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## राजबिराज नगरपालिका
## सप्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७  
च.नं. ४२४

मितिः २०७७।३।२६

श्री नगरप्रमुखज्यू,  
राजबिराज नगरपालिका  
सप्तरी

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )  
नायव महालेखापरीक्षक



Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np



"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६।७७ मितिः २०७७।३।२६
च.नं २१४

श्री नगरप्रमुखज्यू,
राजबिराज नगरपालिका
सप्तरी

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले राजबिराज नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१२ करोड १ लाख ६८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ८३ लाख ८९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ३ लाख ३७ हजार नियमित गर्नुपर्ने रु.४ करोड ७६ लाख ४६ हजार पेश्की बाँकी रु.३ करोड ३७ लाख,९६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।०९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा बेरुजु फछ्यौंट नभएकोले सोही बमोजिम बेरुजु कायम भएको व्यहोराको अन्तीम प्रतिवेदन पाना ४८ (अड्चालीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगरपालिका कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# राजबिराज नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।०७६

**परिचय** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरी र स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागीतामा आधारीत दिगो विकासको लाभ समतामुलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामुलक कार्यक्रमको माध्यमवाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु स्थानीय तहको मुख्य उदेश्य रहेको छ । प्रदेश नम्बर २ मा अवस्थित यो नगरपालीका अर्न्तगत १६ वडा, ८५ सभा सदस्य रहेको छ ।

**स्थानीय सञ्चित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम (रू.) | | विवरण | रकम (रू.) |
| १ | **गत वर्षको जिम्मेवारी (बैंक)** | | १ | **वितिय समानिकरण वाट** | |
| | क) न.पा.संचित कोष (ग४।१।८१०८) | १३७,०१३,८३२.३१ | | क) चालु खर्च | ९५,१८३,३२०.६० |
| | ख) कर्मचारी कल्याण कोष(५।१।९१०८) | ३८,१९९.०४ | | ख) पूजीगत खर्च | २७,५४३,५४९.७३ |
| | ग) प्रकोप व्यव.कोष(ग५।४।९४०८) | २,०२५,३३४.९७ | २ | आन्तरिक आयको पूंजीगत खर्च | १४,९३८,६७३.२५ |
| | घ) धरौटी खाता (ग३।००।७१०८) | ७,९८६,४३०.८८ | ३ | **गतको मौज्दात वाट** | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) चालु खर्च | १४,३५२,२१४.०४ |
| | क) आन्तरिक राजस्व | १६,७७९,५८४.४५ | | ख) पूजीगत खर्च | ८५,०६१,२५१.१५ |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ग) सहकारी कोल्ड स्टोर निर्माण | २७,०९८,९१५.०० |
| | क) वित्तीय समानिकरण अनुदान | १८४,४००,०००.०० | ४ | **संघीय राजस्व वाडफाड वाट** | |
| | ख) सशर्त अनुदान | २२३,४८२,८००.०० | | चालु खर्च | ४,०००,०००.०० |
| | ग) राजस्व बाडफाड अनुदान | ५९,८८१,०२९.९२ | | पूजीगत खर्च | २२,५००,०००.०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ५ | सशर्त अनुदान खर्च (कोल्ड स्टोर निर्माण) | २००,५८५,९०९.२८ |
| | क) वित्तीय समानिकरण अनुदान | ३,६७९,०००.०० | ६ | **को.ले.नि.का. फिर्ता** | |
| | ख) सशर्त अनुदान | १०,०००,०००.०० | | क) सशर्त अनुदान | २२,८९६,८९०.७२ |
| | ग) प्रदेशकोष थप शशर्त अनुदान | ७,०००,०००.०० | | ख) सामाजिक सुरक्षा | २९,२००.०० |
| ५ | **विषयगत निकायबाट प्राप्त रकम** | | ७ | **विषयगत निकायको खर्च** | |
| | क) सामाजिक सुरक्षा | ७९,१४२,४००.०० | | क)प्रदेश तथा स्था.तह क्षमता विकास | २८४,५००.०० |
| | ख) स्थानीय पूर्वाधार | ३९,८३९,९९९.१५ | | ख) स्थानिय पुर्वाधार खर्च | ३९,८३९,९९९.१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) पर्यटन वोर्ड नेपाल | २,०००,०००.०० | | ग) तराइ मदेश समृद्धि कार्यक्रम | ३,९९६,६९९.०४ |
| | घ) तराइ मदेश समृद्धि कार्यक्रम | ३,९९६,६९९.०४ | | ड.) सामाजिक सुरक्षा खर्च | ७९,११३,२००.०० |
| | ड.) सडकवोर्ड नेपाल कार्यक्रम | ७,१४९,७५१.०० | | च) वहु क्षत्रीय पोषण | १,७९०,०००.०० |
| | च) वहु क्षत्रीय पोषण | १,७९०,०००.०० | | छ) प्रधानमन्त्री रोजगार | ७,९३२,१६५.५२ |
| | छ) प्रधानमन्त्री रोजगार | ७,९३२,१६५.५२ | | ज) पर्यटन वोर्ड नेपाल कार्यक्रम | २,०००,०००.०० |
| | ज) प्रदेश तथा स्था.तह क्षमता विकास | २८४,५००.०० | ८ | प्रदेश अनुदान खर्च | |
| | झ) औषधी उपचार | ५८५,६१९.०० | | क) वितिय समानिकरण | ३,६७९,०००.०० |
| | न) संचित विदा | ४७७,१७१.०० | | ख) शशर्त अनुदान | ७,७९५,८७६.२६ |
| ६ | युनिसेफ वाट प्राप्त निकासा | ६,७०८,२१०.०० | | ग) प्रदेश विषेश थप शशर्त अनुदान खर्च | १,६७४,७८९.०० |
| ७ | श्रोत नखुलेको आम्दानी | १,७७५,१४४.३३ | ९ | **अन्य खर्च** | |
| **८** | **धरौटी** | ९,२५९,९५२.०० | | क) सडकवोर्ड नेपाल कार्यक्रम | ७,०७१,१०८.४३ |
| | | | | ग) युनिसेफ कार्यक्रम खर्च | ५,४०६,७९०.०० |
| | | | | घ) औषधी उपचार | ५८५,६१९.०० |
| | | | | ड.) संचित विदा | ४७७,१७१.०० |
| | | | | च) प्रकोप व्यवस्थापन कोष खर्च | १४,४००.०० |
| | | | १० | **धरौटी फिर्ता,सदरस्याहा खर्च** | ४,३००,०३६.८४ |
| | | | ११ | **श्रेस्ता अनुसार बांकी बैंक मौज्दात** | |
| | | | | क) न.पा.संचित कोष (ग४।१।८१०८) | ११७,८७७,२७७.६५ |
| | | | | ख) कर्मचारी कल्याण कोष (ग५।१।९१०८) | २४१,९८५.९४ |
| | | | | ग) प्रकोप व्यव.कोष (ग५।४।९४०८) | २,०१०,९३४.९७ |
| | | | | घ) धरौटी खाता (ग३।००।७१०८) | १२,९४६,३४६.०४ |
| | **कुल जम्मा** | **८१३,२२७,८२२.६१** | | **कुल जम्मा** | **८१३,२२७,८२२.६१** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **वित्तीय कारोवार लेखापरीक्षण:** | |
| १. | एकिकृत आय-व्यय विवरण लगायतको वित्तीय कारोबार परीक्षण गर्दा देखिएको व्यहोरा यस प्रकार छ : | |
| १.१. | **बाँकी रकम दाखिला गर्नुपर्ने** : आर्थिक कार्यविधि नियमावली,२०६३ को नियम ३३ अनुसार आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको ससर्त अनुदानको रकम प्रदेश कोष दाखिला गर्नुपर्नेमा नगरेकोले प्रदेश संचित कोष दाखिला हुनुपर्ने देखिएको रु...... | ७५,२९,३३४.७४ |

| शिर्षक | निकासा | खर्च | बाँकी |
|---|---|---|---|
| प्रदेश ससर्त अनुदान | १०००००००.०० | ७७९५८७६.२६ | २२०४१२३.७४ |
| प्रदेश कोष थप ससर्त अनुदान | ७००००००.०० | १६७४७८९.०० | ५३२५२११.०० |
| | | | **७,५२९,३३४.७४** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १.२. | **फरक रकम** : एकिृकत आय व्ययले वित्तीय कारोबारको यथार्थ चित्रण गर्नुपर्दछ। प्रस्तुत आयव्यय विवरणमा स्रोत नखुलेको आम्दानी रु. १,७७५,१४४.३३ उल्लेख गरेको देखियो । जिम्मेवारी, आम्दानीमा खर्च घटाई बाँकी भिडान हुनुपर्नेमा फरक देखिनु उपयुक्त देखिएन । के कति कारणबाट उक्त रकम फरक पर्न गएको हो यकिन गरी स्रेस्तामा आम्दानी गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ। | |
| १.३. | **बैंक समायोजन** : कार्यालयले स्रेस्ता अनुसार बाँकी देखिएको बैंक मौज्दात र बैंक अनुसार आषाढमा बाँकी मौज्दात रकम भिडान गर्नुपर्दछ । कार्यालयको खाताले देखााएको बैंक मौज्दात भन्दा बैंकको स्टेटमेन्ट अनुसार बाँकी रहेको मौज्दात निम्नानुसार रु.१४,९२,५५,६०२।९४ बढी देखिएको छ । नगरपालिकाले के कति कारण फरक पर्न गएको हो बैंक समायोजन हिसाव तयार नगरी श्रावण १ गते पश्चात भुक्तानी भएको कारण फरक पर्न गएको भनी एकमुष्ट रुपमा कारण उल्लेख गरेको छ। उक्त फरक रकमको चेक सबै साटिए नसाटिएको र साटेपश्चात बैंक मौज्दात भिडान हुने नहुने सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्ने देखिन्छ । स्रेस्ता र बैंक स्टेटमेन्टमा देखिएको फरकको स्थिति यस प्रकार छ : | |

| श्रेस्ता अनुसार बैंक मौज्दात | | | | बैंक अनुसार बैंक मौज्दात | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | खाताको नाम | खाता नं. | बांकी रकम(रू.) | सि.नं. | खाताको नाम | बैंकको नाम | खाता नं. | बांकी रकम(रू.) |
| १ | न.पा.संचित कोष | २१८ ०३०४०१८१०८ | ११७,८७७,२७७।६५ | १ | न.पा.संचित कोष | रा.बा.बैंक | २१८ ०३०४०१८१०८ | ८८,८४२,६४५।०९ |
| २ | कर्मचारी कल्याण कोष | २१८ ०३०५०१९१०८ | २४१,९८५।९४ | २ | कर्मचारी कल्याण कोष | रा.बा.बैंक | २१८ ०३०५०१९१०८ | २४१,९८५।९४ |
| ३ | प्रकोप व्यवस्थापन कोष | २१८ ०३०५०४९४०८ | २,०१०,९३४।९७ | ३ | प्रकोप व्यवस्थापन कोष | रा.बा.बैंक | २१८ ०३०५०४९४०८ | २,०१०,९३४।९७ |
| ४ | धरौटी खाता | २१८ ०३०३००७१०८ | १२,९४६,३४६।०४ | ४ | धरौटी खाता | रा.बा.बैंक | २१८ ०३०३००७१०८ | ९,४८५,८०९।२९ |
| ५ | चालु खर्च खाता | २१८ ०३०२०१६१०८ | - | ५ | चालु खर्च खाता | रा.बा.बैंक | २१८ ०३०२०१६१०८ | ६३,११४,०६१।१० |
| ६ | पूजीगत खर्च खाता | २१८ ०३०२०२६२०८ | - | ६ | पूजीगत खर्च खाता | रा.बा.बैंक | २१८ ०३०२०२६२०८ | ११८,६३६,७१०।८५ |
| | | जम्मा | **१३३०७६५४४.६** | | | | | २८२३३२१४७।२४ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १.४. | **आर्थिक विवरणको तयारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले कारोवारको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । महालेखा नियन्त्रकको कार्यलयले लेखा प्रणलीलाई एकरुपता गराउने उद्धेश्यले निशुल्क रुपमा उपलब्ध गराई सबै | |

| | | |
|---|---|---|
| | स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले उक्त सफ्टवेयर मंसिरसम्म प्रयोगमा ल्याएको भएता पनि मंसिरबाट साग्रिला सफ्टवेयर प्रयोग गरेको कारण सो व्यवस्थाको पालना भएको देखिएन । एक आर्थिक वर्षमा दुई फरक सफ्टवेयर प्रयोग गरी छुट्टाछुट्टै स्रेस्ता खडा गरेकोमा आषाढ मसान्तमा दुबै सफ्टवेयरबाट भएको खर्च मिलान गरी अन्तिम आर्थिक विवरण तयार गरेको छ । साथै नेपाल सरकारको सार्वजनिक खर्च लेखामानदण्ड(NPSAS) अनुसार लेखा विवरण सहितको आर्थिक विवरणहरु तयार गरेको छैन । सफ्टवेयर प्रयोग गरी बिद्युतीय लेखा प्रणली अपनाई सार्वजनिक खर्च लेखामानदण्ड अनुसार वित्तिय विवरण तयार गर्नुपर्दछ । | |
| २. | **आन्तरिक लेखापरीक्षण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । यस्तो लेखापरीक्षण गराउन आ.ले.प. अधिकृत नियुक्त गरी गराउने र सो नियुक्त नभएमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्ने देखिन्छ । यस नगरपालिकाले वित्तीय समानीकरण चालु/पूँजीगत, प्रदेश वित्तीय समानीकरण चालु/पूँजीगत, आन्तरिक आय लगायतका कारोबरको आन्तरिक लेखापरीक्षण गराएको छैन । विषयगत शिर्षमा निकासा भएको रकमको आर्थिक विवरण प्रमाणित र आन्तिरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गरिएको छ । कूल कारोबारको ९५ प्रतिशत कारोबारको आन्तरिक लेखापरीक्षण नहुँदा आन्तरिक नियन्त्रण एवं वित्तीय कारोबारमा हुने गरेको अनियमितता एवं कमी कमजोरी सुधार हुन सक्ने देखिदैन । नियमको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधभारमा यस गाउँ पालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन । उक्त बिषयमा गाउँ पालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नुपर्नेदेखिन्छ ।<br>• मासिक र वार्षिक प्रतिवेदन तयार गर्ने गरेको छैन,<br>• बैंक समायोजन विवरण तयार गर्ने गरेको छैन,<br>• कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण गरेको छैन,<br>• अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ ।<br>• सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन,<br>• योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>• निर्धारित समयमा निर्माण सम्पन्न नगरी आंशिक रुपमै कार्य सम्पन्न बनाउने गरेको छ ।<br>• आयोजनाको भौतिक प्रगति सन्तोषजनक छैन,<br>• अनुगमन प्रतिवेदनमा कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख गरेको छैन ।<br>• करको दायरा पहिचान भएको छैन,<br>• भ्रमण खर्चको अभिलेख राख्नु पर्नेमा सो राख्ने गरेको छैन,<br>• ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको छ,<br>• योजना उपभोक्तालाई हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,<br>• योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कट्टा गरेको कन्टिन्जेन्सीको खचंको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन, | |

- जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,
- प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,
- राजस्व सम्बन्धी कानून निर्माण गरेको छैन,
- अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,
- MIS System बाट सामाजिक सुरक्षा वितरण गरेको र बैंकिङ्ग प्रणाली लागु गरेको छैन ।
- प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन ।
- NEPSAS अनुसार आर्थिक विवरण तयार गर्ने नगरेको ।

४. **श्रेस्ता जिम्मा** : आर्थिक कार्यबिधि नियमाबली, २०६४ नियम ४६ मा कार्यालयको लेखा स्रेस्ता आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मामा रहने व्यवस्था छ । नगरपालिकाले संचालन गरेको कतिपय कार्यक्रमका स्रेस्ताहरु लेखा शाखामा पेश नभएको कारण भुक्तानीका भौचरमात्र पेश गर्ने गरेको पाइयो । लेखापरीक्षण प्रयोजनका लागि लेखा शाखाले विलभरपाईको जोडजम्मा तथा उपयुक्तता एकिन गरी बिल भरपाई सहितको स्रेस्ता पेश गर्नुपर्नेमा सम्बन्धित कर्मचारीहरुबाट माग गरी अन्तिम लेखापरीक्षणमा पेश हुने गरेकोले लेखापरीक्षण कार्यमा कठिनाई भएको छ । नियमको उक्त व्यवस्था अनुसार लेखा शाखाले जिम्मेवारी लिई सम्पूर्ण बिल भरपाई संलग्न गरेरमात्र स्रेस्ताहरु राख्ने व्यवस्था गर्नुपर्दछ ।

५. **भवन नक्सा पास** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिका भित्र बनिरहेका सम्पूर्ण घरहरुलाई करको दायरामा ल्याई नक्सा पास पछि मात्र घर बनाउने इजाजत पर्ने व्यवस्था छ । नगरपालिकाले नक्सा पासको लागि अनुरोध भई आएका घरजग्गाको मात्र नक्सा पास गर्ने गरेको देखियो । निर्माण इजाजत नलिई बनाइराखेका भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।

६. **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

७. **स्थानीय तथ्याङ्क र अभिलेख**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

८. **चौमासिक तथा आषाढ महिनाको खर्च**: स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार निर्धारित चौमासिकमा कार्यक्रम र क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यालयको पूँजिगत खर्चको स्थिति बिश्लेषण गर्दा निम्नानुसार देखियो ।

(रु.हजारमा)

| क्र.सं. | बजेट उपशीर्षक | कुलखर्च | पहिलो चौमासिक खर्च | दोस्रो चौमासिक खर्च | तेस्रो चौमासिक खर्च | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| १ | विभिन्न | ४९७६६६ | ११०२८५ | १७३७७१ | २१३६१० | १२८५७९ |

प्राप्त विवरण अनुसार कार्यालयले यो बर्ष ४९ करोड ७६ लाख ६६ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा ११ करोड २ लाख ८५ हजार(२२.१६%), दोश्रो चौमासिकमा १७ करोड ३७ लाख ७१ हजार (३४.९१%) र तेस्रो चौमासिकमा २१ करोड ३६ लाख १० हजार (४२.९२%) र आषाढ महिनामा मात्र रु. १२ करोड ८५ लाख ७९ हजार (२५.८३%) खर्च गरेको पाइयो । आर्थिक

वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राविधिक कर्मचारीको अभावमा पर्याप्त सुपरीवेक्षणमा हुन नसक्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत कठीन पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सँचालन गरी खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

**वित्तीय समानिकरण पूँजिगत खर्च तर्फ**

९. **कार्यक्रम तर्जुमा, स्वीकृति एवं कार्यान्वयन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ अनुसार उपमेयरको संयोजकत्वमा गठित  कार्यक्रम तर्जुमा समितिले कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने र कार्यपालिकाको अध्यक्षले उक्त कार्यक्रम र बजेट तयार गरी नगरसभामा पेश गरी स्वीकृत गर्ने व्यवस्था छ । यसरी स्वीकृत भएको कार्यक्रम र बजेटको सीमाभित्र रही प्रत्यायोजित अधिकार सहित नगरपालिकाले आयोजना संचालन गर्नुपर्ने व्यवस्था छ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन् :

९.१. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ अनुसार सरोकारवाला स्थानीय बुद्धिजिवी, विज्ञ एवं सिमान्तकृत वर्गको सहभागिता गराई स्थानीयस्तरमा योजना तर्जुमा, बजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बजेट तर्जुमा एवं योजना छनौट गर्दा संचालन ऐन, २०७४ एवं बजेट निर्माण दिग्दर्शन २०७३ अनुसार वास्तविक सरोकारवाला स्थानीय बुद्धिजिवी, विज्ञहरु एवं सीमान्तकृत वर्ग लगायत सवै वर्गको सहभागिताको आधारमा योजना एवं बजेट तर्जमा गरेको सुनिस्चित हुने प्रमाण सम्लग्न गरेको देखिएन ।

९.२. **न्यून बजेटका योजना छनौट** : आर्थिक वर्ष २०७५।७६ मा बसेको नगरसभाको बैठकले बजेट कार्यक्रम स्वीकृत गर्दा आर्थिक वर्षभित्र कार्यान्वयन हुनसक्ने र आयोजना कार्यान्वयनबाट उच्च प्रतिफल प्राप्त हुने किसिमले रु. ५ लाख भन्दा बढीका आयोजना छनौट गर्नुपर्नेमा नगरपालिकाले बजेट छर्ने किसिमले अत्याधिक धेरै योजना रु.५० हजार देखि ५ लाख भित्रका निम्नानुसार २३९ आयोजना छनौट गरी कार्यान्वयन गरेको देखियो । यसरी साना आयोजना छनौट गर्ने र प्रत्येक वर्ष एउटै आयोजनालाई थोरै थोरै बजेट दिनेगरी आयोजना छनौट गर्ने गर्दा अधिकांस आयोजना पूर्णरुपमा सम्पन्न नहुने, सम्पन्न भएका आयोजना समेत प्रतिफलविहीन हुने देखिदा साना आयोजना छनौट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । यो वर्ष छनौट भएका साना आयोजनको स्थिति यस प्रकार छ :

| सि.नं. | विवरण | कूल आयोजना संख्या | रु. ५ लाख माथिका आयोजना | रु. ५ लाख भन्दा कमका आयोजना |
|---|---|---|---|---|
| १ | नगरस्तरीय आयोजना | ७० | ४८ | २२ |
| २ | वडास्तरीय आयोजना | २६७ | ५० | २१७ |
| | | | **जम्मा** | २३९ |

९.३. **कार्यक्रमको बजेट स्वीकृती** : आर्थिक वर्ष २०७५।७६ मा बसेको नगरसभाको बैठकले बजेट कार्यक्रम स्वीकृत गर्दा सवै कार्यक्रम निदिष्ट गरी बजेट स्वीकृत गर्नुपर्नेमा सो नगरी केही कार्यक्रमको लागि एकमुष्ट बजेट स्वीकृत गरी पछि आवश्यकता अनुसार कार्यक्रम बनाइ खर्च गर्ने गरेको देखियो । सुरुमा बजेट अवण्डा राख्ने र पछि आवस्यकत्ता अनुसार कार्यक्रम बजेट बनाई खर्च गर्ने परिपाटी बजेट सिद्धान्त विपरित देखिदा यसमा नियन्त्रणहुनुपर्दछ । यसका केही उदाहरण यस प्रकार छन् :

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | मूल सडक स्तरोन्नती | ८५०००००.०० | स्थान नखुलयाइएको |
| २ | विभिन्न वडामा माटो ग्राभेल तथा नाला मर्मत | ५००००००.०० | वडा नखुलाएको |
| ३ | सरसफाई कार्यक्रम | ३००००००.०० | स्थान नखुलाएको |
| ४ | सडक बत्ती जडान | ५००००००.०० | स्थान नखुलाएको |

१०. **सितभण्डार निर्माण** : राजविराज नगरपालिका र जिल्ला सहकारी संघबीच ३००० मेट्रिकटन क्षमताको सितभण्डार निर्माण कार्य लागत साझेदारीमा अगाढी बढाउन २०७४।१२।१३ मा

सम्झौता भए अनुसार बोलपत्रको माध्यमबाट आषिस ओम साइराम जेभी छनौट गरी मू.अ.कर बाहेक रु.२२,५१,७१,६४५।०० मा २०७७।२।१५ सम्म सम्पन्न गर्नेगरी मिति २०७५।९।१६ मा सम्झौता भएको देखिन्छ । उक्त भवन निर्माण सम्बन्धमा नगरपालिका र जिल्ला सहकारी संघ बीच २०७४।१२।१३ मा भएको सम्झौताको दफा १ मा उल्लेख भए अनुसार निर्माण कार्यको कार्यान्वयन सरकारी सितभण्डार निर्माण सम्बन्धी मापदण्ड २०७४ को दफा ६ को उपदफा (ङ) मा उल्लेखभए अनुसार जम्मा लागत (प्राविधिक सेवा सेमेतको ६० प्रतिशत मात्र नगरपालिका मार्फत अनुदान प्राप्त हुने र बाँकी ४० प्रतिशत लागत सहकारी संघले जुटाउनु पर्ने उल्लेख छ । उक्त व्यवस्था अनुसार भवन निर्माण गर्दा ठेकेदारबाट भएको भवन निर्माण काम र सो काम गर्न लाग्ने प्राविधिक सेवा (इ आइ ए प्रतिवेदन, सम्बन्धित काम हेर्न नियुक्त प्राविधिक कर्मचारी, बोलपत्र तयारी, सूचना, मूल्यांकन, निर्माण कार्यको निरीक्षण र प्रतिवेदन गर्दा लाग्ने प्राविधिक कार्यको खर्च) मात्र भुक्तानी दिन मिल्ने देखिन्छ । लेखापरीक्षणको क्रममा सम्झौदा एवं मानदण्ड अनुसार भुक्तानी दिन नमिल्ने निम्नानुसारको खर्च भुक्तानी दिएको रकम असुल गर्नुपर्ने देखिन्छ ।

१०.१. **गो.भा.नं** ४।२०७५।१०।२ बाट जिल्ला सहकारी संघ लाई प्रि अपरेटिङ्ग खर्चको ६० प्रतिशत भनी रु.५,०१,१०९।७१ माग गरेकोमा पुरै भुक्तानी दिएको देखियो । कूल प्रिअपरेटिङ्ग खर्च कति हो खुल्न आउँदैन । यसरी माग गरेको रकम परीक्षण गर्दा निम्नानुसार प्राविधिक एवं निर्माण कार्यसँग असम्बन्धित सहकारी संघमा कार्यरत कर्मचारीको प्रशासन संचालन गर्न भएको दैनिक भ्रमण भत्ता लगायतको खर्च माग गरेको देखिदा सो रकम असुल गर्नुपर्ने देखिएको रु..... १,३१,२६०.००

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | सहकारी अध्यक्ष विनोद कुमार दत्त विभिन्न काममा २०७५।४।१८ देखि २४ काठमाण्डौ जादाको TADA | १९५००.०० |
| २ | टेण्डर सूचना तयार गर्न प्राविधिक बाहेक प्रशासक रमेश प्रसाद गुप्ता २०७५।६।१९ देखि ६।२५ सम्मको दैनिक भत्ता | ११२००.०० |
| ३ | टेण्डर सूचना तयार गर्न प्राविधिक बाहेक कार्यकारी अधिकृत महादेव गाउपालिका २०७५।६।१९ देखि ६।२५ सम्मको दैनिक भत्ता | ११२०.०० |
| ४ | २०७५।६।१० को कार्यकारी चन्द्र बहादुर कार्की मात्र भएको बैठकमा १०००।०० मात्र लेख्नु पर्नेमा २०००।०० का दरले ६ जनाको लागि बढी भुक्तानी दिएको ६०००।०० को कर बाहेक असु गर्नुपर्ने | ५१००.०० |
| ५ | सहकारी अध्यक्ष २०७५।७।१३ गते कन्चनपुरदेखि जनकपुर जाँदाको ट्याक्सी रु.६,५००।०० दिए १,६००।०० समेत | ८३००.०० |
| ६ | सहकारी अध्यक्ष २०७५।७।२६ गते कंचनपुर देखि जनकपुर टेक्सी रु.७,०००।०० डि ए खर्च रु.१६,००।०० समेत | ८८००.०० |
| ७ | सहकारीका सदस्य २०७५।८।२ देखि ८।४ सम्म शेयर खरिद पत्र बुझाउन विभिन्न ठाउँ जाँदाको TADA | ५२००.०० |
| ८ | सहकारी संयोजक २०७५।७।२९ देखि ७।३० सम्म शेयर खरिद पत्र वितरण TADA | ३८००.०० |
| ९ | २०७५।८।७ गते सहकारी संघ लेखा समितिको बैठकमा सविता न्यौपाने समेत ६ को भत्ता | ५१००.०० |
| १० | २०७५।८।९ गते सहकारी संघको संचालक समितिको बैठकमा अध्यक्ष विनोद कुमार दत्त समेत १३ जनाको बैठक भत्ता खर्च कर बाहेक | १०२००.०० |
| ११ | सहकारी संस्थाका सदस्य राम प्रसाद यादव र प्रवन्धक रमेश प्रसाद गुप्ता कृषि तथा सहकारी मन्त्रालयमा शित भण्डार र तालिम कार्यक्रमको प्रस्ताव पेश २०७५।८।१५ जनकपुर जाते TADA | ६२००.०० |
| १२ | सहकारी संघका अध्यक्ष २०७५।१।११ देखि ८।१६ सम्म सित भण्डारको ऋण, बाँकी किस्ता, थप ऋणको प्रस्ताव र विनियोजन बजेट माग गर्न सहकारी बोर्ड काठमाण्डौ आते जाते TADA खर्च | ३४३४०.०० |
| १३ | सहकारी संघका अध्यक्ष विनोद कुमार दत्त २०७५।८।२७ मा कृषि मन्त्रालय जनकपुर आतेजाते दैनिक भ्रमण भत्ता | ९६००.०० |
| १४ | सहकारी संघका लेखा संयोजक सविता न्यौपाने २०७५।८।२७ मा जनकपुर | १२००.०० |

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td></td><td>आतेजाने दै.भ्र.भत्ता</td><td></td></tr>
<tr><td>१५.</td><td>प्रवन्धक रमेश प्रसाद गुप्ता कृषि मन्त्रालय जनकपुर आतेजाते दैनिक भ्रमण भत्ता</td><td>१६००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३१,२६०.००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>१०.२.</td>
<td>भौ.नं.१८१।२०७६।३२९ मा सहकारी संघबाट सितभण्डार निर्माणसँग सम्बन्धित प्रिअपरेटिङ्ग खर्च तथा कन्टिन्जेन्सी खर्च भनी निम्न अनुसार सहकारी संघमा पहिलेदेखि कार्यरत प्रबन्धक, बिक्रेता, कार्यालय सहयोगी आदिको तलव तथा निज कर्मचारीहरुको संघ संचालनसँग सम्बन्धित दैनिक भ्रमण भत्ता, यातायात खर्च लगायतको बिल भरपाई राखी रु.३२,२९,३६२।९१ माग गरेको देखिन्छ । उक्त रकममध्ये  नगरपालिकाले रु.१६,९९,०७९।५८ भुक्तानी दिई बाँकी के कामको लागि पेश्की दिएको हो नखुल्ने गरी रु.१५,३०,२८३।३३ पेश्की स्वरुप दिएको देखियो । उत्त खर्च सरकारी सितभण्डार निर्माण सम्बन्धी मानदण्ड, २०७४ को दफा ६ (ङ) अनुसार निर्माण र प्राविधिक सेवासँग सम्बन्धित नभई संघका कर्मचारीको प्रशासनिक खर्च भएकोले भुक्तानी दिन मिल्ने नदेखिदा असुल गर्नुपर्ने देखिएको रु............
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>संघका कर्मचरारीको पारिश्रमिक, दैनिक भ्रमणभत्ता आदि</td><td>१६९९०७९.५८</td></tr>
<tr><td>२</td><td>स्पष्ट कारण, प्रमाण र आधार वेगर सहकारी संघलाई दिएको पेश्की</td><td>१५३०२८३.३३</td></tr>
<tr><td>३</td><td>जम्मा</td><td>३,२२९,३६२.९१</td></tr>
</table>
</td>
<td>३२,२९,३६२.९१</td>
</tr>
<tr>
<td>११.</td>
<td>बजेट अनुसार अधुरो कामको कार्यसम्पन्न प्रतिवेदन : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा श्रोत साधनको पूर्वानुमान, योजनाको प्राथमिकिकरण, योजना सम्पन्न हुने कार्यतालिका तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले एक आर्थिक वर्षमा सम्पन्न हुने कार्यक्रम हुनेगरी योजना छनौट गर्नुपर्नेमा अधुरो योजना छनौट गर्ने गरेको देखियो । लेखापरीक्षणको क्रममा एउटा कामको कुल लागत अनुमात तयार गरी सो काम सम्पन्न भएपछि मात्र कार्य सम्पन्न बनाउनु पर्नेमा बजेट अनुसार जति काम हुन्छ सो अनुसार कार्य सम्पन्न गर्ने गरेबाट उक्त काम अधुरो रहने, पुनः बजेट व्यवस्था नभए काम प्रतिफल विहिन हुने र सम्पूर्ण संरचना निर्माण हुँदासम्म निर्मित संरचनाको गुणस्तर ह्रास हुन गई  योजनाको भविश्य नै अनिस्चित रहेको देखियो । थोरै रकमका धेरै आयोजना छनौट गरी अधुरो काम गर्ने गराउने कार्य अनियमित देखिदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरण यस प्रकार छन् :</td>
<td></td>
</tr>
<tr>
<td>११.१.</td>
<td>गो.भा.नं ८।२०७५।१०।८ बाट ओम शान्ति भवन निर्माण उपभोक्ता समिति मार्फत डिपिस माथिको गारो लगाउने काम र छत ढलान गर्ने कार्य रु.११,४३,६९३।०० को सम्पन्न गरेको भनी रु.१०,००,०००।०० भुक्तानी दिई कार्य सम्पन्न प्रतिवेदन बनाएको छ । उक्त काममा डि पि सि र पिल्लरको काम यो भन्दा पहिलै गराइसकेको देखिन्छ । दोस्रो पटक कार्यसम्पन्न हुँदासम्म भवन निर्माण कार्य अधुरो रहेको छ  । यसरी एउटै कामलाई पटक पटक आंसिक कार्य सम्पन्न गर्ने र भवन निर्माण कार्य अधुरो भई प्रतिफलविहीन हुन जाने देखिदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने देखिएको रु.............</td>
<td>१०,००,०००.<br>००</td>
</tr>
<tr>
<td>११.२.</td>
<td>गो.भा.नं १७४।२०७६।३।२७ बाट वडा नं. १४ मा वर्थिङ्ग सेन्टर भवनको डि पि सि र पिल्लरको निर्माण गर्ने भनी रु. ९,८४,७८९।०० को लागत अनुमानको काम उपभोक्ता समितिमार्फत  कार्य सम्पन्न गराई रु.८,९८,८८५६।०० भुक्तानी दिई निर्माण कार्य अधुरो रहेको छ । योजना अनुसार बजेट व्यवस्था गरी निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा बजेट अनुसार योजनाको काम टुक्रा टुक्रा काम गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने कार्य अनियमित देखिन्छ । यसरी काम गराउँदा बजेट व्यवस्था हुन नसके आयोजना अलपत्र भई लगानी खेर जाने हुँदा यसरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्ने देखिएको रु...............</td>
<td>८,९८,८५६.०<br>०</td>
</tr>
</table>

११.३. भौ.नं.१७।२०७६।३।२९ मा लक्ष्मी नारायण राधाकृष्ण मन्दिर उपभोक्ता समिति मार्फत मन्दिर निर्माण गर्ने भनी रु.२२,२३,४५६।०० को लागत अनुमान तयार गरी सो काम सम्पन्न गरेको भनी रु.१०,००,०००।०० भुक्तानी दिएको देखियो । सो कामको लागत अनुमान तयार गर्दा भइराखेको मन्दिर



निर्माणको काममा जे काम बाँकी छ त्यसको लागत अनुमात तयार गरी सो रकम भुक्तानी दिएको देखियो । नगरपालिकाले गरेको काम अन्य निकायले वा उपभोक्ता समितिले गरेको देखाई छुट्टै खर्च लेखेको छैन भन्न सक्ने आधार देखिदैन । नगरपालिकाबाट भुक्तानी गर्दा इट्टा जेडाइको काम आर सि सि को काम भनी भुक्तानी गरेको देखिन्छ । लागत अनुमान  अनुसार बजेट निकासा नभएको भनी पर्यटन बोर्डबाट यो वर्ष निकासा भएको रु.१०,००,०००।०० पुरै भुक्तानी दिएको छ । बजेट बढी निकासा भए बढी र घटी निकासा भए घटी नै दिएर कार्य सम्पन्न गर्ने र मन्दिर निर्माण कार्य निर्माणाधिन अवस्थामा रहेको देखिदा निर्माण कार्यमा दोहोरोपना नभएको र खर्चमा नियन्त्रण भएको छ भन्नसक्ने आधार भएन । मन्दिर निर्माण भएको तस्बिर यसैसाथ छ । कूल लागत बनाई लागत साझेदारीमा काम गरी एउटै कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

१२. **अन्य निकायको काम गराएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (२) अनुसार खर्च गर्दा स्वीकृत कार्यक्रम अनुसार कार्यालयको कार्यक्षेत्रभित्रको काममा खर्च गर्नुपर्ने देखिन्छ ।  नगरपालिकाले गो.भा.नं. १६।२०७५।१०।११ बाट स्वीकृत कार्यक्रममा नभएको उच्च अदालतको इजलास निर्माण गरेको भनी रु.४,९९,२०६।०० भुक्तानी दिएको छ । उच्च अदालतको इजलास निर्माण कार्य अदालतकै बजेटबाट गर्नुपर्नेमा नगरपालिकाले कार्यक्रम नै स्वीकृत नभएकोमा कार्य गराई भुक्तानी दिएको नियमित नदेखिएको रु.............. ४,९९,२०६.००

१३. **ठेक्का प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा र (२) मा प्रतिस्पर्धा सिमित हुने गरी काम गर्न नहुने उल्लेख छ । नगरपालिकाले पत्रिकामा सूचना गरी यो वर्ष शिलबन्दी दरभाउपत्र एवं बोलपत्रको मार्फत काम गरेका ठेक्कामा लागत अनुमान र वोलपत्र दाताको कवोल अङ्क को परीक्षण गर्दा केही ठेक्कामा अत्याधिक प्रतिस्पर्धा गरेको र केहीमा अत्याधिक बोलपत्र खरिद गर्ने, ३/४ वटा दाखिला हुने र १ मात्र बोलपत्र प्रक्रियामा उपयुक्त ठहर्ने गरेको देखियो ।  यसबाट बोलपत्र दाखिलामा निर्माण व्यवसायीको मिलेमताको कारण न्यून प्रतिस्पर्धा हुने र मिलेमतो हुन नसक्ने अवस्थामा अत्याधिक प्रतिस्पर्धा भई ५१ प्रतिशतसम्म घटेर बोलपत्र पेश गर्ने गरेको देखियो । अत्याधिक घटेको अवस्थामा कामको गुणस्तर कायम गर्न नगरपालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।  E-bidding समेत गरी प्रतिस्पर्धाको वातावरणमा बोलपत्र दाखिला हुनसक्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । लागत अनुमान वरावरकै ठेक्का अङ्कमा र अत्यधिक घटेर ठेक्का सम्झौता भई कार्य गराएको केही उदाहरण प्रकार छन् :

| सि.नं | कामको विवरण | निर्माण व्यवसायी | बोलपत्र विक्री | दाखिला संख्या | लागत अनुमान | स्वीकृत रकम | घटी बढी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिका ग्राउण्ड तथा मोटर गाडी सेड निर्माण | ओम रन्जित कन्स्ट्रक्सन | १९ | ३ | ५८६८८८१।०० | ५८६४४७९।०० | -०.०७५% |
| २ | सहित गेट तथा सहित स्मारक निर्माण | न्यू गहिल निर्माण सेवा | ९ | २ | ७९१६७१५।०० | ७९०००९८।०० | -०.२% |
| ३ | नगरसभा हल निर्माण | नेशनल निर्माण सेवा | १९ | ४ | ४८८२४१६।०० | ४८८१९६६।०० | -०.००९% |
| ४ | माछा हाटमा नाला र सौचालय निर्माण | कृति विल्डर्स | १३ | ९ | ३०२९२१४।०० | १४३४७३०।०० | -५१.५०% |
| ५ | वडा नं ६ बाटो तथा नाला निर्माण | पृति निर्माण सेवा | ४ | ४ | १६९९७७७।०० | ९२२९३३।०० | -४६.३५% |
| ६ | सामुदायिक भवान निर्माण | बाबा धर्मराज निर्माण सेवा | १४ | १४ | १०३४३१५९।०० | ५७२८०३७।०० | -४४.६२ |

१४. **अधुरो निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण

व्यवसायीले सम्झौता वमोजिमको काम सम्झौतामा तोकिएको मितिमा सम्पन्न गर्न नसकेमा म्याद थप गरी निर्माण कार्य सम्पन्न गराउन सकिने उल्लेख छ । नगरपालिकाले सहित गेट तथा सहित स्मारक निर्माण गर्न मू.अ.कर बाहेक रु.६९९१२३७०० मा निर्माण व्यवसायी न्यू गहिल निर्माणसेवा सँग २०७५।९।२४ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०७५।३।१५ मा सम्झौत गरेकोमा निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगरेको कारण २०७६।३।३० सम्म पुन: ६ महिना (सम्झौता अवधिको सतप्रतिशत अवधि) म्यादथप गरेकोमा थप म्याद सम्ममा रु.४७७६९९५।०० (६०.४६%) को मात्र काम गरी कार्य सम्पन्न गरी निर्माण कार्य अधुरो रहेको देखियो । थप म्यादभित्र समेत निर्माण कार्य सम्पन्न हुन नसकेको देखिदा नियमको व्यवस्था अनुसार निर्माण कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ ।

१५. **मू.अ.करमा दर्ता नभएको संस्थासंग कारोबार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले मू.अ.करमा दर्ता भएकोसँग मात्र काम गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार दर्ता नभएको संस्था सँग बिना प्रतिस्पर्धा सिधै काम गराई भुक्तानी दिएको देखियो । यसरी भुक्तानी दिदा उक्त संस्थाले विजक जारी नगरी अन्य संस्थाको बिल भरपाई सम्लग्न गरी भुक्तानी लिएको देखियो । यसरी काम गराउने कार्य नियमसंगत नदेखिदा नियन्त्रण गर्नुपर्ने देखिएको रु..... २६९४३०५.००

| शिर्षक | भौ.नं मिति | संस्था | काम | रकम |
|---|---|---|---|---|
| समानीकरण पूँजीगत | ३४/२०७५१०/२९ | युवा सरोकार विकास मञ्च | सावुन बनाउने तालिम | ५०००००.०० |
| समानीकरण पूँजीगत | ११०/२०७६/२/१४ | गुञ्जाराम वृक्ष स्मृति प्रतिस्थाठन | सिलाइ कटाइ तालिम | ३०००००.०० |
| वडा पूँजीगत | ४४/२०७६/२/१४ | समाजसुधार तथा वातावरण विकास नेपाल | वाल अधिकारस संरक्षण तालिम वडा नं १४ | १७४५००.०० |
| वडा पूँजीगत | ४५/२०७६/२/१४ | समग्र नेपाल विकास केन्द्र | वडा १४ जनचेतना कार्यक्रम | १७४५००.०० |
| वडा पूँजीगत | ९७/२०७६/३/१४ | सक्षम नेपाल | कृषिमा नयाँ प्रविधि तालिम वडा नं. १३ | १९९८००.०० |
| वडा पूँजीगत | १००/२०७६/३/२४ | युवा एकता नेपाल | खानेपानी अभिमुखिकरण तालिम | १९६१४५.०० |
| वडा पूँजीगत | १०१/२०७६/३/२४ | परिकल्पना नेपाल | दलित जनजाती चेतनामूलक कार्यक्रम | १०००००.०० |
| वडा पूँजीगत | १०१.२०७६/२/२४ | पुनरुत्थान नेपाल | दलित अपांग चेतना तथा सामाग्री वितरण | २०००००.०० |
| वडा पूँजीगत | १०३/२०७६/३/२७ | ग्रामिण वातावर विकास संस्थान नेपाल | तरकारी खेती तालिम वडा नं. ६ | १०००००.०० |
| वडा पूँजीगत | ११७/२०७६/३/२७ | व्यवसाय विकास सहजिकरण केन्द्र | महिला उद्यामशील तालिम | १९९३६०.०० |
| वडा पूँजीगत | १२९/२०७६/३/२९ | विकासको लागि परिवर्तत संस्था | च्याउ खेती तलिम | ४०००००.०० |
| वडा पूँजीगत | १३५/२०७६/३/३१ | सामुदायिक महिला विकास मञ्च | सुद्ध खानेपानी तालिम | ५००००.०० |
| वडा पूँजीगत | १३७/२०७६/३/३१ | राष्ट्रिय विकास केन्द्र नेपाल | वडा नं. ११ बाल विवाह विरुद्ध जनचेतना कार्यक्रम | १०००००.०० |
| | | | **जम्मा** | २,६९४,३०५.०० |

१६. **कार्यालय समान खरीद** : सार्वजनिक खरीद ऐन २०६३ को दफा ८ मा सार्वजनिक निकायले

वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको सामान खरिद गर्नु पर्ने भएर्मो वार्षिक खरिद योजना तयार गर्नु पर्ने र योजना तयार गर्दा खरिदको प्रकार, खरिदको प्याकेज, खरिद कारबाहीको समय तालिका, खरिद विधि, खरिदको लागि गरिने सम्झौताको किसिम समावेश गर्नु पर्ने उल्लेख छ । नगरपालिकाले खरिद ऐन अन्तर्गत खरिद योजना तयार गरेको छैन । जसबाट नगरपालिकालाई के कति सामान आबश्यक पर्दछ एकिन गर्न सक्ने आधार भएन । साथै सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने तथा सार्बजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा एकै पटक वा पटक-पटक गरी ५ लाख भन्दा बढी रकमको सामन एउटै ब्यक्ति फर्म वा कम्पनि वा सँस्थाबाट एक आर्थिक बर्षमा खरीद गर्न नहुने ब्यबस्था छ ।

१६.१. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा र (२) मा प्रतिस्पर्धा सिमित हुने गरी काम गर्न नहुने उल्लेख छ । नगरपालिकाले एकै पटक दरभाउप वा बोलपत्रत्रको माध्यमबाट खरिद गर्न सकिने निम्नानुसारको सामान सिधै टुक्रा टुक्रा गरी खरिद गरेको देखियो । यसरी खरिद गर्ने कार्य नियमसंगत नदेखिनुका साथै मितव्ययी समेत नदेखिएको रु........ १,३०,१८,३१९.८४

| गो.भा.नं. | पाटीको नाम | खरिद अवधि | सामानको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ४९/२०७५/११/१४ | मा भगवती सप्लायर्स को २३ थान बिलबाट | २०७५/९/२७-२०७५/११/६ | खानेपानी पाइप तथा फिटिङ्गसहरु | ९८६०९४.०० | उक्त सामान प्रयोगको कार्य सम्पन्न समेत पेश नभएको |
| ५५/२०७५/११/२६ | एकता ट्रेड एण्ड सप्लायर्स | २०७५/१०/१३-१४ | मोबाइल, प्रिन्टर, बुट, स्टेशनरी, कार्पेट आदि | १०७९७९४.०० | |
| ५६/२०७५/११/२६ | दीप ट्रेडर्स एण्ड सप्लायर्स | २०७५/११/११-१४ | दराज, कुर्सी, टेबल समेत कार्यालय सामान | ११३४३७३.०० | |
| ५७/२०७५/११/२६ | माँ भगवती सप्लायर्स | २०७५/९/२४-१०/१४ | कैटी, कोदालो, बेल्चा, फिनेल आदि | ६७३४५५.१४ | |
| २२/२०७५/५/२८ | विभिन्न ३ सप्लायर्स | | मोटरसाइकल खरिद | १०६२२२८.०० | |
| १०१/२०७५/११/०२ | चाँद इलेक्ट्रक एण्ड सप्लायर्स | | विद्युत सामान | ६६७३८५.०० | |
| २/२०७५/१०/२९ | निखिल फर्निचर | | कम्प्युटर, सोफासेट लगायत सामान | २४१७८०४.०० | |
| १/२०७५/१०/२९ | ओम शान्ति ट्रेडर्स | | मेशिनरी औजार | १६५९७४४.०० | |
| ११/२०७५/११/४ | पि वि एस कम्प्युटर | | कम्प्युटर | ९५९०१९.७० | |
| ३/२०७५/१०/२९ | निखिल जनरल अर्डस सप्लायर्स | | स्टेशनरी लगायत विभिन्न | १२४२०३९.०० | |
| ६/२०७५/११/६ | अनमोल फर्निसिङ्ग एण्ड जनरल सप्लायर्स | | फर्निचर | ५०९६५८.०० | |
| १४/२०७५/११/२६ | देव एण्ड सन्स विजनेस सेन्टर | | स्टेशनरी लगायत विभिन्न | ६२६७२६.०० | |
| | | | | १३,०१८,३१९.८४ | |

१६.२. सामान खरिद गर्दा आवश्यकता समेत एकिन नगरी खरिद गरेको सामानहरु वास्तबिक सदुपयोग भएको छ भन्न सक्ने आधार समेतदेखिदैन । उदाहरणका लागि रु.३५ हजारको १०० थान नापी किताव खरिद गरेकोमा सबै योजनाको नापी किताव लुज सिटमा तयार गरेको तर जिन्सी निरीक्षण मौज्दातमा शुन्य देखाएको, स्वास्थ्य चौकीका लागि ओपीडि पूर्जा १००० प्याड छपाई गरी रु.९० हजार खर्च गरेकोमा उपचार प्राप्त गर्ने जनसंख्या स्वास्थ्य चौकीगत हिसावमा अन्दाजी १२ हजार वार्षिक विरामी हुनेमा १ लाख पूर्जा छपाई गरेको छ । स्वास्थ्य तर्फका कार्यक्रममा वार्षिक प्राप्तहुने यसप्रकारको छपाई खर्च एकमुष्ट खर्च गरेको तर मौज्दातमा नदेखाइएको जस्ता

| | | |
|---|---|---|
| | अवस्था देखएिकोले खरिद योजना बनाउने, तोकिएको प्रक्रिया पुरा गरी प्रतिश्पर्धा अपनाई खरिद गर्ने, बास्तविक परिमाण एकिन गरेरमात्र खरिद विधि अवलम्बन गर्ने तथा खरिद भएको सामानहरुको मौज्दात व्यवस्थापनमा समेत सुधार गरी खरिद कार्य व्यवस्थित गरिनु पर्दछ । | |
| १७. | **मोबाइल खरिद** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायत्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुनेर र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत वर्ष सम्म रु.९,२२,५७८।०० को ४० थान मोबाइल र यो वर्ष रु.४,११,४३३।०० को ११ थान समेत जम्मा रु.१३,३४,०११।०० का ५१ थान मोवाइल खरिद गरेको देखियो । निजी प्रयोग समेत हुने यस्ता मोवाइल खरि गर्न नहुनेमा अत्याधिक परिमाणमा खरिद गरेको र खरिद गर्दा मितव्ययी ढंगले खरिद र्गुपर्नेमा सो नगरी यो वर्ष न्यूनतम रु.३२,२०५।०० देखि रु.७३,४५०।०० सम्मका ११ थान मोवाइल खरिद गरी नेपाल सरकारलाई थप व्ययभार पारेको रु............. | ४,११,४३३.०० |
| १७.१. | **मोबाइल हस्तान्तरण:**आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ५६ उपनियम ३ अनुसार आफ्नो जिम्मामा रहेको जिन्सी सामान बझाई बरबझारथ गरेरमात्र रमाना लिनु पर्नेमा खरिदार मो आलम खाले गतवर्ष लिएको रु.३ लाख पेस्की फछ्र्यौट गरेकोमा ५ थान साइकल, २ थान सामसुङ्ग मोबाइल खरिद समेतको बिल भरपाई पेश गरेकोमा रु.५७ हजार पर्ने मोबाइल वडाअध्यक्षले प्रयोग गर्नेगरी बुझाएको साथै रु.२५ हजारको १ थान मोबाइल वडा सचिवले आफै प्रयोग गरेकोमा निजको समायोजन भई रुपनी नगरपालिका सरुवा भई गएकोमा स्टोर गरेको छैन । निजले समायोजन भइजाँदा बरबुझारथ समेत गरेको नदेखिएकोले कार्यलयको जिन्सी सामान फिर्ता दाखिला गर्नुपर्ने अन्यथा सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.... | २५,०००.०० |
| १८. | **विभिन्न खाल्टो पुरी सडक मर्मत** : निर्दष्ट स्थान र कार्यक्रम किटान गरी कार्यक्रम स्वीकृत गर्नु पर्दछ । कुन चेनेजमा कति मिटर कस्तो मर्मत गर्नुपर्ने खुलाई लागत अनुमान गर्नुपर्नेमा सो नगरी वडा नं. ८ मा "Earth Filling Work at the Different ditches" भनी एकमुष्ट लागत अनुमान रु.१०,००,०००।०० स्वीकृत गरी कहाँ गरेको हो नखुलाई सोही व्यहोराबाट कार्य सम्पन्न बनाई उपभोक्ता योगदान कटाई रु.९,००,०००।०० भुक्तानी गरेको छ उपभोक्ता समिति मार्फत यसरी गरेको काम कुन ठाउँमा भएको भनी चेक जााच गर्नसक्ने अवस्था समेत देखिदैन । यसरी कार्यक्रम स्वीकृत गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्ने देखिनुका साथै स्थान नखुलाई लागत अनुमान तयार गर्ने प्राविधिकलाई सचेत गराउनु पर्ने देखिएको रु..... | ९,००,०००.०<br>० |
| १९. | **बढी / बेरितको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार कार्यक्रम संचालन वापत पेश्की लगायत खर्च गरेको रकम भुक्तानी दिनु पूर्व रित पुगे नपेगको चेक जाँच गरी भुक्तानी दिनुपर्नेमा सो नगरी वडा पूँजीगत शीर्षकबाट निम्नानुसार भुक्तानी दिएको देखियो । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानसार छन् : | |
| १९.१. | **खेलाडी भत्ता** : वडा नं ५ का का.स. वैद्यनाथ लाल दास मार्फत क्रिकेट खेलकुद कार्यक्रम संचालन खर्च वापत रु.३,५०,०००।०० को बिल भरपाई पेश गरेको छ । कार्यक्रम संचालन पूर्व के केमा कति खर्च गर्ने कार्यक्रम खर्च बाँडफाँड गरेको छैन । सम्लग्न बिल भरपाई परीक्षण गर्दा १९ थान ट्र्याक सुट खरिद वापत रु.३४,२००।०० खर्च लेखेको छ । सो खेलाडिलाई बुझाएको भरपाई पेश भएको छैन । प्रति म्याच खेलाडीलाई रु.१५००।०० का दरले एकैदिन एउटै खेलाडीलाई रु.३,०००।०० का दरले भत्ता दिएको छ । एकै दिन एउटै खेलाडीलाई २ पटक भत्ता दिन मिल्ने आधार नर्मस पेश नभएकोले २०७५।१।१२ देखि १६ सम्म ५ दिन र १८ गते समेत ६ दिन ७ जनालई एक दिन पहिलो र दोश्रो म्याच वापत भुक्तानी दिएकोले एक दिनको एक पटक मनासिव देखिदा ६ दिन ७ जनालई रु.१,५००।०० का दरले भुक्तानी दिएको रु.६३,०००।०० पाउने आधार नदेखिएको रु.......... | ९७,२००.०० |
| १९.२. | भौ.नं. ९७२०७६।३।२४ मा १३ नं. वडामा नयाँ प्रविधि तालिम संचालन गरेको भनी सक्षम नेपाल | १,३९,१५०.०० |

| | | |
|---|---|---|
| | संस्थालाई रु.१,९५,१६२।०० भुक्तानी दिएको छ । उत्त संस्थाले २०७६।२।९ गते ३७ जनालाई एक दिन तालिम दिएको भत्ता बुझेको भरपाईबाट देखिन्छ । सो बाहेक हाजिरी उपस्थिति छैन । उक्त संस्थाले तालिम को नाउमा मिति २०७६।१।२९ देखि २।६ सम्मका विभिन्न बिलबाट ३५ बोरा डि.ए.पि. मल रु.८३,६५०।०० मा र धान, गहुँ, काउली र प्याज को विउ ३५ के.जी. रु.५२,५००।०० को बिल राखी पेश गरेको छ । संलग्न फोटो मा उक्त सामान वितरण गरेको छैन भने फिल्डमा ट्रायल समेत गरेको छैन । केवल क्लास मात्र दिएको देखिदा बिल सम्लग्न गरी गरेको खर्च फिर्ता गर्नुपर्ने रु......... | |
| १९.३. | भौ.नं. १०२।२०७६।३।२४ बाट वडा नं ९ मा दलित अपाङ्ग जनचेतनामूलक तथा सामाग्री वितरण कार्यक्रम २०७५।२।३० र २।३२ गते संचालन गरेको भनी रु.२,००,०००।०० पुनरुत्थान नेपाल संस्थालाई भुक्तानी दिएको छ । उक्त कार्यक्रममा उत्त संस्थाले ममता ट्रेडर्सको विना विल नम्बरको २०७६।२।३० को विलबाट ३० थान र विना विल नम्बरको २०७६।२।३० को विलबाट २० थान समेत ५० थान फुल प्रति झुल रु.५००।०० का दरले रु.२५,०००।०० खर्च लेखोमा विजक नम्बर नभएको, सहभागीलाई झुल बुझाएको भरपाई नभएको र ममता ट्रेडर्सलाई रकम बुझाएको रसिद पनि नभएको हुँदा सो रकम असुल गर्नुपर्ने रु................ | २५,०००.०० |
| १९.४. | भौ.नं.१०३।२०७६।३।२७ बाट सहयोगी नेपालले १४ नम्बर वडाको तरकारी खेती तालिममा वडाका सदस्य दानालाल शाह र सचिव चेत नारायण यादवको अनुगमन भत्ता वितरणको भरपाईमा नाम काटेकोमा रकम महलमा चढाई नपाउने भुक्तानी लिएको असुल गर्नुपर्ने रु..... | ४,०००.०० |
| १९.५. | भौ.नं. १०५।२०७६।३।२७ मा राष्ट्रिय वहुजन समाज विकास केन्द्र मार्फत सिलाई कटाई तालिम संचालन गरेको भनी रु.१,००,०००।०० भुक्तानी दिएकोमा आर के ट्रेडर्सको विल नम्बरको २०७६।३।२ को विलबाट सिलाई सामान रु.१८,९००।०० को र २०७६।३।४ को विना नम्बरको बिलबाट रु.२००।०० को तेल भनी रु.१९,१००।०० को सामान किनेकोमा विजक नम्बर नभएको र रकम बुझाएको नदेखिदा सो रकम असुल गर्नुपर्ने रु............. | १९,१००.०० |
| १९.६. | भौ.नं. १२५।२०७६।३।२७ बाट वडा नं १३ मा सलहेश मेला व्यवस्थापन कार्यक्रम संचालन समितिलाई रु.२,५०,०००।०० मेला संचालन गर्न दिएकोमा उक्त व्यवस्थापन समितिले "सलहेस मन्दिर पिपराहीमा २०७६।१।२ देखि २०७६।१।४ सम्म बेलुका ५ देखि ८ बजेसम्म साँस्कृतिक कार्यक्रम गर्नुपर्ने " सम्झौता ३ अलग अलग व्यक्तिसँग गरी क्रमशः रु.३३,०००।००, ४८,०००।००, ४९,०००।०० गरी भुक्तानी दिएको देखिएको छ । एउटै स्थान, अवधि र समयभित्र ३ संस्थाबाट कसरी कार्यक्रम संचालन हुन्छ असंभव देखिदा २ समूहको रकम भुक्तानी मनासिव नदेखिदा असुल गर्नुपर्ने रु........... | ८२,०००.०० |
| १९.७. | भौ.नं.१२९।२०७६।३।३१ बाट २०७६।२।२२ देखि २।२६ सम्म च्याउ खेती कार्यक्रम संचालन गर्न संझौता गरी विकासका लागि परिवर्तन (CFD) संस्थालाई रु.४,००,०००।०० भुक्तानी दिएकोमा संलग्न विल भरपाई परीक्षण गर्दा होटल राजमा ५ दिन खाना खुवाए वापत रु.६७,५००।०० र न्यू मा भगवती स्वीट कर्नरको विल नम्बर ८२३।२०७६।२।२६ बाट ५ दिनको चिसो, बिस्कुट वापत रु.११,२५०।०० खर्च लेखी सकेपछि सम्झौता रकम पुर्याउन निम्न विलमा विल नम्बर उल्लेख नभएको र उक्त संस्थालाई रकम बुझाएको प्रमाण समेत नहुँदा के खर्च पुर्याउन तयार गरिएको विल राखी खर्च गरेको रकम असुल गर्नुपर्ने रु...... | ४०,२५०.०० |

| सि.नं. | फर्म | मिति | वापत | रकम |
|---|---|---|---|---|
| १ | कुसे चिया नास्ता पसल | २०७६/२/२३ | चिया नास्ता | १३५००.०० |
| २ | कुसे चिया नास्ता पसल | २०७६/२/२५ | चिया नास्ता | १३५००.०० |
| ३ | कुसे चिया नास्ता पसल | २०७६/२/२६ | चिया नास्ता | ८२५०.०० |
| ४ | उज्वल डिजिटल स्टुडियो | २०७६/२/२७ | प्रमाण पत्र छपाई | ५०००.०० |
| | | | जम्मा | ४०,२५०.०० |

| | | |
|---|---|---|
| १९.८. | भौ.नं.१३७।२०७६।३।३१ बाट वडा नं ११ का वडा अध्यक्षको सिफारिसमा राष्ट्रिय विकास केन्द्र नेपालले | २८,०००.०० |

<table>
<tr><td></td><td>बाल विवाह विरुद्ध जनचेतना कार्यक्रम संचालन गरेको भनी रु.१,००,०००।०० भुक्तानी दिएको छ । श्रेस्ता परीक्षण गर्दा उक्त कार्यक्रम अलग्गै नगरी जनता राष्ट्रिय प्राथमिक विद्यालयमा २०७६।३।१८ मा गरेको भनी खर्च लेखेको छ । विद्यालयका सहभागी विद्यार्थीको नाम मात्र उल्लेख गरी दस्तखतमा एउटै व्यक्तिले नाम अंग्रेजीमा उल्लेख गरेको छ । किड्स कार्यक्रम संचालन गरी फोटोमा खाजाको पकेट वितरण सम्म गरेको देखियो । संलग्न विल भरपाई परीक्षण गर्दा विना नम्बरको २०७६।३।१८ को सागर होटलको विल राखी खाना वापत रु.२८,०००।०० खर्च लेखेको छ । कार्यक्रम बिहान नभएको, पाटीलाई रकम भुक्तानी नदिएको, विजकमा नम्बर पनि नभएकोले सो रकम असुल गर्नुपर्ने रु..........</td><td></td></tr>
<tr><td>१९.९.</td><td>वित्तीय समानीकरण पूँजीगत शीर्षकको गो.भा.नं. १९८ र ३९५ बाट लिएको मनोज कुमार यादवले लिएको पेश्की रु.६,८९,६५६।०० फछ्र्यौट गरेकोमा सम्लग्न विल भरपाई परीक्षण गर्दा रु.६,७६,९६७।०० को मात्र विल भरपाई सम्लग्न भएको देखिदा बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु....</td><td>१२,६८९.००</td></tr>
<tr><td>१९.१०.</td><td>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजना तथा नेपाली सेना सैनिक अस्पतालको सहकार्यमा बृहत स्वास्थ्य शिविर संचालनमा नगरपालिकाबाट सहयोग गरेको भनी गो.भा.नं. ९०।२०७५।१२।२९ बाट शिविर निर्माण एवं संचालनको लागि आवश्यक सामान खरिद वापत रु.९,३९,८५३।०० खर्च गरेको छ । उक्त शिविर कहिलेदेखि कहिलेसम्म संचालन हुने त्यसमा कति खर्च लाग्ने, त्यसमध्ये को कसले कति व्यहोर्ने स्पष्ट आधार वेगर नगरपालिकाले रु.९,३९,८५३।०० को सामान खरिद गरी माग फारामबाट खर्च गरेको रकम मनासिव नदेखिनुका साथै उक्त खर्चमा नियन्त्रण भएको छ भन्न सक्ने आधार नभएको रु.....</td><td>९,३९,८५३.००</td></tr>
<tr><td>१९.११.</td><td>शैक्षिक क्यालेन्डर १००० थान छपाई गरेको भनी भौ.नं. १६७।२०७६।३।२४ मा आयुष ट्रेडर्सलाई रु.१,२४,०००।०० भुक्तानी दिएको छ । आन्तरिक राजस्व कार्यालयको मू.अ.कर नं ६०९३७२१४६ को सम्लग्न उक्त ट्रेडर्सको इजाजतमा क्यालेन्डर छपाई गर्ने स्वीकृत नभएको हुँदा अधिकार नभएको संस्थाबाट छपाई गरेको देखिनुका साथै उक्त क्यालेन्डर शिक्षा शाखाको एक कर्मचारीले बुझेको उल्लेख छ । उक्त क्यालेन्डर क कसलाई वितरण भएको हो प्रमाण सम्लग्न नभएकोले छपाई भएको थियो भन्नसक्ने आधार समेत नभएको अनियमित रु.......</td><td>१,२४,०००.००</td></tr>
<tr><td>२०.</td><td>वितरण एवं प्रचार मुखी कार्य : पूँजीगत बजेटबाट खर्च गर्दा प्रतिफल प्राप्त हुने काममा खर्च गर्नुपर्नेमा कार्यालयले निम्नानुसार वितरण एवं प्रचारमूखी कार्यक्रममा रकम खर्च गरेको देखियो । यस्तो कार्यक्रमबाट कुनैपनि किसिमको प्रतिफल प्राप्त नहुने र खर्च मात्र बढ्ने देखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको रु...........
<table>
<tr><th>भौ.नं. मिति</th><th>कार्यक्रम</th><th>सामान</th><th>रकम</th></tr>
<tr><td>९९/२०७६/३/२४</td><td>१६ वडास्तरीय वातावरण कार्यक्रम</td><td>डस्टविन २० थान र इन्डक्सन ८० थान वितरण</td><td>५४८१६३.००</td></tr>
<tr><td>१५५/२०७६/३/२७</td><td>सलहेस मेला संचालन वडा नं १३</td><td>मेला व्यवस्थापन खर्च</td><td>२५००००.००</td></tr>
<tr><td>१८४/२०७६/३/२९</td><td>विवाह पञ्चमी खर्च</td><td>व्यवस्थापन खर्च</td><td>६००००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>८५८,१६३.००</td></tr>
</table></td><td>८,५८,१६३.००</td></tr>
<tr><td>२१.</td><td>नापी किताव र खरिद विलमा फरक परिमाण : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा भुक्तानी दिनुभन्दा पहिले रित पुगे नपुगेको चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउँदा पेश गरेको बिलबाट खरिद भएको फलामे डण्डीको परिमाण र प्राविधिकले नापजाँच गरी नापी कितावमा उल्लेख गरेको डण्डीको परिमाण फरकदेखियो । नापी किताव भन्दा उपभोक्ताको विलमा बढी परिमाण देखिदा बील रकम पुर्याउन मात्र खरिद बिल देखाएको छैन भन्ने आधार भएन । उक्त परिमाण नापी कितावमा नदेखिदा सो बराबरको रकम बिल भरपाईमा अपुग हुने देखिन्छ । बिलमा खरिद देखाएको नापी कितावमा नचढेको खरिद फलामे डण्डी कार्यालयमा फिर्ता</td><td>८८,९४१.५०</td></tr>
</table>

दाखिला हुनुपर्ने देखिएको रु..........

| शिर्षक | गो.भा.नं. र मिति | उपभोक्ता समिति | खरिद परिमाण | नापी परिमाण | फरक परिमाण | रकम |
|---|---|---|---|---|---|---|
| वडा पूँजीगत | ८७/२०७६/३/१० | इनार देखि आशिषराम यादवको घरसम्म बाटो ढलान उपभोक्ता समिति वडा नं. १२ | ३७०६ के जी | २८७८।८७ के जी | ८२७.१३ | ७०८९३.०० |
| वडा पूँजीगत | ९२/२०७६/३/११ | वडा नं ५ स्वर्णटोल सडक ढलान उपभोक्ता समिति | ३१० के जी | ७१.६१ के जी | २३८.३९ | १८०४८.५० |
| | | | | | | ८८,९४१.५० |

२२. **उपभोक्ता समितिमार्फत निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मको श्रममूलक कामहरु उपभोक्ता समिति मार्फत गराउन सक्ने र सो गराउँदा आवश्यक प्रकृया पुर्याउनुपर्ने उल्लेख छ। सो सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छ :

२२.१. **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।

२२.२. **उपभोक्तासँग सम्झौता** :- सार्वजनिक खरिद नियमाबली २०६ट गराउन सक्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार यस नगरपालिकाले उपभोक्ता समितिमार्फ काम गराउँदा निम्नानुसार गरेको देखिदा त्यस४ को ९७उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ । त्यस्तो सम्झौतामा देहायको कुराहरू उल्लेख गर्नु पर्नेछःनिर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि हुनुपर्ने उल्लेख छ । गाँउपालीकाले उपभोक्ता समितिसँगको योजनाको बिलभरपाई राखि खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, गाँउपालीको बजेट तथा उपभोत्ता समितिको जनश्रमदानको बारेमा उललेख नगरि केबल बिलभरपाईहरु सँलग्न गरि खर्च लेखेको छ । जसबाट उल्लेखित कुराहरु प्रति यकिन हुन सक्ने अवस्था भएन ।

२२.३. **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुवाई** :- स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्ने अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरि बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ ।

२२.४. **आयोजना हस्तान्तरण** : सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । अतः सम्पन्न

आयोजनहरु सम्बन्धित उपभोक्ता समितिमार्फत नै कार्यान्वयन, संचालन, मर्मत र स्वामित्व ग्रहण गर्ने व्यवस्था सम्झौतामै उल्लेख गर्ने व्यवस्था गरी उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ ।

२२.५. **कामको गुणस्तर एवं स्थलगत निरीक्षणः-** नगरपालिकाले यसवर्ष अधिकांस निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७८(३) अनुसार नगरपालिकाको प्रमुख, उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । सो अनुसार नगरपालिकाले के कति योजनाहरु अनुगमन गर्यो सोको वस्तृत विवरण तयार गरेको देखिएन । यस नगरपालिकाबाट उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका बाटो, कलभट, भवन, नाली जस्ता निर्माण कार्यको भुक्तानी गर्दा उपप्रमुख एवं वडा अध्यक्षको अध्यक्षतामा अनुगन समिति गठन गरी अनुगमन गर्ने र अनुगमनको सिफारिस पश्चात भुक्तानी दिने गरेको छ ।अनुगमन प्रतिबेदनमा निर्माण कार्यको बिस्तृत बिबरणमा उल्लेख नहुँदा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन । अतः कामको गुणस्तर कायम नभएमा सोको जिम्मेवारी सम्बन्धित प्राविधिक एवं अनुगमन कर्तालाई बनाइ निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ ।

२२.६. **जटिल प्रकृतिको काम उपभोक्ता समितिबाट गराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले आफुले पाएको काम आफैले सम्पादन गर्नुपर्ने । प्राविधिक ज्ञान एवं विशेष प्रविधि अपनाउनु पर्ने तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम उपभोक्ता समितिमार्फत गराउन नहुने व्यवस्था छ । नगरपालिकाले निर्माण व्यवसायीको सहयोग विना सम्पन्न गर्न नसकिने काम विभिन्न वडाहरुमा उपभोक्ता समितिमार्फत गराई भुक्तानी दिने गरेको छ । यसोगर्दा निर्माण कामको गुणस्तर कायम हुन नसक्ने, काम अधुरो रहने समेत देखिएको छ । यसका केही केही उदाहरण निम्नानुसार छन् । यसरी काम गराउँदा कामको गुणस्तरमा प्रभाव पर्नसक्ने र निर्माण कार्य अधुरो भई प्रतिफल विहीन समेत हुनसक्ने भएकोले यस्तो काम विषयविज्ञबाट गराउनुपर्ने देखिएको रु..... ९६,०४,९०९.००

| भौ.नं. र मिति | उपशीर्षक | कामको विवरण | लागत अनुमान | यो वर्षको भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १४३/०७६/३/४ | समानीकरण पूँजीगत | वडा नं. १५ कोल्डस्टोर नजिक नाला निर्माण उ.स. | ६५०४६२३.०० | ३१७६०६५.०० | अधुरो |
| १७४/०७६/३/२७ | समानीकरण पूँजीगत | वडा नं ३ वर्थिकङ्ग सेन्टर भवन निर्माण | १००९४०९.०० | ८९८८५६.०० | सम्पन्न |
| १९०/०७६/३/३० | समानीकरण पूँजीगत | वडा नं १३ सडक आर सि सि ढलान उपभोक्ता समिति | २७०९८७४.०० | २४९७७४८.०० | सम्पन्न |
| १९१/०७६/३/३० | प्रदेश ससर्त | राजदेव कल्भर्ट हल भवन निर्माण उपभोक्ता समिति | ५४२४८१२.०० | ३०३२२४०.०० | अधुरो |
| | | | | ९,६०४,९०९.०० | |

२२.७. **स्थलगत निरीक्षण :** उपरोक्त उपभोक्ता समितिबाट भएका काम मध्ये राजदेव कल्भर्ट हल भवन निर्माणको स्थलगत निरीक्षण गर्दा सम्झौता बमोजिम काम सम्पनन नभएको, उक्त कामलाँई बिनियोजित बजेट



समेत फ्रिज भएको र काम अलपत्र अवस्थामा रहेको देखियो । आर्थिक वर्षको सुरुमै ठेक्का सम्झौता गरी गर्नुपर्ने काम तेस्रो चौमासिकमा आएर उपभोक्ता समितिलाई दिई निर्माण कार्य अधुरो रहेको अवस्था छ । यस्तो जटिल प्रकृतिको काम उपभोक्ता समितिलाई गराउने पदाधिकारीलाई जिम्मेवार बनाई यस्ता काम उपभोक्ता समतिमार्फत गराउने कार्य पूर्ण रुपमा नियन्त्रण गर्नुपर्दछ । उक्त कवलहलको भौतिक स्थिति यस प्रकार

छ ।

२३. **विल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विल भरपाई संलग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वित्तीय समानीकरण चालु एवं पूँजीगत शीर्षकबाट निम्नानुसार कार्यक्रम विभिन्न संस्था मार्फत संचालन गरेको भनी भुक्तानी दिएकोमा कार्यक्रमसँग सम्बन्धित आवस्यक बिल भरपाई बेगर खर्च लेखेको देखिदा प्रमाण पेश गर्नुपर्ने देखिएको रु...... ६४६७९९.००

| भौ.नं. मिति | व.उ.शि.नं | विवरण | सामान | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १९५/२०७६/३/३१ | समानीकरण पूँजीगत | वृक्षा रोपण | आँपको विरुवा २२० र लतान ११० | १०००००.०० | विरुवा रोपणको पुष्टि हुने प्रमाण नभएको |
| २०१/२०७६/३/३१ | समानीकरण पूँजीगत | मनोज कुमार यादवबाट महिला सरसफाई कार्यक्रम संचालन | १०५ ट्वाइलेट रिङ्ग, ३५ थान प्लेट रिङ्ग वितरण | १९८२३०.०० | महिला सहभागीको उपस्थिति र वितरण भरपाई नभएको |
| २४/२०७५/१२/१५ | वडा पूँजीगत | सामान खरिद | २५ थान हेड फोन, ६१५ मिटर पाइप | १९८५६९.०० | वडा नं ९ मा उक्त सामान जडान भई कार्य सम्पन्न भएको प्रमाण नभएको |
| ६२/२८७५/२/३० | वडा पूँजीगत | ओम प्रकास शाहबाट कार्यक्रम संचालन | क्रिकेट खेलका सामान खरिद | १५००००.०० | उक्त सामान कसलाई दिएको वितरणको भरपाई, फोटो समेत नभएको । |
| | | | | ६४६,७९९.०० | |

२४. **सभाहल निर्माण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा भुक्तानी दिनुभन्दा पहिले रित पुगे नपुगेको चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिका र निर्माण व्यवसायीबीच सभाहल निर्माण गर्न बोलपत्रको माध्यमबाट नेशनल निर्माण सेवालाई रु.४८,८१,९६५।०० मा सम्झौता भएकोमा म्याद थप समेत २०७५।७।११ मा कार्य सम्पन्न गरेको भनी रु.४८,८०,१९३।०० भुक्तानी दिई कार्यसम्पनन प्रतिवेदन तयार गरेको छ । उत्त कामको निरीक्षण गर्दा कार्य सम्पन्न भनिएको Electrificatioin work ceiling light, Fan, Sound System as per Drawingआइटमको काम पूर्णरुपमा सम्पन्न नभएको अवस्थामा रु.२,३१,८६२।०० भुक्तानी दिएको देखियो । उक्त काम सम्पन्न भएको नदेखिदा धरौटी रोक्का गरी निर्माण काम सम्पनन गराउने अन्यथा सो रकम असुल गर्नुपर्ने देखिएको रु.... २,३१,८६२.००

२५. **वाइफाइ सफ्टवेयर जडान, अनुगमन एवं क्षतिपूर्ति** : नगरपालिकाले वडा नं १ देखि १६ र राजविराजको निस्चित क्षेत्रमा वायरलेस सर्भिलेन्स सिस्टम जडान गर्न बोलपत्रको माध्यमबाट सेकुरिटी वर्ल्ड रौतहटलाई छनौट गरी २०७६।२।३ सम्म जडान कार्य सम्पन्न गर्नेगरी मिति २९०७५।१२।१८ मा सम्झौता गरेकोमा २०७६।३।३ सम्म म्याद थप गरी रु.४३९४४४३।४४ भुक्तानी दिई कार्य सम्पन्न गरेको छ । सम्झौताको सेक्सन ५ मा खरिदकर्ताले इन्स्पेक्सन कमिटि गठन गरी जडान भएको सिस्टमले काम गरे नगरेको रिपोर्ट दिएपछि मात्र भुक्तानी दिने उल्लेख भएकोमा इन्स्पेक्सन रिपोर्ट पेश गरेको देखिएन । सो सिस्टमले काम गरे नगरेको विषयमा इन्स्पेक्सन गराउनु पर्ने देखिन्छ । उक्त ठेक्काको सम्झौताको थप म्याद २०७६।३।३ सम्म मात्र रहेकोमा २०७६।३।१३ मा मात्र कार्य सम्पन्न भएको निवेदन पेश गरेकोले सम्झौता रकम रु.३८,८८,८८८।०० को ०.५ प्रतिशतले १० दिनको पूर्वनिर्धारित क्षतिपूर्ती असुल गर्नुपर्ने देखिएको रु..... १९,४४४.४४

२६. **मिनि टिप्पर २ मिडियम टिप्पर १ खरिद** :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले कुनै सामान खरिद गर्नुपर्दा सामानको स्पेसिफिकेशन अनुसार लागत अनुमान तया गर्नुपर्ने र यसरी तयार गर्दा सार्वजनिक निकाय रहेको जिल्लााको अन्य सार्वजनिक निकायले ७६,०५,०००.००

चालु वा अघिल्लो वर्षमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको लागत, वजारको प्रचलित भाउ, अन्य वजारको भाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गरी नियम ३१ अनुसार बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले यो वर्ष निम्नानुसार फोहरमहिला उठाउन मिनी टिप्पर दुइ र मेडिएम टिप्पर १ को विर्तामोडका मेकिनकल इन्जिनियरबाट स्पेसिफिकेशन र लागत अनुमान बनाउन लगाई खरिद गरेको छ । मेकानिकल इन्जिनियरले नियम ११ अनुसारको प्रकृया पुरा गरेको आधार प्रमाण वेगर एकमुष्ट लागत अनुमात उल्लेख गरेको र सोही लागत अनुमानको आधारमा वोलपत्र गरी लागत अनुमानभन्दा घटी देखाई गरेको खरिद कार्य नियमित एवं मितव्ययी नदेखिएको रु................

| सामान | क्षमता | लागत अनुमान | आपूर्तक | खरिद मूल्य | कूल मुल्य |
|---|---|---|---|---|---|
| मिनि टिप्पर २ | लोडेड क्यापासिटि ३ क्यू.मि. | २५०००००.०० | ईष्टर्न एजेन्सी प्रा.लि. | २४०००००.०० | ४८०००००.०० |
| मिडिया टिप्पर १ | लोडेड क्यापासिटि ३ क्यू.मि. | ३००००००.०० | ईष्टर्न एजेन्सी प्रा.लि. | २८०५०००.०० | २८०५०००.०० |
| | | | | **जम्मा** | ७,६०५,०००.०० |

२६.१. उपरोक्त कामको लागि बोलपत्र गरेकामो निम्नानुसार दुई फर्मबाट बोलपत्र पेश भएको छ । जसमा सिप्रदीको बोल अंक रु.५,१२,०००।०० घटी उल्लेख गरेको देखिन्छ ।

| सि.नं. | सामानको नाम | इन्टर्न एजेन्सी प्रा.लि. | सिप्रदि प्रा.लि. |
|---|---|---|---|
| १ | मेडियम टिप्पर १ गोटा | २८०५०००.०० | २७९५०००.०० |
| २ | मिनि टिप्पर २ गोटा | ४८०००००.०० | ४२९८०००.०० |
| | **जम्मा** | **७,६०५,०००.००** | **७,०९३,०००.००** |

बोलपत्र मूल्यांकन समितिले उपरोक्त बोलपत्र मूल्यांकन गर्दा सिप्रदिको मिनी टिप्परको इन्जिन क्षमता ३२०० सि सि हुनुपर्नेमा २९५६ सिसि माग भएको भनी रु.७०,९३,०००।०० को बोलपत्र प्रतिस्पर्धाबाट हटाएको र सोही आधारमा इष्टन ऐजेन्सीको रु.७६,०५,०००।०० को बाँकी एक मात्र बोलपत्र प्रमुख प्रशासकीय अधिकृतबाट २०७५।५।११ मा स्वीकृत गरी खरिद गरेको छ । सिप्रदीको मिनी ट्रिपरको क्षमता कति उल्लेख गरेको थियो भनी परीक्षण गर्दा क्षमता लेखेको स्थानमा टिपेक्सले मेटाएको देखियो भने दुइ फर्मले पेश गरेको ट्रिपरको दररेट पेश गर्ने टेण्डर डकुमेन्टको फर्मेटमा ७.५ क्यू मी. को टिप्पर उल्लेख भएकोले शिर्षक देखाई भएको भनी दररेटको विवरण भरी अन्तिममा समावेश गरेको टेण्डर डकुमेन्टको विचमा हुने दररेट घोषणाको विवरण टेण्डर डकुमेन्टको अन्तमा कसरी समावेश भयो खुल्न आउँदैन भने गलत भएको टेण्डर डकुमेन्टको पाना र अन्तमा संलग्न गरेको पानाको कार्यकारीको दस्तखत समेत फरक देखिन्छ । सिप्रदीको क्षमता उल्लेखित स्थानमा टिपेक्स लगाउने र इष्टन एजेन्सीज प्रा.लि. को दररेट पेश गर्ने पाना गलत भएको भनी अर्को पाना डकुमेन्टको अन्तमा संलग्न गरी पेश गरेको कारण खरिदमा रु.५,१२,०००।०० थप व्ययभार पारेको छैन भन्न सकिएन । यस सम्बन्धमा छानविन गरी एकिन गर्नुपर्ने देखिएको रु............. ५,१२,०००.००

२७. **वित्तीय समानीकरण चालु तर्फ**

**यातायात खर्च** : अर्थ मन्त्रालयबाट स्वीकृत कार्यसंचालन निर्देशिका, २०७५, अनुसार कार्यक्रम संचालन गर्दा सहभागीको यातायात सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा न्यूनतम यातायात भाडा उपलब्ध गराउन सकिने व्यस्था छ । नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम सार्वजनिकरण गर्ने प्रयोजनका लागि भएको पत्रकार सम्मेलनमा २१ पत्रकार सहित ४० जनालाई रु.१ हजारका दरले यातायात खर्च उपलब्ध गराइएकोमा १९ जना नगरपालिकाका कर्मचारीहरु समेतले बुझिलिएको देखिएकोले कार्यालयको सभाहलमा भएको कार्यक्रमको यातायात खर्च लिन नमिल्ने देखिएकोले सम्बन्धित कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु.... १९,०००.००

२८. **गतवर्षको भुक्तानी** : आर्थिक कार्यबिधि नियमाबली, २०६४ अनुसार चालू वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्न नहुने साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा प्रत्यक वर्ष श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई एक आर्थिक वर्ष कायम गरी आय व्ययको हिसाव राख्नु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले यस वर्षको वजेट तयार गर्दा नै गतवर्षका चालु दायित्व भुक्तानीका लागि एकमुष्ट रु.१ करोड २ लाख २० हजार वजेट व्यवस्था गरी गत वर्ष संभ्फौता भई संचालन भएको क्षमता विकास, सीपमुलक तालिम कार्यक्रम, सचेतना तालिम, महिला बालबालिका सम्वन्धि तालिम कार्यक्रम, चालु प्रकृतिका कार्यालय संचालन खर्च, छपाई लगायत भुक्तानीमा रु.१,३१,८७,२८४/- खर्च गरेको छ । आषाढ मसान्तमा पेश भइसकेको बिल भरपाई समेत भुक्तानी नगरी सभाबाट अबण्डामा वजेट पारित गराई खर्च गर्दा वजेट तथा लेखा सिद्धान्तको पालना नभई समग्र नगरपालिकाको वास्तकि खर्च एकिन हुने अवस्था रहेको छ । भुत्तानी दिन बाँकी कच्चाबारी एकिन नगरी अबाण्डमा वजेट छुट्याई विगतका भुक्तानी गर्ने पद्धतिमा सुधार गर्नुपर्दछ । नगरपालिकाको वास्तविक आय व्ययको यथार्थता एकिन हुनसक्ने गरी बजेट खर्च गर्नुपर्दछ । भुक्तानी दिन बाँकीको कच्चावारी भन्दा बढी भुत्तानी गरेको अनियमित देखिएको रु... २९,६७,२८४.००

२९. **सहरी ल्किनिक अनुदान** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ उपनियम ३ अनुसार संगठित संघ संस्थालाई दिएको रकमको आय व्ययको प्रगतिको विवरण लिई जुन कामको लागि दिइएको हो सो काममा खर्च भए नभएको, लक्ष्य अनुसार प्रगति गरे नगरेको वा प्रचलित कानुन बमोजिम लेखापरीक्षण भए नभएको अध्ययन, अनुगमन गरी बार्षिक प्रतिवेदन दिने सम्वन्धित निकायको हुने उल्लेख छ । नगरपालिकाले शहरी ल्किनिकलाई रु.२१ लाख ५० हजार संचालन अनुदान दिएकोमा सो रकमबाट तोकिएको कार्यमा खर्च गरे नगरेको प्रतिवेदन स्रेस्तासाथ संलग्न गरेको नदेखिएकोले सम्बन्धित संस्थाले गरेको खर्च प्रमाण सहित लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.... २१,५०,०००.००

३०. **बैठक भत्ताः** प्रदेश नं.२ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धि ऐन, २०७५ को दफा ४ मा मासिक सुबिधा पाउने पदाधिकारी बाहेकका सदस्यले मात्र बैठक भत्ता लिन पाउनेमा २०७४ असोज देखिको मासिक सुबिधा लिएको अवस्थामा लिएको निम्नानुसारको बैठक भत्ता असुल गर्नुपर्ने देखिएको रु...... ९,४३,१००.००

| विवरण | बैठक संख्या | उपस्थिति संख्या | कर समेत रकम रु. | कर बाहेक रु. |
|---|---|---|---|---|
| नगरकार्यपालिकाको बैठक | ११ | ३५ | ५५३५००.०० | ४७०४७५.०० |
| स्रोत अनुमान तथा बजेट निर्धारण | १ | १३ | १९५००.०० | १६५७५.०० |
| सार्वजनिक सेवा तथा क्षमता विकास | ५ | १२ | ७८०००.०० | ६६३००.०० |
| पूर्वाधार विकास समिति | ५ | १२ | ६००००.०० | ५१०००.०० |
| वातावरण तथा विपत व्यवस्थापन | ५ | ९ | ४८०००.०० | ४०८००.०० |
| आर्थिक विकास समिति | ५ | ८ | ५१०००.०० | ४३३५०.०० |
| सामाजिक विकास समति | ५ | ८ | ४३५००.०० | ३६९७५.०० |
| बजेट तथा कार्यक्रम तर्जुमा | १ | ७ | १०५००.०० | ८९२५.०० |
| १ नं. वडाको वडा वैठक | २७ | - | २४५५६५.०० | २०८७००.०० |
| | | | १,१०९,५६५.०० | ९४३,१००.०० |

३१. **अनुमोदन नभएको खर्च** : आर्थिक कार्यबिधि नियमाबली, २०६४ अनुसार चालू वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्न नहुने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) अनुसार सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर गई वजेट खर्च गर्न नपाउने व्यवस्था हुदाहुदै नगरपालिकाले भौ.नं २५३ मिति २०७६/०१/०३ बाट रु.१६,१४,५५७/- को भुक्तानी गतवर्षको कार्यक्रममा वजेट अभाव भएको जनाई इन्धन, मेशिनरी सामान, खानेपानीका सामान लगायतका खर्चहरु भुक्तानी गर्न नसकेकोले चालु वर्षको वजेटबाट भुक्तानी गर्नका लागि टीप्पणी उठाई

<table>
<tr><td></td><td>प्रमुख प्रशासकीय अधिकृतले बोर्डबाट अनुमोदन गराउने गरी मिति २०७६/०१/०३ मा खर्च स्वीकृत गरेता पनि बोर्डबाट अनुमोदन नगरी सिधै यसवर्षको कुल खर्चलाई सभाले अनुमोदन गराएकोमा सो खर्च बोर्डमा छलफल हुन सकेको देखिएन । गतवर्ष लगायत यसवर्षको कार्यक्रममा समेत उक्त खर्च समावेश नभएको अवस्थामा सभाबाट एकमुष्ट खर्च पारित गराएको नियम सम्मत देखिएन । गतवर्ष सो कार्यक्रमका लागि वजेट व्यवस्था गरे नगरेको, उक्त खर्च वास्तविक भएनभएको, खरिद भएको सामानहरुको उचित उपयोग गरेनगरेको सम्बन्धमा आवश्यक प्रमाण पेश गरी बोर्डबाट अनुमादन भएको प्रमाण पेश गर्नुपर्ने रु...</td><td>१६,१४,५५७.००</td></tr>
<tr><td>३२.</td><td>ईन्धन खर्च : आर्थिक कार्यबिधि नियमाबली, २०६४ नियम ३६ अनुसार बिलभरपाई पुष्टि गर्ने कागज संलग्न गर्नुपर्नेमा ईन्धन खर्च लेख्दा लगबुक लगायत आवश्यक विवरण राख्ने गरेको छैन । नगरपालिकाले यसबर्ष ईन्धन बापत चालु खर्चमा पदाधिकारी सुविधामा रु.११,६५,१२६।- र कार्यालय प्रायोजनमा रु.३४,७७,९१२/- गरी कुल रु.४६,४३,०३८/- खर्च गरेको छ । सोही अनुपातमा पूँजीगत तर्फको कन्टीन्जेन्सी समेतबाट इन्धन खर्च लेखिदै आएको छ । कार्यालयमा प्रयोग हुने सवारी साधन बाहेक फोहोर संकलनका लागि प्रयोग हुने ट्रक, ट्रयाक्टर लगायत दमकल, एम्बुलेन्समा समेत प्रयोग हुने इन्धन खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगवुक तयार नगरी केबल ईन्धन खरिदको बिलमात्र सँलग्न गरी एकमुष्ट रुपमा ईन्धन खर्च लेख्ने गरेको पाईयो । लेखापरीक्षणका लागि पेश भएको स्रेस्तासाथ लगबुक संलग्न गरेको देखिएन । सवारी साधन वाईज लगबुक नराख्दा इन्धन खर्चमा नियन्त्रण नहुने हुँदा लगबुक राखि ईन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>तलव मिलान : नेपाल सरकारको निर्णय अनुसार नगरपालिकामा समायोजन भई आएका कृषि र पशु सेवाका प्राविधिकहरुको श्रावण देखि असोज सम्मको तलव र दशै खर्च वापत पशु सेवा कर्मचारीहरुको रु.५,४८,८०६/८० र कृषि तर्फका प्रविधिकहरुको रु.२,५४,२९७/- सम्बन्धित शिर्षकको शसर्त अनुदानमा प्राप्त हुनुपर्ने तलव समयमा निकासा भई नआएकोले पछि सोधभर्ना हुनगरी खर्च लेखेकोमा उक्त रकम शसर्त वजेटबाट फिर्ता समायोजन गरी हिसाव मिलान नभएको रु.....</td><td>८,०३,१०३/८०</td></tr>
<tr><td>३४.</td><td>स्वकीय सचिवको तलव : प्रदेश नं.२ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धि ऐन, २०७५ ले तोकेको सुबिधा बाहेक नगर प्रमुख र उपप्रमुखले स्वकीय सचिव राखि निम्नअनुसार भुक्तानी गरेको देखिएकोले कानूनले तोकेभन्दा बढी सुबिधा लिन मिल्ने नदेखिएकोले उक्त खर्च असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु...
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>खर्च विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>कञ्चनारायण यादव (शम्भु प्रसाद यादव)</td><td>श्रावण, भदौ, असोज, चाडवाड खर्च र महंगी भत्ता समेत</td><td>१०७२००.००</td></tr>
<tr><td>२</td><td>रिना झा (साधना झा)</td><td>श्रावण, भदौ, असोज, चाडवाड खर्च र महंगी भत्ता समेत</td><td>१०७२००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>२१४,४००.००</td></tr>
</table></td><td>२,१४,४००/-</td></tr>
<tr><td>३५.</td><td>बढी भुक्तानी :दीप ट्रेडर्स एण्ड सप्लायर्सबाट कार्यालय सामान खरिद गर्दा जोडजम्मा फरक गरी बढी भुक्तानी लिएको मूल्य अभिबृद्धि कर समेत असुल गर्नुपर्ने रु....</td><td>१,१३०.००</td></tr>
<tr><td>३६.</td><td>भोज खर्च : आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ बमोजिम स्वीकृत बजेट अनुसार खर्च गर्नुपर्नेमा वजेटमा उल्लेख नगरी विविध खर्चबाट कर्मचारीहरुको सामुहिक भोजखर्च भनी खसि, माछा, च्यूरा लगायत खरिद गरेको भरपाई संलग्न गरी रु.५५ हजार खर्च गरेकोमा कुन सन्दर्भ र विषयमा भोज गरेको नखुलेकोले नगरपालिकाबाट भुक्तानी गर्नमिल्ने अवस्था नदेखिएको रु....</td><td>५५,०००.००</td></tr>
<tr><td>३७.</td><td>सफ्टवेयर खरिद:पूर्वाञ्चल डिजिटल मिडिया टेक्नोलोजी प्रा.लि.बाट रु.१ लाख ५० हजारमा जिन्सी सफ्टवेयर र रु.२ लाख ५० हजारमा योजना सम्बन्धि सफ्टवेयर खरिद गरी मूल्यअभिबृद्धि कर समेत रु.४ लाख ५२ हजार भुक्तानी भएकोमा योजनाका लागि खरिद सफ्टवेयर प्राविधिकबाट प्रयोगमा ल्याएको देखिएन भने जिन्सी सफ्टवेयर पनि पूर्ण प्रयोग भएको</td><td>४,५२,०००.००</td></tr>
</table>

देखिएन । वार्षिक १० प्रतिशत शुल्क थप गरी मरमत संभार गरिने संझौता सहित खरिद भएको उक्त सफ्टवेयर प्रयोग नभएबाट रु.४,५२,०००।०० लगानी प्रतिफल विहीन हुन गएको सम्बन्धमा सफ्टवेयर खरिदकर्तालाई जिम्मेवारी बनाउनुपर्ने देखिएको रु.......

३८. **विविध खर्च** : आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ बमोजिम स्वीकृत बजेट खर्च लेख्दा बिल भरपाई र पुष्ट्याई सहितको लेखा राख्नुपर्दछ । नगरपालिकाले विविध शिर्षकमा गरेको खर्चको बिल भरपाईको निम्न अनुसार रु.२ लाख माथिका अतिथी सत्कार खर्चको नमुना परीक्षण गर्दा खाना खाजा वापत एकमुष्ट बिल संलग्न गरेकोमा कुन कार्य र प्रयोजनका लागि कहिले कसलाई खुवाइएको हो एकिन गर्न सकिने अवस्था छैन । सानातिना खाजा नास्ताको अन्य बिलभरपाई समेत प्रयोजन वेगर खर्च गरेको देखिएकोले खर्चमा मितव्ययी, पारदर्शी र प्रभावकारी भएको छ भन्न सक्ने अवस्था नरहेबाट यसप्रकारको खर्च पुष्टी हुने प्रमाण संलग्न गरेरमात्र खर्च गर्नुपर्दछ ।

| भौ.नं. | मिति | रकम रु. | भौ.नं. | मिति | रकम रु. |
|---|---|---|---|---|---|
| ३८ | २०७५/१०/४ | ३२६९७०.०० | १९३ | २०७५/१२/१० | २७७९९०.०० |
| ७८ | २०७५/१०/२० | २९९६७०.०० | २०६ | २०७५/१२/१४ | ११९२९६.०० |
| ८१ | २०७५/१०/२१ | ३४९५००.०० | २१३ | २०७५/१२/१७ | २८१७५०.०० |
| १५३ | २९८५/११/२६ | ९१४२५.०० | २५० | २०७६/३/३० | ५०६५००.०० |

३९. **भ्रमण अभिलेख एवं प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता, भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । नगरपालिका कार्यालयले यसवर्ष कर्मचारी भ्रमण खर्चमा मात्र रु.१०,९७,१४५/- तथा पदाधिकारीहरु तथा अन्य भ्रमण खर्च वापत रु.२,६१,८६०/- गरी कुल रु.१३,५९,००५/- खर्च गरेकोमा नियमको उक्त व्यवस्था बमोजिम भ्रमण अभिलेख राखेको छैन । काठमाण्डौ, जनककपुर लगायत स्थानमा नगर प्रमुख देखि कार्यालय सहयोगी समेतले भ्रमण गरेकोमा भ्रमणको प्रयोजन खुलाइएको छैन । प्रमुख, प्रमुख प्रशासकीय अधिकृत एवं लेखाप्रमुखले समेत भ्रमण आदेशमा "कार्यालयको काम" मात्र जनाई भ्रमण आदेश स्वीकृत गराई स्पष्ट कार्य प्रयोजन खुलाउने गरेको छैन । यसबाट भ्रमण कारण समेत एकिन नगरी अनाबश्यक खर्च गरेको छैन भन्न सकिने अवस्था रहेकोले भ्रमण स्वीकृत गर्ने पदाधिकारीलाई समेत जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

४०. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को निम ३६ अनुसार खर्चको बिलभरपाई समेतको लेखा राख्नुपर्नेमा नायव सुव्वा कल्पना देवलाई भौचर नं.५८ बाट रु.१,८४,१००/- भुक्तानी गरेकोमा विल भरपाई संलग्न गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु.... १,८४,१००.००

**एकल खाता कोषतर्फ**

४१. **नर्सिङ्ग भवन** : सांसद विकास कोषबाट गजेन्द्र नारायण सिंह नर्सिङ्ग अस्पताल निर्माण गर्न रु.९,९९,८७,८५७/- को लागत अनुमान तयार गरी २०७५/१०/१८ मा स्वीकृत लागत अनुमान अनुसार ठेक्का नं.०१०/०७५/७६ बाट २०७५/१०/२९ मा प्रकाशित सूचना अनुसार ई-बिडिङ्गबाट प्राप्त ५ थान बोलपत्र मध्ये लागत अनुमान भन्दा २७.७१ प्रतिशत घटी कबोल गर्ने निर्माण व्यवसायी कन्टेक-चक्रेश्वरी-जेई जे.भी.संग मूल्यअभिबृद्धि कर समेत रु.६,८३,०८,३५९/- मा २०७७/०१/१० सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७६/०१/१० मा संझौता भई यसवर्ष रु.३,९१,५७,०२५/- भुक्तानी गरेको पाइयो । यस समबन्धमा देखिएको थप व्यहोरा निम्न अनुसार रहका छन् :

| | | |
|---|---|---|
| ४१.१. | **बढी नाँपको भुक्तानी** : सम्पन्न निर्माण कार्यका प्राविधिकबाट नापजाँच गराई सम्पन्न निर्माण परिमाण अनुसार भुक्तानी गर्नुपर्नेमा प्रथम रनिङ्गबिलको आइटम नं.२ मा ३५०.३१ नाप भएकोमा विलमा ११६७.७१ उल्लेख गरी प्रति घनमिटर रु.९९/- का दरले ८१७.४ को रु.८०,९२२/६० बढी भुक्तानी गरेको देखिएकोले सो थप भएको मूल्य अभिबृद्धि कर समेत असुल गर्नुपर्ने रु..... | ९१,४४३.०० |
| ४१.२. | **दोहोरो कर** : निर्माण व्यवसायीबाट पीयस आइटममा भुक्तानी गर्नेगरी संझौता भएको बिमा रकममा मूल्य अभिबृद्धि कर समेत पेश भएकोमा प्रस्तुत रनिङ्गबिलमा संलग्न गरी पुनः थप कर भुक्तानी गरेको पाइएकोले बिमा रकम रु.५६,४०८/- मा १३ प्रतिशतले दोहोरो कर भुक्तानी भएकोले असुल गर्नुपर्ने देखिएको रु.... | ७,३३३.०० |
| ४१.३. | **गुणस्तर प्रमाण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । सोहि अनुरुप तयार गरेको लागत अनुमानमा व्यवस्था भएअनुसार आइरन ट्रस तथा सिमेन्ट पार्केटिङ्गबाट निर्माण गरिने उक्त  भवनमा प्रयोग भएको निर्माण समाग्रीको गुणस्तर परीक्षण प्रमाण लेखाास्रेस्तासंग संलग्न नगरी भुक्तानी गरेको देखिंदा निर्माण कार्य गुणस्तरीय छ भन्न सक्ने आधार देखिएन । निर्माण व्यवसायीबाट प्रयोग भएको निर्माण सामानको लट सहितको गुणस्तर प्रमाण पेश गरेरमात्र भुक्तानी दिने गर्नुपर्दछ । | |
| ४१.४. | **कन्टेन्जेन्सी खर्च** : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ मा व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट उक्त भवन निर्माणको लागि तयार भएको लागत अनुमानमा ३ प्रतिशत कन्टिन्जेन्सी व्यवस्था गरी ड्रइङ्गडिजाइन तथा बीओक्यू क्वान्टीटी निर्धारणका लागि परामर्शदाता नियुक्ति गरी रु.७,४५,८००/- खर्च गरेको छ । मूल्याङ्कन समिति लगायत खर्च चालु शीर्षकबाट गरेकोमा रु.१० लाख १७ हजार थप खर्च गरेकोमा आन्तरिक लेखापरीक्षणमा समेत सो स्रेस्ता पेश नभई हाल परीक्षणबाट देखिएका व्यहोरो निम्न छन् : | |
| ४१.४.१. | **सुपरभाइजर खर्च** : निर्माण व्यवसायीबाट सम्पन्न निर्माण कार्यका आधारमा भुक्तानी गर्नेगरी संझौता भएकोमा नगरपालिकाका प्राविधिकबाट संझौता भएको मितिदेखि डोर हाजिरबाट २ जना सुपरभाइजरलाई खटाइएको जनाई २ महिना १० दिनको खर्च रु.१,२४,६१०/-भुक्तानी गरेको छ । जटील प्रकृतिको निर्माण कार्य भएको जनाई नगरपालिकाबाट परामर्शदाता नियुक्ती गरी बोलपत्र स्वीकृत भएकोमा कार्यालयबाट करिव १.५ किलोमिटरमा रहको साइटमा खटाईएको उक्त जनशक्ति अप्राविधिक रहेको पाइयो । जटील प्रकृतिको निर्माण कार्यमा अप्राविधिक जनशक्ति खटाई, कामको कुनै जिम्मेवारी उल्लेख नगरी लेखेको सो खर्च औचित्यपूर्ण र स्वभाविक नदेखिएकोले वास्तविकता एकिन गर्नुपर्ने देखिएको रु.. | १,२४,६१०.०० |
| ४१.४.२. | **खाना खाजा खर्च** : विभिन्न मितिका टुक्रेविलबाट ४८ जना देखि ११४ जना सम्मले विभिन्न मितिमा खाना तथा खाजा खाएको जनाई खाना तथा खाजाको बिल संलग्न गरी रु.४,०५,९०७/- खर्च लेखेकोमा उक्त खर्चको मिति प्रयोजन र खाना खाजा सहितको कुनै पनि कार्यक्रम समेत नखुलेकोले उक्त खर्च स्वभाविक नदेखिएको रु..... | ४,०५,९०७.०० |
| ४१.४.३. | **स्टेशनरी तथा रेनकोट खरिद खर्च** : निर्माण कार्यसंग सम्बन्धित सम्पूर्ण कार्य परामर्शदाता मार्फत गराएकोमा स्टेशनरी तथा मशलन्द सामान खरिदमा रु.१,३३,१८५/- र रेनकोट ६ थान खरिदमा | |

| | | |
|---|---|---|
| | रु.१७,१००/- फुटकर बिलबाट पटक पटक गरी खरिद गरेकोमा सो को प्रयोजन सहितको मागफारम, दाखिला प्रतिवेदन संलग्न नभएकोले उक्त सामान खरिद गरेको भनि आस्वस्त हुने आधार नभएकोले खर्च गर्न मिल्ने नदेखिएको रु..... | १,५०,२८५.०० |
| ४१.४.४. | **इन्धन तथा गाडी सुबिधा** : नगरपालिकाबाट सवारी सुबिधा लिइरहेको प्राविधिकबाट प्रतिदिन रु.४ हजार दिनेगरी १८ दिन गाडीभाडामा लिएको संझौता संलग्न गरी रु.७२ हजार बुझिलिएको भरपाईमा सहिगराई खर्च गरेको तथा  इन्धन खरिद बापत रु.२,०५,०३२/- भुक्तानीको बिल संलग्न गरी रु.१,७७,०३२/- खर्च गरेकोमा गाडी भाडामा लिनुको औचित्य पुस्टि नहुनुको साथै इन्धनको प्रयोजन र लगबुक समेत संलग्न नभएको रु..... | १,७७,०३२.०० |
| ४२. | आन्तरिक श्रोत पूँजीगततर्फ<br>**आवास भवन कार्यसम्पन्न प्रतिवेदन** :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सम्पन्न निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार भएपछि सार्वजनिक निकायले उपनियम (२क) बमोजिम लगत तयार गर्नपर्ने व्यवस्था छ । नगरपालिकाले यसवर्ष प्रमुख प्रशासकीय निबास भवनको लागि आन्तरिक स्रोत परिचालन गरी निम्न अनुसार निर्माण कार्यमा खर्च गरी ४ कोठे आवास भवन प्रयोगमा ल्याएको छ । उक्त भवनको भुईतल्ला विगत वर्षमा नै तयार भएकोमा हाल पहिलो तला थप गरी निर्माण सम्पन्न गराएकोमा समय अभावका कारण कोटेशन मार्फत छुट्टाछुटै निर्माण व्यवसायी परिचालन गरी दरभाउपत्र मार्फत निर्माण कार्य सम्पन्न गरेको छ । प्राविधिकबाट उक्त निर्माण कार्यको फरक फरक कार्य सम्पन्न प्रतिवेदन बनाई भुक्तानी गरेको छ । पुरानो ड्इङ्ग डिजाइन उपलब्ध नभएको कारण जनाई हाल भएको कामको मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइयो । भवन निर्माणमा भएको कुल लागत देखिने गरी कुल कार्य सम्पन्न प्रतिवेदन तयार नगर्दा भवनको वास्तविक लागत देखिने अवस्था छैन । यसवर्ष गरेको खर्चको समेत निर्माण कार्यमा भएको सम्पूर्ण लागत एकिन गरी वास्तविक खर्च अनुसार एकल कार्यसम्पन्न तयार गर्नुपर्दछ । | |

| सि.नं. | निर्माण व्यवसायीको नाम | निर्माण कार्य | खर्च रकम रु.. |
|---|---|---|---|
| १ | अनिमेष निर्माण सेवा | भवन फिनिसिङ्ग कार्य | ४८०८८४.०० |
| २ | राइन निर्माण सेवा | भवनको रंग रोगन गर्ने कार्य | ४४७५९४.०० |
| ३ | आलम कन्स्ट्रक्सन | रेलिङ्गको काम | ४६७०८४.६८ |
| | | | **१,३९५,५६२.६८** |

| | | |
|---|---|---|
| ४३. | **मोटरसाइकल नामसारी नभएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च पुष्टि हुने बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले यस वर्ष खरिद गरेको निम्न अनुसारको मोटर साइकल कार्यालयको नाममा नामसारी भई नआएकोले कार्यालयको नाममा नामसारी भएको भएको प्रमाण पेश हुनुनर्पे रु..... | ५,०४,४०४.०० |

| भौ.नं. मिति | आपूर्तिकर्ताको नाम | मोडल | रकम रु. |
|---|---|---|---|
| २९/०७६/२/१६ | अटो मोवाइल प्रा.लि | पल्सर १५० टि डि | २६२९००.०० |
| २९/०७६/२/१६ | माँ दन्तकाली इन्टरप्राइजेज | यमाहा १६० सि.सि. | २४१५०४.०० |
| | | | **५०४,४०४.** |

| | | | |
|---|---|---|---|
| | | | ०० |

**युनिसेफ कार्यक्रमतर्फ**

४४. **कार्यक्रम संचालन** : नगरपालिका अन्तर्गत संचालन गरिने स्वास्थ्य, शिक्षा, सरसफाई, बाल संरक्षणर लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम संचालन र सो अनुगमन गर्ने प्रयोजन समेतका लागि यसवर्ष नगरपालिकाले रु.६७ लाख ८७ हजार वजेट तयारीमा पेश गरेकोमा रु.५४,०६,७९०/- खर्च गरेको छ । सो मध्ये बाल सरक्षण तथा बालश्रम सम्बन्धी विभिन्न कार्यक्रमहरु आर्थिक वर्षको अन्तिम चौमासिकमा एकै  पटक रु.२२ लाख २३ हजार निम्न कार्यक्रको एकै पटक भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् :

| सि.नं. | कार्यक्रमको नाम | रकम | सि.नं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | इन्धन खरिद | १७९७६.०० | २ | फोटोकपी खर्च | ५०००.०० |
| ३ | सडक नाटक | १५०४८०.०० | ४ | अनुगमन खर्च | ५०००.०० |
| ५ | वस्तुगत टेवा सामान खरिद | ४२२०००.०० | ६ | वार्षिक समिक्षा | ५३२५०.०० |
| ७ | सूचना प्रकाशन | ४६५००.०० | ८ | विद्यालयस्तरीय अभिमुखीकरण | १०८०००.०० |
| ९ | बालसंरक्षण सम्बन्धी एकदिने अन्तरक्रिया | ११३५००.०० | १० | पदाधिकारीहरुसँग २ दिने अन्तरक्रिया | १२७४५०.०० |
| ११ | होर्डिङ्गबोर्ड खर्च | २९००००.०० | १२ | बालक्लव प्रतिनिधि सहित किशोरी शिक्षा | १८४५००.०० |
| १३ | प्र.अ. तथा वि.व्य.स. लाई तालिम | ४७२५०.०० | १४ | बालश्रम सम्बन्धी सरोकारवालासँग दुइदिने अन्तरक्रिया | ७११००.०० |
| १५ | लैङ्गिक हिंसा सम्बन्धी एकदिने अन्तरकिाय | २९७५०.०० | १६ | वडास्तरीय बाल समिति गठन | १६२०००.०० |
| १७ | भत्ता तथा अन्य खर्च | ९१०००.०० | | | |

४४.१. **कार्य प्रगति(Face form)** : युनिसेफद्धारा संचालित कार्यक्रम संचालनका लागि तोकिएको कर्मचारी सहित फोकल पर्सन तोकि मासिक, एवं वार्षिक प्रतिवेदन तयार गर्ने, स्वकिृत कार्यक्रम संचालन गरी प्राप्त निकासा खर्चको प्रगति देखिनेगरी Face form तयार गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाद्धारा यसवर्ष संचालित कार्यक्रमको कृयाकलापवाइज प्रगति विवरण सहितको Face form लेखापरीक्षणमा पेश हुन आएन । स्वीकृत कार्यक्रम अनुसार खर्च गरी प्रगति प्रतिवेदन तयार नगर्दा स्वीकृत कार्यक्रम र प्रगति बिश्लेषण गर्ने आधार भएन । बालबालिका सम्बन्धिमात्र नभई संचालित सबै कार्यक्रम समेट्ने गरी Face form तयार गर्ने जिम्मेवार कर्मचारीलाई कार्यक्रमबाट फोकल पर्शन भत्ता समेत व्यवस्था भएको अवस्थामा तोकिएको स्वीकृत वजेटको परिधिभित्र रहि कार्य सम्पादन भएको प्रगति प्रतिवेदन तयार हुनुपर्दछ ।

४४.२. **नर्म्समा भिन्नता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट गरिने तालिम, सेमिनार, गोष्ठी आदि कार्यक्रम संचालन गर्नुपर्दा सो कार्यको कार्यक्रम तथा अर्थ मन्त्रालयको नर्म्सलाई आधारलिई लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने  व्यवस्था छ । युनिसेफतर्फको लैङ्गिक समानता, बाल विकास, खानेपानी तथा सरसफाई, स्वास्थ्य सम्वन्धी विभिन्न जनचेतना मूलक कार्यक्रम लगायत प्रष्ट नतिजा नदेखिने कार्यक्रम संचालन गर्नका लागि जिल्लाबाट स्वीकृत कार्यक्रम तयार गर्दा नेपाल सरकारको नर्म्सभन्दा बढी दर कायमगरी विभिन्न कृयाकलापहरु बनाई कार्यक्रम स्वीकृत गर्ने गरेको पाइयो । सहभागी भत्ता, यातायात खर्च, खाजा, प्रतिवेदन लेखन जस्ता कार्यमा समेत बढीदर कायम गरी कृयाकलाप स्वीकृत गर्ने र सोही अनुसार खर्च गरेको बिल एवं भरपाई तयार गरी संचालित कार्यक्रमको वजेट अनुसार कार्य प्रगति तयार गर्ने गरेको छ । नगरपालिकाबाट

| | | |
|---|---|---|
| | संचालित अन्य कार्यक्रम भन्दा बढीदर कायमगरी स्वीकृत भएको कृयाकलापमा गरिएको खर्च अर्थ मन्त्रालयको प्रचलित नर्म्सलाई चुनौति हुनेगरी स्वीकृत गरिएकोले कार्यक्रममा अनावश्यक लागत बढ्न गएको देखिएकोले नर्म्समा एकरुपता कायम गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ४४.३. | **कार्यक्रम संशोधन** :स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन गर्नुपर्नेमा कम्पोनेन्ट नं.४.१ को बाल संरक्षण सम्बन्धि कार्यक्रमा रु.१० लाख ३५ हजार र कम्पोनेन्ट नं. ४.२ मा बाल श्रम सम्बन्धि कार्यक्रमका लागि रु.११ लाख ८९ हजार खर्च गर्दा स्वीकृत कार्यक्रमलाई निम्न अनुसार संशोधन गरीसंचालन गरेको पाइयो ।<br>क) बालल्कव तथा किशारीहरुलाई बाल संरक्षण एवं बाल अधिकार सम्बन्धि २ दिने प्रशिक्षण दिने कार्यक्रम रु.८४,५००/- वजेट रहकोमा थप प्रभावकारी बनाउन ३ दिने तालिम संचालन गर्नुपर्ने देखिएकोले कर्मचारी भर्ना नगरिएकोले फोकलपर्शन कर्मचारी तलवबाट सोमा विनियोजन गरेको रु.१ लाख वजेट थप गरेको छ । प्रशिक्षण कार्यक्रम संचालन नहुदै प्रभावकारीता मापन गरेको आधार स्पष्ट छैन । शुरुमा कार्यक्रम तयार गर्दा नै आवश्यकता र छनौटको आधार एकिन नगरेको कारण १ कार्य दिन थप गरेकोमा रु.१ लाख थप व्ययभार पर्न गएको छ ।<br>ख) दक्ष कर्मचारी भर्ना नगरिएको कारण देखाई बालबालिकाको उद्धार तथा अल्पकालिन सहयोग रु.६२,४००/-, पारिवारिक पुनर्मिलन रु.१५,०००/- निम्नस्तरका बालबालिकालाई शैक्षिक सहयोग रु.९८,०००/- लगायत कार्यक्रम तत्काल आवश्यक नदेखिएको कारण जनाई सो रकम वितरणमूखि कार्यक्रममा खर्च गरेको छ । साथै राहत कोषमा स्थापनाका लागि रु.१,२०,०००/- को कार्यक्रम तय भएकोमा कोषको कार्यविधि निर्माणमा कठिनाई रहको कारण जनाई सो रकम समेत वितरणमूखि कार्यमा खर्च गरेको छ । उक्त कार्यक्रम संचालनका लागि कुनै दक्षविज्ञ कर्मचारी समेत आवश्यक पर्ने देखिदैन । यसबाट कार्यक्रम तयार गर्दा स्रोत साधनको अधिकतम उपयोग गर्नेगरी आवश्यकता र प्राथमिकता विश्लेषणका आधारमा तयार गरेको भन्ने आधार देखिएन ।<br>ग) मनोसामाजिक मनोविमर्श(रु.१० हजार), डे सेलिब्रेशन(रु.३० हजार) जस्ता साना वजेटका कार्याक्रमहरु बाल अधिकार स्वास्थ्य शिक्षा लगायतका कार्यक्रम दोहोरो परेको जनाई सो रकम समेतलाई आयाआर्जन मूलक सहयोग कार्यक्रममा खर्च गरेको छ । आफैले तयार कार्यक्रम स्वीकृत गर्दा कार्यक्रम दोहोरिने संभावना विचार नगरी कार्यक्रम संचालन गर्ने समयमा आफु अनुकुल परिवर्तन गरी खर्च लेखेको नियमित नदेखिएको रु.............<br>घ) विद्यालयस्तरिय बालशिक्षा अभिमूखि कार्यक्रम ८ स्थानमा संचालन गरी प्रति कार्यक्रम ४ सेसन संचालन गर्ने कार्यक्रम रहेकोमा २ सेशनका दरले १५ स्थानमा संचालन गरी तोकिएको रकमबाट कार्यक्रमको मोडेल परिवर्तन गरी कार्यक्रम संचालन गरेको छ ।<br>स्वीकृत कार्यक्रम संशोधन गरी सञ्चालन गरेकोमा जिल्लामा समिक्षा गर्ने बाहेक सम्बन्धित केन्द्रिय निकायलाई जानकारी दिएको छैन । केन्द्रबाट प्राप्त एकिकृत कार्यक्रमलाई सम्बन्धित जिल्लाको फोकल पर्शनको संलग्नतामा निर्माण भएको कार्यक्रम पुन संशोधन गर्ने र संशोधित कार्यक्रमलाई जिल्लास्तरमा नै समिक्षागरी पूर्णता दिने गरेको पाइयो । यसरी कार्य संचालन स्तरमा कार्यक्रम संशोधन गरी कार्य सम्पन्न गर्दा नेपाल सरकार र युनिसेफबीचको भएको MOU तथा TOR समेतको पालना हुने स्थिति देखिदैन । साथै केन्द्रले भने तोकीएको कार्यक्रम अनुसार कार्य प्रगति प्रतिवेदन तयार गर्दा केन्द्रिय प्रतिवेदनले समेत यथार्थ प्रगति प्रस्तुत गर्न सकने अवस्था नदेखिएकोले संशोधित कार्यक्रमहरुको उपयुक्त प्रक्रिया अपनाई कार्य संचालन गर्नपर्दछ । | ४००००.०० |
| ४४.४. | **बिल भरपाई :** संचालित कार्यक्रम अनुसार भएको खर्च तेरिज बनाई जोडजम्मा एकिन गरी स्रेस्ता खडा गर्नुपर्नेमा पुरा रकम खर्चको एउटै फायलबाट एकैपटक खर्च गरेकोमा कार्यक्रम अनुसार | |

| | | |
|---|---|---|
| | तेरिज बनाई जोडजम्मा भिडान नगरेको कारण वजेट तथा कार्यक्रम भन्दा बढी बिल भरपाई पेश गरेको छ । कार्यक्रम अनुसार रु.२२,२३,८५०/- खर्च गर्नुपर्नेमा पेश भएका सबै बिल जोडजम्मा गर्दा रु.२२,९४,७५६/- खर्च गरेको बिल भरपाई पेश भएको देखिन्छ । सहजकर्ता एवं अनुगमन कर्ताले यातायात, अनुगमन, सहजकर्ता लगायतले भत्ता बुझेकोमा कार्यक्रम तथा मिति खुलाउने गरेको छैन । साबुन, तेल, चाउचाउ लगायत वितरित सामानहरु कार्टुनको दरमा खरिद गरी गोटामा वितरण गरेकोमा प्रति कार्टुनमा हुने संख्या खुलाएको छैन । मशलन्द, फोटोकपी, तालिम सामाग्री, प्रचार प्रसार सामाग्री लगायत खरिदको परिमाण नतोकी एकमुष्ट रकम उल्लेख भएको बिल संलग्न गरी कार्यक्रम अनुसार रु.४ हजार देखि २८ हजार बिल संलग्न गरी रु.९८,५००/- खर्च गरेको छ । कुन कुन सामाग्री कतिदरमा खरिद गरेको स्पष्ट हुने अवस्था छैन । विभिन्न स्थानमा एकै प्रकारको कार्यक्रम संचालन गरेकोमा स्थान अनुसार व्यानर खर्च लेखेको छ । यसबाट वास्तविक खर्च अनुसार बिल भरपाई तयार गरेको छ भन्ने सकिने आधार नदेखिएकोले कार्यक्रम संचालन गरेको अवस्थामा नै संख्या, रकम र आवश्यकता अनुसार खरिद कार्य भएको देखिने गरी बिलभरपाई संलग्न गर्नेतर्फ सुधार गर्नपर्ने देखियो । | |
| ४४.५. | **चामल खरिद** : स्वीकृत कार्यक्रम अनुसार राहत तथा पुनर्स्थापनाको लागि असहाय बालबालिकालाई सहयोग गर्नका लागि समाग्री अनुदान दिनका लागि रु.१,४०,०००।०० को २१५० के.जी. चामल खरिद गरेकोमा ५० जनालाई २५ किलोको दरले र वर्षापीडित १० जनालाई ५० के.जी. का दरले कूल १७५० के.जी. चामल वितरण गरेको भरपाई सम्लग्न गरेको पाइयो । खरिद भएको २१५० के.जी. मध्ये वितरण भएको नदेखिएको ४०० के.जी. चामलको खरिददर रु.६५।१२ का दरले हुन आउने रु.२६,०४८।०० को भरपाई नभएको रु.... | २६,०४८.०० |
| ४४.६. | **सहजकर्ता खर्च** : प्रभावकारी सिकाईका लागि सम्बन्धित विज्ञबाट प्रशिक्षण गरिनु पर्नेमा बालबालिकाहरुलाई विद्यालय स्तरिय तालिम, बालबालिकाका प्रतिनिधिलाई प्रतिनिधिलाई दिइने तालिम, जनप्रतिनिधिहरुलाई दिइने तालिम, बाल संरक्षण तथा लैङ्गिक हिंसा सम्बन्धि तालिम, विद्यालयका प्र.अ. तथा व्यस्थापन समितिलाई दिइने तालिम जस्ता बाल बालिकाको संरक्षण र बाल श्रम सम्बन्धी ९ वटा तालिम संचालनमा संलग्न प्रशिक्षकहरुको सहजकर्ता भत्तामा रु.२ लाख २० हजार खर्च गरेको छ । उक्त तालिमका लागि केही तालिममा १ जना बाह्य सहजकर्ता बाहेक अन्य तालिममा नगरपालिकाको सम्बन्धित शाखा प्रमुख र कर्मचारी २ जनाले सहजीकरण गरेको आधारमा खर्च लेखेको पाइयो । संलग्न सहजकर्ताहरुले तालिममा सिकाएको पाठ्यक्रम, विषवस्तु, तालिम तालिका, कक्षा समय, प्रशिक्षण विधि, पुनरावलोकन, कार्यपत्र लगायतका प्रशिक्षण सम्बन्धी कुनै पनि कागजात स्रेस्तामा संलग्न गरेको छैन । सहजकर्ता सो सम्बन्धित विज्ञता हासिल गरेनगरेको प्रमाण समेत संलग्न गरेको छैन । यसबाट तालिम कार्यक्रमको प्रभावकारीतामा समेत आस्वस्त हुने अवस्था देखिएन । सामान्य प्रकृतिका कार्यक्रम जनशत्ति अभाव जनाई संशाोधन गरेको अवस्थामा तालिममा संलग्न सहजकर्ताले कार्यपत्र एवं सिकाईका विषयवस्तु संलग्न नगर्दा सम्बन्धित विषय र प्रसंगमा सहजिकरण गरेको समेत पुष्टी हुने अवस्था नदेखिएकोले सहजकर्तामा गरेको लगानिबाट लक्षित प्रतिफल प्राप्त हुने अवस्था देखिदैन । प्रगति मापन गर्न सकिने स्पष्ट सूचकका आधारमा तालिम संचालन गर्नेगरी विज्ञ सहजकर्तालाई उपयोग गर्नुपर्दछ । | |
| ४४.७. | **सडक नाटक** : आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ अनुसार खर्च पुष्टि हुने प्रमाण सहित लेखास्रेस्ता राख्नुपर्नेमा १६ वडामा नाटक संचालन गरेको जनाई ९ जना कलाकारको रु.१,०४५/- का दरले कलाकार संयोजक जिवछ यादवले बुझेको भरपाई संलग्न गरी रु.१,५०,४८०/- खर्च लेखेको छ । बालबिबाह सम्बन्धी देखाइएको भनिएको उक्त नाटक देखाएको स्थान र समय एकिन हुने प्रमाण संलग्न गरेको छैन । उल्लेखित कलाकार समुह कहिंकतै दर्ता पनि नभएको र सो नाटक कसरी, कति समय, कुन स्थानमा गर्ने, नाटक पटकथा लेखन, नाटकले प्रस्तुत गरेको विषय वस्तु र सो समुहसंग संझौता समेत भएको देखिंदैन । प्रस्तुत गरिएको ९ जना कलाकारको पात्र, चरित्र लगायत उल्लेखित अवस्था खुल्ने प्रमाण सहित नाटक प्रदर्शन पुष्टीहुने प्रमाण पेश गर्नुपर्ने देखिएको रु..... | १,५०,४८०.०० |

४४.८. **वस्तुगत टेवा** स्वीकृत कार्यक्रम अनुसार आयआर्जन मूलक सहयोग कार्यक्रमका लागि रु.१ लाख खर्च गर्न सकिनेमा विभिन्न कार्यक्रम संशोधन मार्फत निम्नअनुसार रु. वितरणमूखि कार्यक्रममा खर्च गरेको छ । बालकहरुलाई वस्तुगत टेवाका रुपमा उपलव्ध गराइएको उक्त सामान/रकम बितरणको आधार समेत पारदर्शि एवं स्पष्ट देखिएन । कुन आधारमा उक्त बालकहरुलाई वस्तुगत टेवा उपलब्ध गराइएको हो सो एकिन नभएको सम्बन्धमा युनिसेफका प्रतिनिधिबाटै छनौट गरीएका निम्नस्तरका बालकहरुलाई वितरण गरेको भनाई रहेको पाइयो । विद्यालय पठाउनुपर्ने बालकहरुलाई किराना पसलका सामान, बोका बाखा, फ्रिज लगायत सामान वितरण गर्दा बाल श्रम तथा बाल अधिकार कार्यक्रम स्वयंबाट लक्ष्य अनुरुप कार्य गरेको मान्न सकिएन । प्रिन्स थापा/कान्छा थापाको नाममा उपलव्ध गराएको रु.३० हजारको फ्रिज कमला थापाले बुझेकोमा दुबै बालक एक हो वा दुई बालकको लागि कस्ले बुझको एकिन नभएको, सन्देश तामाङ्गलाई बाखा-१ र बोका-३ राधा थापाको नागरिकता संलग्न गरी निजले बुझेको, २ जनालाई नगदै बुझाएकोमा पारश मण्डलले रु.२० हजार र रमेश कुमार यादवलाई रु.३० हजार उपलव्ध गराएको लगायत व्यहोरा देखिएकोले वितरण प्रणालीमा एकरुपता नदेखिनु साथै सम्बन्धित बालकले प्राप्त गरेको भन्नसक्ने आधार भएन । सम्बन्धित लाभग्राहीले सो वस्तुगत टेवाबाट स्थायित्व दिनका लागि बाखा पालन गर्ने खोर, पसल चलाउने ठाँउ लगायत भौतिक पूर्वाधार रहे नरहेको साथै फ्रिज वितरणको प्रयोजन समेत नखुलेकोले उक्त वितरणमूखि कार्यक्रमको औचित्य समेत देखिएन । यसप्रकारको वितरणमूखि कार्यक्रमको औचित्यपूष्टि हुने र कार्यक्रमबाट लाभग्राहीबाट सुबिधालाई निरन्तरता दिएको प्रमाण पेश गर्नुपर्ने रु..... १,८०,०००.००

| सि.नं. | अनुदान प्राप्त गर्ने बालकको नाम | अनुदान प्रकार | अनुदान रकम | बुझिलिनेको नाम |
|---|---|---|---|---|
| १ | प्रिन्स थापा / कान्छा थापा | फ्रिज हस्तान्तरण | ३००००.०० | कमला थापा |
| २ | जीवन चौरसिया | किराना सामान | २५०००.०० | नखुलेको |
| ३ | दुर्गानन्द खंग | बाखो २, बोका १ | २५०००.०० | बाबु |
| ४ | पारस मण्डल | नगद | २००००.०० | रन्जु मण्डल |
| ५ | सन्देश तामाङ्ग | बाखा १, बोका ३ | २५०००.०० | राधा थापा |
| ६ | धनवीर मेहत्तर | किराना सामान | २५०००.०० | |
| ७ | रमेश कुमार यादव | नगद | ३००००.०० | |
| | | जम्मा | १८०,०००.०० | |

४४.९. **सूचना प्रसारण** :स्वीकृत कार्यक्रम अनुसार बाल अधिकार तथा बाल श्रम सम्बन्धि सूचना प्रकाशनका लागि रु.४६,५००/- निकासा प्राप्त भएकोमा जिवछ यादवले भरपाई गरी बुझिलिएको देखियो । उक्त सूचना प्रशारणको लागि स्थानीय एफएममा १ महिना दिनको ४ पटक प्रशारण भएको आधारमा भुक्तानी गरेको संलग्न कागज प्रमाणबाट देखियो तर सो एफएमको भरपाई संलग्न नर्गुनका साथै सो सूचना कुन आवरमा प्रशारण गरेको खुल्ने एयरटाइम सर्टिफिकेट संलग्न गरेको नदेखिएकोले उक्त सूचना प्रशारणको जिङ्गल समेतको एयरटाइम आवर सर्टिफिकेट प्रमाण पेश गर्नुपर्ने देखिएको रु.... ४६,५००.००

४४.१० **कर्मचारी यातायात खर्च** :बाल संरक्षण तथा बाल श्रम विषयमा निर्बाचित पदाधिकारीहरुको २ दिने अन्तरक्रिया संचालन गरेकोमा नगरका २४ जना पदाधिकारीहरुलाई मात्र संलग्न गरेको पाइयो । नगरपालिका अन्तर्गत ८२ पदाधिकारी रहेकामा २४ जनालाई मात्र संलग्न गराएको आधार स्पष्ट छैन । संचालित कार्यक्रममा संलग्न सहभागीहरुको दैनिक रु.५००।०० का दरले यातायात खर्च बापत रु.३६ हजार खर्च लेखेकोमा १२ जना नगरपालिकाका कर्मचारीलाई समेत सहभागी यातायात खर्च उपलव्ध गराएको देखियो । कार्यक्रम तयार गर्दा कुन कति पदाधिकारी मध्ये कुन पदाधिकारीलाई सहभागी गराउने एकिन नगरी संचालन गरेको कार्यक्रममा नगरपालिकामा कार्यरत कर्मचारीलाई यातायात भत्ता वितरण गर्न मिल्ने नदेखिएकोले असुल गर्नुपर्ने रु.........

| | | |
|---|---|---|
| | | १२,०००.०० |
| ४४.११ | **दोहोरो यातायात खर्च** :स्वीकृत कार्यक्रम अनुसार नगरस्तरीय बाल संरक्षण समिति गठनका लागि २०७६ बैशाख १८ र १९ गते संचालित कार्यक्रममा सहभागिहरुलाई २ दिनको रु.१०००/- का दरले रु.३० हजार खर्च लेखिसकेकोमा बैशाख १८ को सहभागी भत्ता बुझाएको भरपाई संलग्न गरी थप रु.११ हजार खर्च लेखेको पाइयो । एउटै कार्यक्रममा दोहोरो मितिको भत्ता वितरण गरी खर्च गरेको देखिंदा उक्त रकम दोहोरो परेको देखिएकोले उपयुक्त प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी दिनेबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.... | ११,०००.०० |
| ४४.१२ | **भरपाई** :स्वीकृत कार्यक्रम अनुसार संचालित निम्न कार्यक्रममा बितरण गरेको भत्ता बुझिलिएको नदेखिएकोले राजस्व दाखिला गर्नुपर्ने रु... (तालिका तल) | १७,८५०.०० |

| कार्यक्रमको नाम | पदाधिकारी / कर्मचारीको नाम | कर बाहेक रु. |
|---|---|---|
| अनुगमन | नगर प्रमुख श्री शम्भु प्रसाद यादव | ५१०० |
| अनुगमन | प्रमुख प्रशासकिय अधिकृत श्री श्याम कुमार सिंह | ५१०० |
| विद्यालय स्तरिय अभिमूखी कार्यक्रम अनुगमन | प्रमुख प्रशासकिय अधिकृत श्री श्याम कुमार सिंह | ७६५० |
| | **जम्मा** | **१७,८५०.००** |

| | | |
|---|---|---|
| ४४.१३ | **फोटोकपी खर्च** :स्वीकृत कार्यक्रम अनुसार नगरस्तरीय बाल संरक्षण समिति गठनका लागि २०७६ बैशाख १८ र १९ संचालित कार्यक्रमा फोटोकपी खर्च एकमुष्ट रु.१० हजार खर्च गरेकोमा कार्यक्रम प्रकृति अनुसार सो बराबर फोटोकपी गर्नुपर्ने कुनै डकुमेन्ट नदेखिएकोले कुन कागजातको कतिथान फोटोकपी गरेको खुलाई पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु..... | १०,०००.०० |
| ४४.१४ | **तथ्याङ्क संकलन** : स्वीकृत कार्यक्रम अनुसार स्वंमसेवकद्वय अमर यादव र पंकेशराज कुशवारलाई ४० पटकका लागि रु.२५०/- का दरले रु.२० हजार खर्च लेखेकोमा के का लागि कुन तथ्याङ्क कुन विधि र आधारमा संकलन गरी कहाँ प्रयोग गरेको विवरण नखुलेकोले खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु..... | २०,०००.०० |
| ४५. | **फुल बिरुवा खरिद** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार स्वीकृत वजेट तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्नेमा स.म.वि.नी.देबीता कुमारी यादवले सरसफाई तथा खानेपानी तिब्रता( WASP) कार्यक्रममा राम कुमार नर्सरीबाट स्वीकृत कार्यक्रम अनुसार आवश्यक नपर्ने गुलाफ, धुपी लगायतका विरुवा खरिद गरेको बिल संलग्न गरी रु.३० हजार खर्च लेखेकोमा उक्त विरुवा रोपण तथा वितरण गरेको नदेखिएकोले सो खरिदमा खर्च भएको रकम असुल गर्नुपर्ने रु..... | ३०,०००.०० |
| ४६. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** : बेरोजगार युवा जनशक्तिलाई न्यूनतम रोजगारी उपलब्ध गराउने कार्यक्रमका लागि नगरपालिकालाई प्रशासनिक लगायत विविध खर्च बाहेक रु.५७ लाख वजेट स्वीकृत भएकोमा रु.५३ लाख ३५ हजार खर्च गरेको छ । यससमबन्धमा देखिएको व्यहोरा निम्न छन् : | |
| ४६.१. | **कार्यक्रम संचालन** : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५(मन्त्रीपरिषदबाट २०७५/१०/२५ मा स्वीकृत) को ६४ अनुसार नगरपरिषदबाट नियमित प्रक्रियाबाट स्वीकृत भई कार्यन्वयनमा रहेको श्रममूलक कार्यमा श्रम उपयोग गरी न्यूनतम रोजगारी दिने गरी कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । कार्यविधिमा उल्लेख भएअनुसार नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम भित्र परेको श्रममुलक कार्यमा खर्च गर्नुपर्नेमा वडाबाट छनौट भएका मरमत संभार, सरसफाई लगायत कार्यमा खर्च गरेको छ । संयोजकबाट ८ हजार भन्दा बढी बेरोजगार फारम संकलन भएकोमा सम्बन्धित वडाका जनप्रतिनिधिहरुले छनौट गरेका ६२० जनालाई सिफारिस गरेको पाइयो । सो जनशक्ति नगरपरिषदबाट तोकिएको योजनामा खर्च नगरी कुलो, पैनी सफाई, बाध निर्माण लगायतमा लगाई वडाध्यक्षबाट स्वीकृत डोरहाजिरका आधारमा बैकमार्फत भुक्तानी गरेको छ ।<br>निर्माण कार्य गर्नुअगाडि प्रक्रियागत ढंगबाट छनौट भएको योजनाको लागत अनुमान | |

| | | |
|---|---|---|
| | तयार गरी तोकिए बमोजिमको काम सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदनका आधारमा परिचालित श्रमिकको भुक्तानी गर्नु पर्नेमा योजना छनौट गर्ने, लागत अनुमान तयार गर्ने, प्राविधिकबाट नाँपजाच प्रमाणित गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने लगायत कार्य गरेको छैन । प्राधिकबाट गर्नुपर्ने कुनै पनि प्रक्रिया पुरा नगरी जनप्रतिनिधिको सिफारिसका आधारमा भुत्तानी गरेको उक्त कार्यको अभिलेख समेत नगरपालिकाले तयार गरेको छैन । बिना नाँपजाँच भुक्तानी गरेको रकमबाट रोजगारी सृजनामा गरेको लगानीबाट कुनै प्रतिफलमूलक काम भएको देखिएन । साथै वडा नं.४, ५ र ७ ले सो कार्यक्रममा भाग समेत लिएको देखिएन । यसवाट सो कार्यक्रमको मोडालिटी एवं आवश्यकतामा समेत सन्तोष हुने अवस्था देखिदैन । कार्यविधि अनुसार नतिजा प्राप्त हुनेगरी  बढी प्रतिपादन मुलक कार्यमा खर्च गर्नेगरी कार्यक्रम छनौट गरी लगानी प्रभावकारी बनाइनु पर्दछ । | |
| ४६.२. | **डस्टबिन खरिद तथा नम्बरिङ्ग** : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार श्रमिक परिचालन गरी रोजगाार दिनका लागि स्वीकृत वजेटबाट नगरपालिकाले रु.५,४८,६७३/- को २८० थान डष्टबिन खरिद गरी सो डस्टबिनको नम्बरिङ्ग लेखन कार्य गरेबापत रु.१८,६००/- खर्च गरेको छ । श्रमिक ज्याला भुक्तानीका लागि निकासा वजेटबाट अन्य कार्यमा खर्च गरेको अनियमित देखिनुका साथै सो  सामान उपयोग नगरी नगरपालिका परिसरमा राखिराखेको देखिएकोले उक्त सामान खरिदको प्रयोजन समेत प्रष्ट देखिएन । सडक पेटीमा फोहोर संकलनको लागि खरिद गरिएको तर संख्या नपुगेकोले प्रयोग हुन नसकी यसवर्षको वजेटबाट थप खरिद गरी प्रयोगमा ल्याइने नगरपालिकाले जनाएकोले उक्त सामान प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.... | ५,६७,२७३.०० |
| ४६.३. | **अनुगमन प्रतिवेदन** : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५(मन्त्रीपरिषदबाट २०७५/१०/२५ मा स्वीकृत) को ६४(२९) अनुसार अनुगमन गरी ३० अनुसार प्रतिवेदन गर्नुपर्ने व्यवस्था गरे बमोजिम कन्टीन्जेन्सीबाट रु.५४,४००।०० खर्च गरी नगरप्रमुख समेतबाट अनुगमन भएको जनाई अनुगमन भत्ता खर्च लेखेकोमा संचालित कार्यक्रमको अनुगमन प्रतिवेदन तयार गरेको देखिएन । प्राविधिकबाट नाँपजाच गराई कार्य सम्पन्न प्रतिवेदन समेत तयार नभएको संचालित योजनाहरुको अनुगमन गर्ने प्रयोजनमा गरेको खर्च समेत औचित्यपूर्ण नदेखिएको रु............ | ५४,४००.०० |
| ४६.४. | **निर्माण ज्यावल खरिद** : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ मा प्राप्त वजेटको ३ प्रतिशत रकम निर्माण कार्यमा प्रयोग हुन टुल्सहरुमा खर्च गर्नुपर्ने व्यवस्था रहको छ । नगरपालिकाले सो  निर्देशिकाका आधारमा कोदालो, गैची हसिया, ढकिया लगायत निर्माण कार्यमा प्रयोग हुने विभिन्न सामान  सामान पटक पटक गरी टुक्रेबिलबाट खरिद गरी रु.७,३०,९६२/- खर्च गरेको छ । सो सामान योजना संचालन गरेको वडाकार्यालयहरुको जिम्मामा रहेको नगरपालिकाले जनाएको छ । खरिद गरिएको सामानहरु बहुउपयागी हुने देखिएकोले आगामी योजना परिचालनमा प्रयोग गरिने नगरपालिकाले जनाएको छ । आगामि दिनमा आवश्यकताका आधारमा मात्र थप सामान खरिद गरी सो सामानको सदुपयोगमा जोड दिनुपर्दछ । | |
| ४६.५. | **ह्युमपाइप लगायत खरिद** : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ मा प्राप्त वजेटको २५ प्रतिशतसम्म निर्माण सामान खरिदमा प्रयोग गर्न सकिने व्यवस्थालाई आधार लिई नगरपालिकाले निम्न अनुसार सामान खरिद तथा ढुवानीमा खर्च लेखेकोमा सो सामान प्रयोग भएको स्थान र अवस्था खुल्ने गरी नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु... | १७,६५,९५८/- |

| सामानको नाम | सप्लायर्सको नाम | बिल रकम | ढुवानी | जम्मा रकम |
|---|---|---|---|---|
| इट्टा | हिरा इट्टा सप्लायर्स | १६६२३१.०० | १०२१००.०० | २६८,३३१.०० |
| ह्युम पाइप | गणेश सप्लायर्स | ४९८९६२.०० | - | ४९८९६२.०० |
| ग्राभेल | एस डि इन्टरप्राइजेज | ४९९७०३.०० | - | ४९९७०३.०० |
| ग्राभेल | गणेश सप्लायर्स | ४९८९६२.०० | - | ४९८९६२.०० |

| | | |
|---|---|---|
| | जम्मा \| १,७६५,९५८.०० | |
| ४६.६. | **डोर हाजिरः** तोकीएको फारम प्रयागे गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिलेडोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा स्थान, कामको नाम लगायतको विवरण समेत खुलाउने र कार्यालयबाट प्रमाणित गर्ने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । यसबाट सम्पन्न निर्माण कार्यमा भएको जिन्सी सामानको खपत तथा कामदारको विवरण अनुसार निर्माण खर्च बिश्लेषण गर्न सक्ने अवस्था देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ । यस सम्बन्धमा उपभोक्ताले गरेको कामको डोर हाजिर प्राविधिकबाट प्रमाणित गर्न कठिनाई रहेको प्राविधिकबाट जबाफ प्राप्त भएको छ । | |
| ४७. | **सडक बोर्डतर्फ**<br>**निकासा तथा कार्यक्रम संचालन** : नगरपालिकालाई प्राप्त वजेट आवश्यक प्रक्रिया पुरा गरी सम्बन्धित योजनामा तोकिएको आर्थि वर्षमा खर्च गर्नु पर्नेमा सडक बोर्डबाट समयमा निकासा प्राप्त हुने गरेको देखिएन । नगरभित्रका सडकलाई नियमित मर्मत संभार गरी सुचारु राख्ने उद्धेश्यले आर्थिक वर्ष ०७४/७५ मा स्वीकृत सडक मर्मत कार्यका लागि सडक बोर्डबाट २०७५/१०/१७ मा रु.५४,९९,७५१/- वजेट प्राप्त भएको देखियो । उक्त रकमबाट पानीटंकी देखि एस.एस.पी कार्यालय सम्मका विभिन्न चेनेजका सडक मर्मतका लागि मदन नगर उपभोक्ता समितिलाई रु.१३,९९,३४३/- र कल्टुमार्ग लिंकरोड मर्मत संभारका लागि बैष्णवी काली सडक उपभोक्ता समितिलाई रु.४१,००,४०८/- गरी जम्मा रु.५४,९९,७५१/- को कार्य नगरपालिकाबाट २०, उपभोक्ता समितिबाट १०% र बोर्डको वजेटबाट ६० प्रतिशत अनुपातमा खर्च गरी मर्मत संभार सम्पन्न गरेको छ । नगरपालिकालाई यस आर्थिक वर्षमा थप रु.१६ लाख ५० हजार वजेट प्राप्त भएकोमा वजेट तथा कार्यक्रमको जानकारी नभएको कारण २०७६/०३/३१ मा मात्र आम्दानी जनाई मौज्दात रहेको पाइयो । सडक बोर्ड र नगरपालिकाबीच उपयुक्त समन्वय नभएको कारण तोकिएको कार्यमा वजेट खर्च नगरी मौज्दात रहदा आर्थिक वर्षको वास्तविक खर्च गणनामा समेत असर पर्नुका साथै नगरपरिषदबाट स्वीकृत भई छनौट हुने योजना प्रक्रियामा समेत असर परेको देखिएकोले वजेटको प्रभावकारी कार्यान्वयन गर्नेतर्फ सुधार गर्नुपर्दछ । | |
| ४८. | **कन्टीन्जेन्सी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार स्वीकृत वजेट तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्नेमा सडक मर्मत संभारका लागि प्राप्त वजेटबाट कट्टा गरेको कन्टीन्जेन्सी खर्चबाट संसद विकास कोषबाट निर्माण गरिने नर्सिङ्ग भवन निर्माण तथा नगरपालिका समानिकरणबाट भएको वायरलेश सिस्टमको बोलपत्र बापत सूचना प्रकाशनमा खर्च गरेको अनियमित खर्च गरेको रु... | १,७७,६५२.०० |
| ४९. | **सुपरभाइजर ज्याला** : कन्टीन्जेन्सी खर्चबाट पंकज कुमार यादवलाई २२ दिनको ज्याला उपलव्ध गराएको डोर हाजीर संलग्न गरी रु.१२,९७६/- खर्च लेखेकोमा आयोजना, समय र प्रयोजन समेत नखुल्नुका साथै निजले गरेको कामको विवरण र औचित्य समेत पुष्टी हुने प्रमाण संलग्न गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु.... | १२,९७६.०० |
| ५०. | **तालिम, अन्तरक्रिया, गोष्ठी संचालन** : नगरपालिकाले गतवर्ष गैर सरकारी संस्था मार्फत संचालन गरेको महिला सचेतना, लैङ्गिक समता, युवा सरोकार जस्ता विभिन्न किसीमका क्षमता विकास, कृषक पाठशाला, लगायत विभिन्न शिर्षकबाट विभिन्न प्रकारका तालिम, गोष्ठी सेमिनार लगायत कार्यक्रम संचालन गरेको पाइयो । उक्त कार्यक्रम संचालन गर्नका लागि कुनै नर्म्सको आधार नलिई वजेट अनुसार उपस्थिति र खर्च बाँडफाड गरी कार्यक्रम संचालन गर्ने कर्मचारी एवं गैर सरकारी संस्थाको प्रस्ताव अनुसार लागत अनुमान तयार गर्ने र सो अनुसार खर्च गरी सो लागत | |

| | | |
|---|---|---|
| | अनुमानलाई नै नर्म्समानि खर्च लेख्ने गरेको देखियो । यस समबन्धमा देखिएका थप व्यहोरा निम्न छन् : | |
| ५०.१. | **कार्य संचालन नर्म्स :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट गरिने तालिम, सेमिनार, गोष्ठी आदि कार्यक्रम संचालन गर्नुपर्दा सो कार्यको कार्यक्रम तथा अर्थ मन्त्रालयको नर्म्सलाई आधारलिई लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार विभिन्न गैर सरकारी संस्था परिचालन गरी विभिन्न प्रकारका अभिमूखिकरण गोष्ठी, तालिम, जनचेतना तालिम लगायत कार्यक्रम संचालन गरेकोमा यस वर्ष भुक्तानी गरेको छ ।<br>नगरपालिकाले कार्यक्रम संचालन सम्बन्धी नर्म्स तयार गरेको छैन । वजेट रकमले खाम्ने गरी खर्च योजना तयार गरी संचालन भएको कार्यक्रमबाट लक्षित उद्धेश्य प्राप्त हुने अवस्था नदेखिएकोले कृयाकलापहरु अनुसारको नर्म्स स्वीकृतगरी सो आधारमा खर्च गर्नुपर्दछ । नगरपालिकाले कार्यक्रम संचालन गर्दा नर्म्सको आधारमा नभई गैरसरकारी संस्थाको प्रस्तावनका आधारमा कार्यक्रम संचालनमा भएको खर्चको बिल भरपाईलाइ आधार मानेर प्राप्त वजेटलाई मिलान गर्ने गरी कार्यक्रम सम्पन्न गरी सो अनुसार खर्च गरेको देखिएकोले खर्च पद्धतिमा सुधार गर्नुपर्दछ । | |
| ५०.२. | **आश्यकता पहिचान** : आवश्यकताका आधारमा तालिम दिनुपर्नेमा नगरपालिकाबाट संचालित विभिन्न तालिमहरुकालाीग सहभागि पहिचान र छनौट गर्ने आधार स्पष्ट देखिएन । लक्षित समुहबाट तालिम आवश्यकता पहिचान गरी तालिमका लागि खुल्ला सूचना आव्हान गरी तालिम सहभागी पहिचान तथा छनौट गर्नुपर्नेमा तोकिएको स्थानमा तालिम संचालन गर्न वडाबाट तोकिएको व्यक्ति तथा समुहलाई सिफारिस गरेको आधारमा तालिममा सहभागि गराई तालिम संचालन गर्ने गरेको छ । यसबाट वास्तविक तालिम आवश्यकताा भएका व्यक्तिलाई तालिम उपलव्ध गराइको भन्न सक्ने आधार समेत देखिएन । नगरपालिकाले तालिमका माध्यमबाट गरेको अपेक्षा पूर्तिगर्न तोकिएको समुहको आयआर्जनमा बृद्धि गर्नका लागि तालिम पश्चात हुने सहभागिको कृयाकलापमा भरपर्ने भएकोले तोकिएको तालिम कार्यक्रको आवश्यकता पहिचानलाई बिशेष ध्यान दिनुपर्दछ । तालिमबाट प्राप्त सीप एवं दक्षताको उपयोग भए नभएको सम्बन्धमा समन्वय, निगरानी र सहकार्य गरी तालिमको उपयोग गर्नुपर्दछ । | |
| ५०.३. | **संचालक योगदानः** नगरपालिकाले तालिम संचालन गर्ने संस्थासंग आयोजकको रुपमा सहकार्य हुने अवस्थामा मात्र तालिम कार्यक्रम संझौता गर्नुपर्नेमा प्रपोजल पेश गर्न लगाई संचालक योगदामा समेत प्रतिश्पर्धा गराई बढी लगानी गर्ने संस्थालाई तालिम संचालन जिम्मेवारी दिइनु पर्नेमा संचालक संस्थाबाट कुनै योगदान दिएको देखिएन । सहकार्यमा संचालन गरेको व्यानर प्रायोग गरेकोमा संचालक सस्थाले तालिम संचालन गरी सो तालिममा भएको सबै खर्च दाबी गरेको निमय सम्मत नदेखिएकोले थप योगदान गर्नसक्ने सस्थालाई प्रतिश्पर्धामा ल्याई नियमानुसार संस्थाको बिलबाट भुत्तानी गर्ने व्यवस्था गरेर मात्र संझौता गर्नुपर्दछ । | |
| ५०.४. | **अनुगमन प्रतिवेदन** : नगरपालिकाले संचालन गर्ने सबै तालिम कार्यक्रममा अनुगमन भत्ता विनियोजन गरी भत्ता खर्च लेखेको छ । तालिमको अनुगमनबाट देखिएको व्यहोरा, तालिमबाट देखिएको सकरात्मक एवं नकरात्मक पक्ष, सुधारका क्षेत्रहरु र आगामि दिनमा नगरपालिकाले लिनुपर्ने नीति समेत बिश्लेषण गरी अनुगमन प्रतिवेदन तयार गरी भावी रणनीति बनाउने गरी अनुगमन प्रतिवेदन गर्ने गरेको छैन । तालिमको लगानीमा समावेश भएको खर्चको उपयोग हुनेगरी अनुगमन प्रतिवेदन गर्ने र सो प्रतिवेदन कार्यान्वयन गर्नेतर्फ नगरपालिकाको ध्यानजानु पर्ने देखिन्छ । | |
| ५०.५. | **कार्यक्रम लगत व्यवस्थापन** : नगरपालिकाबाट संचालन हुने तालिमले सो क्षेत्रका जनताको जीवनस्तरमा ल्याउने परिवर्तनका आधारमा नगरपालिकाको भावी रणनीति तय हुने हुँदा कुन कुन वडामा के के तालिम संचालन गरिएको छ । बाँकी कुन स्थानमा आवश्यकता हो, कुन कुन तालिम आवश्यक छ, कसरी संचालन गर्दा प्रभावकारी हुने लगाएत निर्णयका लागि समेत तालिम संचालनको लगत व्यवस्थापन गर्नु पर्नेमा सो लगत राखेको देखिएन । तालिमको आवश्यकता | |

| | | |
|---|---|---|
| | पहिचान गर्ने, प्रभावकारी संचालनका लागि उपयुक्त संस्था छनौट गर्नका लागि संस्थाहरुको लगत सूचिकृत गर्ने, तालिमको उपलब्धि र भावी रणनीति सन्दर्भमा उपयोग हुनेगरी तालिमको लगत व्यवस्थित गर्नुपर्दछ । | |
| ५१. | **कर वीजक -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले तोकिएको ढाँचामा कर वीजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था भएता पनि शहिद गेट तथा स्मारक निर्माण कार्य गरी रु.३४,७३,१९८/- भुक्तानी गरेकोमा न्यू गहिल कन्स्ट्रक्सन(३०१७३३८४७), मलेठ २०७५/०६/ १६ मा विजक नं.१ बाट रु.३,९०,९२२/७४ भुक्तानी गरेकोमा बिजक नं.१०० भएकोमा केरमेट गरी १ नं. बनाएको पाइएकोले सो विजकबाट भुक्तानी भएको मूल्य अभिबृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.... | ३,९०,९२२.०० |
| ५२. | **सर्शत अनुदान शिक्षातर्फ**<br>**शिक्षकको अभिलेख :–** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । नगरपालिकाले नियमावलीमा व्यवस्था भएबमोजिमको शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण तयार गरेको देखिएन । बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने व्यबस्था रहेको छ । नगरपालिकाले नियमको उक्त व्यवस्था बमोजिम शिक्षक अभिलेख राख्ने गरेको पाइएन । यसरी अभिलेख नराखिँदा दोहोरो निकासा हुन सक्ने, दरबन्दी अनुसार पदपुर्ति नहुने, शिक्षक बिद्यार्थी अनुपात मिलान तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमाबलीको परिपालना गरी शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ । | |
| ५३. | **फ्ल्यास प्रतिवेदन तथा अनुदान निकासा-** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५/७६ अनुसार गाउँपालिकाले पाठ्यपुस्तक, पिसिएफ, पुस्तक कर्नर लगायतका रकम शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) डाटा २०७५ मा अपलोड गरिएको विद्यार्थी सख्याको आधारमा निकासा दिनुपर्नेमा विद्यालयले उपलव्ध गराएको हस्तलिखित विद्यार्थी संख्यालाई आधारमानी सोही आधारमा अनुदान उपलव्ध गराएको पाइयो ।<br>उदाहरणको लागी अनुदान उपलव्ध गराएको विद्यालयहरुमध्ये कक्षा ८ को परीक्षाको लागी विद्यालयले भरेको विद्यार्थी संख्यासंग शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) डाटा २०७५ भिडान गरी हेर्दा कक्षा ८ को परीक्षाको लागी विद्यालयले भरेको विद्यार्थी संख्या भन्दा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) डाटा २०७५ मा विद्यार्थी संख्या निम्नानुसार वढी रहेको पाईयो । | |

| क.सं. | विद्यालयको नाम | कक्षा ८ को परीक्षाको रेकर्ड अनुसार | शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) डाटा २०७५ | फरक विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | श्री केशो अनिरुद्र मा.वि. | १०१ | १०७ | ६ |
| २ | श्री राजदेवी ठाको देवी जोगेन्द्र भगत मा.वि. | १७६ | २०२ | २६ |
| ३ | श्री जनता आधारभूत विद्यालय,मुसहनिया देउरु भरुवा | २५ | ३२ | ७ |
| ४ | श्री महाकवी देवकोटा आधारभूत विद्यालय, चनौरा | ३२ | ४५ | १३ |

नगरपालिकाले मातहत विद्यालयको वास्तविक विद्यार्थी संख्या एकिन गरेरमात्र अनुदान उपलव्ध गराउने र वितरित अनुदानको प्रभावकारी उपयोग भए नभएको एकिन गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| | वास्तविक विद्यार्थी भन्दा फरक तथ्याङ्कबाट अनुदान लिने विद्यालयहरुलाई निगरानी राखि नियन्त्रण प्रणाली मजबुत बनाई अनुदान प्रभावकारी बनाउनु पर्दछ । | |
| ५४. | **भवन निर्माण अधुरो** : विद्यालय क्षेत्रविकास कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७४/७५ मा तत्कालिन जिल्ला शिक्षा कार्यालयसंग रु.४७,७२,०००/- मा चार कोठे विद्यालय भवन निर्माण गर्ने गरी लागत अनुमान स्वीकृत भई २०७६।३।१५ सम्म सम्पन्न गर्नेगरी रु.३६ लाख नेपाल सरकारबाट व्यहोर्ने र बाकी रकम निर्माण उपभोक्ता समितिले व्यहोर्ने गरी मिति २०७४।१०।१४ मा संझौता भई रु.१८ लाख निकासा दिएकोमा हालसम्म फछ्र्यौट गरेको छैन । उक्त कामको लागी यसवर्ष रु.१८ लाख उपलब्ध गराएकोमा दुवै आर्थिक वर्षको रकमवाट भएको कामको कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रु.... | १८,००,०००.०० |
| ५५. | **वार्षिक कार्यप्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा प्रत्येक कार्यालयले अनुसूची-२ अनुसार चौमासिक प्रतिवेदन तयार गर्नुपर्ने र यस्तो प्रतिवेदन उपर नियम २६ अनुसार वार्षिक समिक्षा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले शिक्षा एवं स्वास्थ्यतर्फका विभिन्न कार्यक्रम संचालन गर्नका लागि प्राप्त वजेट खर्चको LMBIS मा उल्लेखित कम्पोनेन्ट अनुसारको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छैन ।स्वीकृत कार्यक्रम मध्ये निम्न कार्यक्रम सम्पन्न गरेको छैन । कार्यक्रम स्विकृत गर्ने र पछि उक्त कार्यक्रम संचालन नगर्ने गरेवाट उक्त कार्यक्रमवाट पाउने प्रतिफल शून्य रहेको छ । यसरी कार्यक्रम तयार गरी स्विकृत गर्ने पदाधिकारीलाई सचेत गराउनु पर्ने देखिन्छ । सम्पन्न नगरेको कार्यक्रम र वजेट यसप्रार छ :- | |

| क.सं | कार्यक्रमहरु | विनियोजित वजेट रु हजारमा |
|---|---|---|
| | **शसर्त शिक्षातर्फका कार्यक्रम** | |
| १ | शिक्षा कक्षामा वालिका पहुँचको कार्यान्वयन | ७०० |
| २ | सुरक्षित विद्यालय तथा विद्यालय शान्ती क्षेत्र | ७५ |
| ३ | शिक्षकको पेशागत सम्वन्धित श्रोत केन्द्रस्तरीय चौमासिक समिक्षा वैठक तथा अन्तरकिया | ८ |
| ४ | कार्यक्रम अनुगमन,प्रतिवेदन तयारी | ५० |
| ५ | तोकिएका पकेट क्षेत्र तथा अति सिमान्तकृत,लोपोन्मुख जातीका वालवालिका दिवा खाजा कार्यक्रम | ७१० |
| ६ | प्राविधिक धार सञ्चालन गर्ने विद्यालयका लागी ल्याव व्यवस्थापन तथा प्रति विद्यार्थी लागत अनुदान | १०८० |
| ७ | उत्कृष्ट सिकाई उपलव्धी भएका विद्यालयलाई सिकाई सुदृढिकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | ४५० |
| ८ | शिक्षकको शिक्षण सिकाईमा विताउने समयावधी सुधार योजना कार्यान्वयन | ८ |
| ९ | माध्यामिक विद्यालय पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६५० |
| १० | माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६५० |
| ११ | प्रारम्भिक पढाइ सिप विकासका लागी न्यनतम प्याकेज कार्यान्वयन | ४०५ |
| १२ | गणित विज्ञान र अग्रेजी विषयका लागी कियाकलापमा आधारीत सामाग्री अनुदान | ५० |
| | जम्मा | ४८३६ |
| | **सशर्त स्वास्थ्यतर्फ** | |
| १ | शिघ्र कुपोषणको एकिकृत व्यवस्थापनको लागी वहिरंग र अन्तरंग उपचार विस्तार सुदिृढिकरण तथा संभारको लागी सहयोग | ७० |
| २ | तथ्याङ्क गुणस्तर सुधारको लागी पोषण सूचक सम्वन्धी सूचना व्यवस्थापन प्रणाली विकास रस्थापना ,तथ्याङ्क गुणस्तर सुदिृढिकरण | १२ |

| | | | | |
|---|---|---|---|---|
| | ३ | पोषण सम्वन्धी अर्ली वार्निङ सिस्टम विकास र स्थापना | ४८ | |
| | ४ | प्रकोप जोखिम व्यवस्थापन तथा आकस्मिक पोषण कार्य योजना निर्माण | ५० | |
| | ५ | आमा तथा वालमैत्री अस्पताल अभियान कार्यान्वयन | २०६ | |
| | ६ | आइ.यु.सि.डी. तथा इम्प्लान्ट सेवा प्रदान | ३१ | |
| | ७ | महिला स्वस्थ्य स्वयंसेविकाहरुलाई दीर्घकालिन सेवाको लागी सम्मानजनक विदाई | १६० | |
| | ८ | पुरानो तथा नयाँ थप हुने स्वस्थ्य संस्थाका लागी सामाजिक परिक्षण कार्यक्रम | १०० | |
| | ९ | औलो नियन्त्रण कार्यक्रमको अनुगमन एवम मूल्याङ्कन, औलो महामारी हुने औलो ग्रसित क्षेत्रको छनौट गरी विषादी छर्कने ,विश्व औलो नियन्त्रण दिवस मनाउने तथा वहुनिकाय औलो नियन्त्रण अन्तरक्रिया | २२ | |
| | १० | कालाजार माहामारी हुने क्षेत्रमा विषादी छर्कने ,कालाजार रोगीहरुलाई उपचारका लागी अस्पताल सम्म आउने यातायात खर्च अनुदान | १०० | |
| | ११ | परिवार स्वस्थ्य कार्यक्रमको लागी पार्टोग्राफ,DMT,MEC Wheel,Flow chart job aid सहित फर्म फरमेट छपाई | ५ | |
| | १२ | विभिन्न अस्पतालहरुमा हाइड्रोसिल विरामीहरुको अपरेशन गर्ने,SAE व्यवस्थापन,Hydroceleसर्जरीको जटिलता व्यवस्थापन | ५५० | |
| | १३ | मेरो वर्ष अभियान,महामारी,सर्ने नसर्ने रोग रोकथाम ,प्रजनन् तथा वाल वातावरण स्वास्थ्य आदी स्वस्थ्य प्रवद्धन ,स्वस्थ्य संचार सचेतना | ९० | |
| | १४ | कुष्ठरोग प्रेषण क्लिनिक सेवा करार | २१६ | |
| | १५ | महामारी तथा प्रकोपजन्य रोगहरुका अवस्थामा RRT/CRRT परिचालन,चौमासिक रिभ्यु तथा अभिमुखिकरण | ४३ | |
| | १६ | वृद्धि अनुगमन,प्रवर्धन तथा पोषण परामर्श कार्यक्रम र स्वस्थ्य आमा समुह सुदृढिकरण | ५३ | |
| | १७ | पूर्ण खोप गाउँ नगर सुनिश्चितता र दिगोपना सुक्ष्म योजना अध्यावधिकको लागी गाउ नगर खोप समन्वय समिति,स्वास्थ्य संस्था प्रमुख सहित नगर प्रमुख र वडा प्रमुख र सरोकारवालाहरुको १ दिने गोष्ठी | ६० | |
| | १८ | खोपको पहुँच वढाई छुट वच्चालाई खोप दिलाई पुर्ण खोप सुनिश्चित गर्न वैशाख महिनालाई खोप महिना संचालन | २५ | |
| | १९ | पूर्ण खोपको दीगोपनाको लागी साझेदार र स्थानिय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितका सदस्य र वडा खोप समन्वय समितिसग अन्तरक्रिया,स्थानिय योजना निर्माण | ८५ | |
| | २० | पहुँच नपुगेका र ड्रप आउट वच्चाको खोजी तथा पूर्ण खोप दिलाउन महिला स्वस्थ्य स्वयम सेविकाहरुलाइ अभिमुखिकरण र योजना निर्माण | ८० | |
| | २१ | पूर्ण खोप नगरपालिका,भेरिफिकेशन अनुगमन तथा घोषण सभा व्यवस्थापन | २५ | |
| | २२ | राष्ट्रिय स्वस्थ्य शिक्षा अन्तर्गत मेरो वर्ष अभियान,महामारी ,सर्ने नसर्ने रोग राकथाम,प्रजनन् तथा वाल वातावरण स्वास्थ्य आदी स्वास्थ्य प्रवर्धन,स्वास्थ्य संचार सचेतना कार्यक्रम | ९० | |
| | २३ | क्षयरोग नियन्त्रण अर्न्तगत उपचार केन्द्रहरुमा आकस्मीक अवस्थामा औषधी ,ल्याव सामाग्री ढुवानी ,फर्म फरमेट फोटोकपी मर्मत संभार ,ई-टि.वि रजिष्टर अद्यावधिक | ३९ | |
| | २४ | स्वास्थ्य संथावाट टाढा रहेका वस्ती तथा स्वास्थ्य सेवामा पहुँच कम भएको जनसंख्यामा माइक्रोस्कोपिक क्याम्प संचालन | १६ | |
| | २५ | कारागार,गुम्वा,स्कूल ,वृद्धाश्रम,उद्योग भएको क्षेत्र,शहरी घनावस्ती लगायत अन्य क्षयरोगका जोखिमयुक्त जनसंख्यामा माइक्रोस्कोपिक क्याम्प सञ्चालन | ४८ | |
| | २६ | उपचार केन्द्रहरुमा गई अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमको गुणस्तरयिताको सुनिश्चिता | २७ | |

| | | |
|---|---|---|
| २७ | नीजि स्वस्थ्य संस्थासँग समन्वय गरी क्षयरोग उपचार व्यवस्थापन मुलप्रवाहीकरण निरन्तरता | १५ |
| २८ | रेफरल हस्पिटल तथा क्षेत्रिय उपक्षेत्रिय र अंचल अस्पतालसँग क्षयरोग निदान तथा उपचार व्यवस्थापन सुदृढिकरण निरन्तरता | १५ |
| २९ | पी वी सी विरामी तथा परिवारको क्षयरोग परीक्षण गर्न यातायात खर्च | १५ |
| ३० | पुन उपचार क्याटेगोरीमा भएका सवै पी वी सी विरामीहरुलाइ उपचार अवधिभर पोषण भत्ता | ३६ |
| ३१ | २४ घन्टे सेवा हुने स्वस्थ्य संस्थामा क्षयरोग मैत्री उपचार केन्द्र स्थापना | ३३ |
| | **जम्मा** | **२३६५** |

५६. **औषधी खरिद तथा व्यवस्थापन :** सार्वजनिक निकायले खरिद कार्य प्रतिश्पर्धी र मितव्ययी हुनगरी खरिद गर्नुपर्दछ । नगरपालिकाले यस वर्ष एकिकृत स्वास्थ्य शसर्त अनुदानबाट रु.१० लाख १८ हजार र आन्तरीक राजश्व बाँडफाडबाट रु.९ लाख गरी जम्मा रु.१९ लाख १८ हजारको निशुल्क वितरण गर्ने औषधीहरु खरिद गरी ८ स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गरेको छ । । स्वास्थ्य संस्थाहरुबाट औषधीका माग संकलन गरी औषधीको नाम तथा परिमाण खुलाई लागत अनुमान तयार गरी प्रतिस्पर्धाका माध्यमबाट खरिद गर्नुपर्नेमा एकैपटक आपूर्तिकर्ताबाट सिधै खरिद गरेको छ । स्वास्थ्य सेवा विभागबाट प्राप्त हुने संख्याका आधारमा आवश्यकता अनुसार परिमाण एकिन गरी खरिद प्रक्रिया शुरु गर्नुपर्नेमा वजेट रकम अनुसार परिमाण तोकेको देखिन्छ । खरिद भएका औषधी मध्ये अधिकांश औषधीहरुमा निशुल्क वितरणको छाप लगाई मार्क गरेको छैन ।

नगरपालिकाले खरिद भएका औषधीहरु मुचुल्का गरी तोकिएको परिमाण प्राप्त भएनभएको, गुणस्तर(जीएमपी) र म्याद बाँकी व्याच नं.लगायत एकिन गर्ने गरेको छैन । तोकिएको परिमाण र गुणस्तर कायम तथा पारदर्शिताका लागि समेत प्राप्त औषधीहरुको रोहवर मुचुल्का गर्ने व्यवस्था गर्नुपर्दछ । साथै पालिकाले खरिद भएका औषधीहरु माग अनुसार ८ वटै संस्थालाई व्लकमा हस्तान्तरण गरेको आधारमा औषधी खर्च जनाउने गरेको देखिन्छ । उक्त औषधिहरुको वितरण प्रक्रिया प्रभावकारी भए नभएको, औषधीको पर्याप्तता अवस्था, औषधीको पहुँच एवं पारदर्शिता सम्बन्धमा गाँउपालिकाले ध्यान पुग्न सकेको देखिएन । गत वर्षको मौज्दात, आम्दानी, खर्च तथा म्याद समाप्त भएका औषधीहरुको विवरण समेत तयार गर्ने गरेको छैन । खरिद योजना तयार गरी प्रतिस्पर्धाको माध्यमबाट औषधी खरिद गरी वितरण प्रणालीमा समेत सुधार गर्नुपर्दछ ।

५७. **स्यानेटरी प्याड वितरणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको बिलभरपाई एवं त्यसलाई पुष्ट्याई गर्ने पूर्ण प्रमाण सहित लेखा राख्नुपर्ने व्यवस्था छ । किशोरीहरुलाई महिनावारी सम्बन्धी शिक्षा प्रदान गर्ने उद्बेश्यले सो को जानकारी संगै स्यानेटरी प्याड उपयोग सन्दर्भमा ज्ञान दिने उद्बेश्यले रु.२५ हजार वजेट निकासा लिई खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार जानकारी मुलक कार्यक्रम संचालन गरी आवश्यकता अनुसार अध्ययनरत छात्राहरुलाई वितरण गर्नेगरी हस्तान्तरण गर्नुपर्नेमा कार्यालयले वजेट अनुसार एकमुष्ट खरिद गरेको ४०० गोटा स्यानेटरी प्याड श्री नरेन्द्र मेमोरियल जनता माध्यामिक विद्यालयका प्रध्यानध्यापकलाई हस्तान्तरण गरेको छ । प्रध्यानध्यापकलाई बुझाएको सामान छात्राहरुलाई वितरण गरेको नदेखिदा वितरण भएको प्रमाण पेश हुनुपर्ने रु..... २५,०००.००

५८. **औषधी रिप्याकिङ्ग तथा ढुवानी खर्च :** स्वीकृत कार्यक्रम अनुसार औषधी, भ्याक्सिन रिप्याकिङ्ग, ढुवानी र पुनः वितरणका लागि रु.७० हजार विनियोजन गरेकोमा नगरपालिका अर्न्तगत विभिन्न स्वास्थ्य संस्थामा औषधी पठाउन रिप्याकिङ तथा ढुवानी गरेको भनी पुरै खर्च लेखेको छ । खरिद भएका औषधी तथा भ्याक्सिन मध्ये कतिपटक कति औषधी तथा भ्याक्सिन, कति परिमाणमा रिप्याकिङ्ग तथा ढुवानी गरेको भन्ने विवरण संलग्न गरेको छैन । स्थानीय दरका आधारमा परिमाण र दुरी अनुसार खर्च लेख्नु पर्ने तथा विभिन्न स्वास्थ्य संस्थालाई केन्द्र लगायतबाट प्राप्त औषधि रिप्याकिङ्ग समेतमा खर्च गर्दा कहावाट ल्याएको औषधी तथा भ्यक्सिन कति रिप्याकिङ्ग तथा ढुवानी गरेको खुलाएको देखिएन । स्वीकृत वजेट रकम वचत पनि नहुने, अपुग पनि नहुने स्थिति

| | | |
|---|---|---|
| | नदेखिंदा खर्चको मितव्ययिता र प्रभावकारी भएको उपयोग भएको भन्न सक्ने आधार नदेखिएकोले रिप्याकिङ्ग तथा ढुवानी रकम पारदर्शि र वास्तविकता प्रमाणित हुनेगरी खर्च प्रणालीमा सुधार गर्नुपर्छ । | |
| ५९. | **न्यानो झोला खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा मालसामान खरिद गर्न अघि सम्बन्धित शाखाबाट खरिद माग प्राप्त गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आमा सुरक्षा कार्यक्रम अन्तर्गत न्यानो झोला खरिदमा प्राप्त गरेको रु.५ लाख बजेटबाट ५४४ थान न्यानो झोला खरिद गरी हालसम्म मौज्दात राखेको छ । यसवर्ष सोही अनुपातमा रु.५ लाख बजेट प्राप्त भएकोमा खरिद कार्य गरेको छैन । बर्थिङ्ग सेन्टरमा वितरण गर्नुपर्ने उक्त सामान खरिद गरी मौज्दातमा रहेको अवस्थमा थप बजेट विनियोजन  गर्ने परिवार स्वास्थ्य महाशाखा र वर्थिङ्ग सेन्टर नै नभएको अवस्थामा खरिद गर्ने कार्यालय प्रमुख जिम्मेवार नभएको कारण यस वर्षको बजेट खर्च नभएको अवस्था छ भने विगतमा खरिद भएको न्यानो झोला समेत स्टोरमा नै थन्किरहेको अवस्था छ । यसरी आवश्यकता यकिन नगरी बजेट निकासा गर्ने र प्राप्त बजेट आवश्यकता नै नभएको सामान खरिद गर्ने दुवैलाई जिम्मेवार बनाई खरिद भएका सामानको उचित सदुपयोग गर्नेतर्फ नगरपालिकाले आवश्यक पहल गर्नुपर्दछ । | |
| ६०. | **करारसेवा कर्मचारी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ अनुसार स्वीकृत कार्यक्रममा खर्च गर्नुपर्नेमा स्वास्थ्य मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य चौकीहरुमा करार सेवामा पाले, स्वीपर, गार्ड बगैचे, का.स. आदिको सेवा करार वापतको भुक्तानीको लागि रु.७ लाख २० हजार खर्चमा बजेट व्यवस्था भएकोमा नगरपाकिलाले दैनिक ज्लादारीमा वडा कार्यालय लगायत स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुको वैशाख जेष्ठ र आषाढमा काम गरेका डोर हाजिर संलग्न राखी उक्त पुरै रकम डोर हाजिर मार्फत खर्च गरेको भरपाई संलग्न गरी खर्च लेखेको छ । नियमित करार सेवाका कर्मचारीलाई भुक्तानी गर्ने गरी नियोजित बजेट नगरपालिका बाटै तलव खाइ रहेका ज्यालादारी कर्मचारीलाई वितरण गरेको नियमसम्मत देखिएन । करार सेवा आवश्यक नरहेको अवस्थामा उक्त रकम फ्रिज हुनुपर्नेमा डोर हाजिर मार्फत खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई नियमानुसार खर्च गर्ने व्यवस्थ गर्नुपर्दछ । | |
| ६१. | **स्तनपान कक्ष** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ (क) अनुसार कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि आवश्यकता अनुसारको स्पेशिफिकेशन डिजाइन र विशेस आवस्यकता लगायतको विवरण तयार गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई स्तनपान कक्ष निर्माणको लागि रु.१ लाख ५० हजार बजेट प्राप्त भएकोमा १० वटा स्तनपान कक्ष निर्माणमा खर्च गरेको पाइयो । स्वीकृत लागत अनुमान अनुसार प्रतिगोटा रु.१५,७०७।७४ (मू.अ.कर बाहेक) लागतमा तयार गरिएका उक्त स्तनपान कक्ष नगरपालिकामा ९ थान निर्माण गरी अदालत, स्वास्थ्य चौकी लगायतलाई वितरण गरेको देखियो । उक्त स्तनपान कक्ष सानो भएको, स्तनपान गराउने कुर्सी   लगायत पूर्वाधार नभएको झ्याल नराखी सानो प्वाल मात्र राखेको कारण प्रयोगमा आएको देखिएन । नगरपरिसरमा राखिएको कक्ष नै संचालन नभई ढोकाको कब्जा विग्रिएको अवस्था छ भने अन्यत्र उपलब्ध गराएको सो कक्षको उपयोग हुने आधार देखिदैन । यसरी सामान्य मापदण्ड | |

<table>
<tr><td></td><td>समेत पुरा नभएको स्तनपान कक्षको लागत अनुमान  लगायत कार्य स्वीकृत गरी गर्ने र उपयोगमा नल्याउने पदाधिकारीलाई जिम्मेवार बनाई आवश्यक पूर्वाधार व्यवस्था गरी उक्त खर्च सदुपयोग गर्नेतर्फ आवश्यक पहल हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६२.</td><td>भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदनः भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आवश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले  अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । स्वास्थ्य तर्फका स्वास्थ्य चौकीप्रमुखहरुले आफै भ्रमणआदेश बनाई तालिम गोष्ठी लगायत कार्यक्रममा सहभागी हुनेगरेकामा कार्यकारीबाट भ्रमण आदेश स्वीकृत गर्ने गरेको छैन । भ्रमण अभिलेख व्यवस्थित नगरेको कारण स्वास्थ्य सम्बन्धि विभिन्न तालिम, सेमिनार गोष्ठीहरुमा संलग्न कर्मचारीको अभिलेख व्यवस्थित देखिदैन ।  स्वास्थ्य सम्बन्धि सबै तालिम, सेमिनार गोष्ठीहरुमा भत्ताको व्यवस्था गरेको कारण आफ्नै स्वास्थ्य चौकीमा संचालित कार्यक्रममा समेत भत्ता लिने, वजेटले खामेको आधारमा कार्यक्रम अनुसार फरक फरक दरमा भत्ता वितरण गर्ने लगायत व्यवस्था देखिएकोले भ्रमण खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६३.</td><td>चर्मरोग सम्वन्धी शिविर : भौ.नं. १४२।२०७६।३।३ वाट नगरपालिकामा रहेको कुष्टरोग पत्ता लगाउने उद्धेश्यले २०७६ जेठ २३ गते मलेठ स्वास्थ्य चौकीमा १ दिने शिविर संचालन गरी रु.१,५३,९९६।५०/- खर्च गरेकोमा स्वीकृत कार्यक्रम अनुसार रु.१०५,१४६/- छालारोगको औषधी खरिदमा खर्च गरेको छ । शिविरमा कुल कति  जनाले सेवा लिएको हो औषधी वितरण गरेको विवरण पेश गरेको छैन । विमारीमध्ये सवैलाई दिएको औषधीको विवरण रजिष्टरमा समेत प्रविष्टी गरेको देखिएन । खरिद गरिएका सवै औषधीको खपत भए वा बाँकी रह्यो सो खुल्ने पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने रु...............</td><td>१,०५,१४६.००</td></tr>
<tr><td>६४.</td><td>संस्थागत सहयोग : आर्थिक कार्यविधि  नियमावली, २०६४ को नियम  ४१ (४) मा नगरपालिकाले नेपाल सरकारबाट प्राप्त गरेको अनुदान रकमबाट कुनै संघ संस्थालाई आर्थिक सहयोग वापत दिएको रकम जुन कामको लागि दिएको सो काममा खर्च गरे नगरेको, भौतिक उपलब्धी तथा लेखापरीक्षण गरेको विवरण लिनुपर्ने व्यवस्था छ । नगरँपालिकाले निम्न संस्थालाई अनुदान सहयोग वापत रकम उपलब्ध गराएकोमा सो रकमको भौतिक प्रगति एवं लेखापरीक्षण प्रतिवेदन लिएको नदेखिएको रु.........
<table>
<tr><th>भौ.नं.</th><th>संस्थाको नाम</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>१०३/२०७६//२/१</td><td>शहरी स्वस्थ्य केन्द्र वडा नं.६</td><td>स्वस्थ्य केन्द सुधृढिकरण सहयोग</td><td>४२५०००.००</td></tr>
<tr><td>१३६/२०७६/२/२८</td><td>शहरी स्वस्थ्य केन्द्र वडा नं.७</td><td>स्वस्थ्य केन्द सुधृढिकरण सहयोग</td><td>४२५०००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८५०,०००.००</td></tr>
</table></td><td>८५००००.००</td></tr>
<tr><td>६५.</td><td>भौ.नं.२२१।२०७६।३।३१ वाट कार्यालयले नगरपालिका अर्न्तगतका विभिन्न स्वास्थ्य संस्थाको लागी प्रति  सेट रु ४,५६५ का दरले रु ४५,६५०। को १० थान ड्रेसिङ सेट खरिद भएकोमा सो सामान सम्वन्धित स्वस्थ्य संस्थामा हस्तान्तरण गरेको प्रमाण पेश गर्नु पर्ने रु......</td><td>४५,६५०।००</td></tr>
<tr><td>६६.</td><td>अनुपातिक कट्टी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सस्कृती प्रवर्धन.कार्यक्रम अर्न्तगत डिहवार मन्दिर मर्मत तथा वाउण्ड्रीवाल निर्माणको रु.११,८८,१३९।८२ लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरी नगरपालिकाले रु १०,००,०००।०० (८५ %) उपभोक्ता समितिले १५ % व्यहोर्ने गरी  डिहवार वावा पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समिति विषहरीयासँग सम्झौता गरेकोमा रु.८,६६,२५१।२० को काम सम्पन्न गरेकोमा भौ.न</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | २०४।२०७६।३।३० बाट रु.७,९९,११६।७३ भुक्तानी दिएको छ । सम्झौता अनुसार नगपालिकाले सम्पन्न कामको ८५ % ले हुन आउने रकम रु.७,३६,३१३।५२ भुक्तानी दिनुपर्नेमा रु.७,९९,११६।७३ भुक्तानी दिएबाट बढी दिएको असुल गर्नुपर्ने रु.... | ६२,८०३.२१ |
| ६७. | **यातायात खर्च** : महिला तथा वालवालिका कार्यक्रम अन्र्तगत घरेलु हिंसावाट प्रभावित महिलाका लागी महिला संस्थाहरुको समन्वयमा सुरक्षित अल्पकालिन आश्रयस्थल जिल्ला सेवा केन्द्र स्थापना तथा संचालन गर्न चालु आर्थीक वर्षका लागी सृजनात्मक महिला सहकारी संस्थासँग कार्यालयवाट रु ८ लाख व्यहोर्ने गरी संभौता भएको पाइयो । सो संम्झौतामा भएको खर्च ब्रेकडाउन अनुसार संस्थाका पदाधिकारीहरुको यातायात खर्च वार्षिक रु ३६,०००। उल्लेख भएकोमा कार्यालयले सो सहकारी संस्थाका अध्यक्ष सविता नेउपानेलाई भौ.नं ७८।२०७५।१२।२८ वाट रु१०५,०००। र भौ.नं. २२६।२०७६।३।३१ वाट रु ७५,०००। गरी कूल रु.१,८०,०००। भूक्तानी गरेको छ । सम्झौता भन्दा वढि भुक्तानी दिएको यातायात खर्च असुल गर्नु पर्ने रु................ | १,४४,०००.०० |
| ६८. | **सुधारिएको चुलो** : भौ .नं .१६०।२०७६।३।१५वाट राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम तर्फ प्रतिथान मु.अ.कर सहित रु ७,६९२।२६ का दरले कूल रु ९९,९९९।३५ को १३ थान सुधारिएको चुलो खरिद गरेको देखियो । खरिद भएको उक्त चुलो लक्षित घरपरिवारलाई वितरण गरेको प्रमाण पेश नभएको रु................ | ९९,९९९.३५ |
| ६९. | **प्रशिक्षण भत्ता** : भौ.नं २१२।२०७६।३।३१वाट नगरपालिकाद्धारा सञ्चालित युवा संजाल र नमुना युवा सांसद अभ्यास तथा स्थापना कार्यक्रममा प्रदेश खर्चको मापदण्ड निर्देशिका २०७५ मा तोकिएको दर भन्दा वढि दरले संयोजक खरिदार तरुण यादव लगायत ४ जनालाई प्रशिक्षण भत्ता र १ जनालाई प्रतिवेदन वापत दिएको रु २४,८००। असुल गर्नुपर्ने रु................ | २४,८००। |
| ७०. | **बढी पारिश्रमिक भुक्तानी** : बहु क्षेत्रीय पोषण कार्यक्रम सुनौलो हजार दिन तर्फभौ.नं ४।२०७६।२।३ बाट करार सेवा अन्तरगत कार्यरत स्वयं सेविका रंजीता कुमारी यादवलाई चैत्र र वैशाखको पारिश्रमिक मासिक रु.१२,०००।०० का दरले रु. २४,०००।०० र पोशाक खर्च रु.१०,०००।०० गरी रु.३४,०००।०० भुक्तानी हुनुपर्नेमा रु.४४,०००।०० भुक्तानी दिएको छ । बढी भुक्तानी भएको रु.१०,०००।०० को १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गरी असुल गर्नुपर्ने रु...... | ९,९९९.०० |
| ७१. | **अनुगमन** : भौ.नं. ६।२०७६।२।२९ बाट सुनौलो हजार दिन कार्यक्रम अन्तरगत वडा नं ६ र १३ मा आठ हप्ते डुवल कुखुरा वितरण कार्य अन्तरगत अनुगमन कार्य गरेको भनी भरपाईमा दैनिक भ्रमण भत्ता उल्लेख गरी निम्नानुसार व्यक्तिहरुलाई रकम भुक्तानी गरेको देखियो । कुखरा वितरण कार्यमा समेत चार पाँच जनाले अनुगमन गरेको देखाई भ्रमण आदेश तथा अनुगमन प्रतिवेदन वेगर खर्च लेखेको रकम असुलगर्नुपर्ने रु............. | ८,८००.०० |
| ७२. | **बेरितको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा रित पुगे नपुगेको | ४५,२००.०० |

| कार्यक्रम भएको वडा | पदाधिकारी | भत्ता रकम |
|---|---|---|
| ६ | वडा अध्यक्ष प्रेम कुमार यादव | १०००.०० |
| ६ | वडा अध्यक्ष सुदर्शन सिंह | १०००.०० |
| ६ | प.चि. अमेन्द्र झा | १०००.०० |
| ६ | प.बि.अ. परमेश्वर यादव | १०००.०० |
| १३ | व.अ. राजेन्द्र प्र. यादव | १०००.०० |
| १३ | व.स. वैजु कुमार देव | १०००.०० |
| १३ | प.चि. अमेन्द्र झा | १०००.०० |
| १३ | प.अ. परमेश्वर यादव | १०००.०० |
| १३ | रामदेव साह | ८००.०० |
| | | ८,८००.०० |

चेक जाँच गर्नुपर्ने व्यवस्था छ । बहु क्षेत्रिय योजना अन्तरगत अनुगमन गरेको भनी निम्नानुसार विभिन्न व्यक्तिलाई रु.५०,०००।०० अनुगमन खर्च भुक्तानी गरेकोमा एउटै अनुगमन प्रतिवेदन फोटोकपी गरी सवै अनुगमन कर्ताहरुले नाम लेखी सही गरेको र कुन कार्यको अनुगमन गरेको हो सो खुल्ने प्रमाण समेत सम्लग्न नहुँदा अनुगमन गरेको छ भन्न सक्ने आधार नभएकोले उक्त रकम असुल गर्नुपर्ने रु...........

| सि. नं | नाम थर | अनुगमन गरेको दिन संख्या | रकम | कर | बुझेको रकम |
|---|---|---|---|---|---|
| १ | न.प्र. शम्भु कुमार यादव | २ | २०००.०० | ३००.०० | १७००.०० |
| २ | न.उ.प्र. साधना झा | २ | २०००.०० | ३००.०० | १७००.०० |
| ३ | प.प्र. अ. श्याम कु. सिंह | ५ | ५०००.०० | ७५०.०० | ४२५०.०० |
| ४ | शा.अ. मनोज कुमार यादव | १२ | १२०००.०० | १८००.०० | १०२००.०० |
| ५ | प.अ. परमेश्वर यादव | २ | २०००.०० | ३००.०० | १७००.०० |
| ६ | ले.अ. उमाशंकर यादव | ५ | ५०००.०० | ७५०.०० | ४२५०.०० |
| ७ | स.म.वि.नि. देविता कुमारी यादव | ९ | ९०००.०० | १३५०.०० | ७६५०.०० |
| ८ | खरिदार तरुण कुमार यादव | ५ | ५०००.०० | ७५०.०० | ४२५०.०० |
| ९ | वहुक्षेत्रिय संयोजक सुदर्शन सिंह | ५ | ५०००.०० | ७५०.०० | ४२५०.०० |
| १० | ले.पा. शत्रुधन दास | ३ | ३०००.०० | ४५०.०० | २५५०.०० |
| | | | ५०,०००.०० | ७,५००.०० | ४२,५००.०० |

७३. बहु क्षेत्रिय योजना अन्तरगत विभिन्न कार्यक्रममा Reporting/Planning वापत भनी स.म.वि.नि. देविता कुमारी यादवलाई एकमुष्ट रु.८७५०।०० मा रु.१,३१२।५० कर कट्टा गरी रु.७,४३६।५० भुक्तानी भएको छ । कुन नर्म्सको आधारमा उक्त रकम खर्च लेखेको हो खुल्न आउँदैन । निजले उक्त कार्य गरेको खुल्ने प्रतिवेदन समेत पेश नभएकोलेप्रमाण पेश गर्नुपर्ने रु............. ७,४३६.००

**वडा संचालन खर्च चालु तर्फ**

७४. **पदाधिकारी पेश्की** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा गाउँसभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र नगरपालिका अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई र प्रशासकिय अधिकृतले सोको १५ दिनभित्र आवश्यक परेमा वडा सचिवलाई कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने र प्राप्त अख्तियारी भित्र रही खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने दायित्व अख्तियार प्राप्त अधिकारीको हुने उल्लेख छ । सो अनुसार अख्तियारी दिने गाउँसभाका पदाधिकारी भित्र पर्ने वडाध्यक्ष कार्यक्रम कार्यान्वयनमा आफै सामेल हुन मिल्ने देखिदैन । लेखापरीक्षणको क्रममा नगरपालिका अन्तरगत रहेको सोह्रै वडाका वडाध्यक्षले प्रति वडा अध्यक्ष रु.२,००,०००।०० का दरले रु.३२,००,०००।०० पेश्की लिई आफै विभिन्न काममा खर्च गरी बिल भरपाई पेश गरी फछ्र्यौट गरेको र त्यसरी काम गर्दा बढी खर्च भएको रकम थप सोधभर्ना लिएको देखियो । पदाधिकारी आफै पेश्की लिई खर्च गर्ने कार्य शक्ति पृथकीकरणको सिद्धान्त एवं ऐनको मनसाय विपरित देखिदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिएको रु.......... ३२,००,०००.००

| वडा नम्बर | वडा अध्यक्षको नाम | काम | पेश्की रकम |
|---|---|---|---|
| १ | चन्द्रशेखर चौधरी | वडा संचालन | २०००००.०० |

| | | | |
|---|---|---|---|
| २ | अरुण कुमार यादव | वडा संचालन | २०००००.०० |
| ३ | सुदर्शन प्रसाद सिंह | वडा संचालन | २०००००.०० |
| ४ | मो. अख्तर अलि | वडा संचालन | २०००००.०० |
| ५ | समिर कुमार झा | वडा संचालन | २०००००.०० |
| ६ | प्रेम कुमार यादव | वडा संचालन | २०००००.०० |
| ७ | मांगीलाल नाई | वडा संचालन | २०००००.०० |
| ८ | जय नारायण मण्डल | वडा संचालन | २०००००.०० |
| ९ | शम्भु प्रसाद यादव | वडा संचालन | २०००००.०० |
| १० | सुशिल कुमार दास | वडा संचालन | २०००००.०० |
| ११ | संजय कुमार यादव | वडा संचालन | २०००००.०० |
| १२ | हरिहर यादव | वडा संचालन | २०००००.०० |
| १३ | राजेन्द्र प्रसाद यादव | वडा संचालन | २०००००.०० |
| १४ | शोभालाल मण्डल | वडा संचालन | २०००००.०० |
| १५ | राम प्रसाद यादव | वडा संचालन | २०००००.०० |
| १६ | बुचाइ दास | वडा संचालन | २०००००.०० |
| | | | ३,२००,०००.०० |

७४.१. उपरोक्त अनुसार वडा अध्यक्षले लिएको पेश्की एवं वडा अध्यक्ष आफैले खर्च गरी सोधभर्नाको लागि पेश गरेको विल भरपाई परीक्षण गर्दा नगरपालिकाबाटै खरिद गरी उपलब्ध गराउने गरेको मोबाइल, कुर्सी साइकल लगायत सामान समेत खरिद गरेको देखिदा खरिदमा दोहोरोपना एवं एकद्धार प्रणालीबाट खर्च गर्ने व्यवस्था गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ । यसरी खरिद गरेको केही उदाहरण निम्नानुसार छन् :

| भौ.नं. मिति | वडा नं | सामानको नाम | आपूर्तक | मूल्य (मू.अ.कर समेत) |
|---|---|---|---|---|
| ६/२०७५/११/१२ | १ | मोवाइल vivo १ थान | हुमा जनरल सप्लायर्स | ५७४४५.०० |
| ६/२०७५/११/१२ | १ | मोबाइल सामसुङ्ग १ थान | हुमा जनरल सप्लायर्स | २८७५०.०० |
| ३४/२०७६/३/१५ | ३४ | साइकल ४ थान | आयुष ट्रेडर्स एण्ड सप्लायर्स | ३८४२०.०० |

७५. **बढी खर्च** : नगर कार्यपालिकाले वडा संचालनको लागि कामको वर्गीकरण अनुसार बजेट बाँडफाँड गरी प्रति वडा संचालन खर्च रु.८,५०,०००।०० का दरले वडालाई निकासा दिएको देखियो । समान हिसावमा संचालन खर्च उपलब्ध गराएता पनि प्रतिवडा राजस्व आम्दानी रु.३० हजार देखि रु.३ लाख ३७ हजारसम्ममात्र संकलन गरेको देखियो । आम्दानी तथा खर्च सन्तुलन गर्नेगरी राजस्वको दायरा बढाई चालु खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

७५.१. यसरी दिएको रकम नगरपालिकाले स्वीकृत गरेको कार्य बाँडफाँड भित्र रही खर्च गर्नुपर्नेमा केही वडाहरुले इन्धन खर्चमा निम्नानुसार स्वीकृत सीमा भन्दा बढी खर्च गरेको देखियो । इन्धन खर्चको मापदण्ड कायम गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको रु....... ६७,६५१.००

| वडा नम्बर | बाँडफाँड इन्धन खर्च | भएको खर्च | बढी खर्च |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६ | ६५०००.०० | ९७६५१.०० | ३२६५१.०० |
| ४ | ६५०००.०० | १०००००.०० | ३५०००.०० |
| | | **जम्मा** | ६७,६५१.०० |

७५.२. यसरी दिएको रकम नगरपालिकाले स्वीकृत गरेको कार्य बाँडफाँड भित्र रही खर्च गर्नुपर्ने वडाहरुले विविध खर्चमा निम्नानुसार स्वीकृत रकम सीमा भन्दा बढी खर्च गरेको देखियो । इन्धन खर्चको मापदण्ड कायम गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको रु....... १,८६,३९०.००

| वडा नम्बर | बाँडफाँड विविध खर्च | भएको खर्च | बढी खर्च |
|---|---|---|---|
| १ | १८५२००.०० | २२८३३५.०० | ४३१३५.०० |
| १३ | १८५२००.०० | २५४६५५.०० | ६९४५५.०० |
| ५ | १८५२००.०० | २५९०००.०० | ७३८००.०० |
| | | | १८६,३९०.०० |

७६. **विल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विल भरपाई संलग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा संचालन चालु खर्चबाट निम्नानुसार वडाहरुमा सरसफाई गराएको भनी सेतो कागजमा भरपाई गराई भुक्तानी दिएकोमा नियुक्ती पत्र, भुक्तानी लिनेको हाजिरी विवरण तथा निजहरुको पहिचान खुल्ने कुनै कागजात समेत स्रेस्ता साथ पेश नभएकोले प्रमाण पेशगर्नुपर्ने खर्च रु..... १,०८,०००.००

| भौ.नं. मिति | वडा नं | सेतो कागजको भरपाइमा उल्लेखीत नाम | विवरण | रकम |
|---|---|---|---|---|
| ४२/२०७६/३/२७ | १५ | धर्मदेव मरिक | ६ महिनाको प्रति महिना रु.६०००।०० का दरले | ४८०००.०० |
| ५१/२०७६/३/३१ | १३ | राम अवतार यादव | २०७५ श्रावण देखि २०७६ आषाढसम्म रु.५०००।०० का दरले | ६००००.०० |
| | | | **जम्मा** | १०८,०००.०० |

७६.१. **खरिद सामान जिन्सी दाखिला नगरी खर्च लेखेको** : निम्नानुसार वडाहरुको वडा संचालन खर्च पेश्की फछ्र्यौट गर्दा निम्नानुसारका सामानहरु खरिद आदेशबाट खरिद गरिएकोमा दाखिला प्रतिवेदन पेश नभएकोले दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.. ८८,८९०.००

| भौ.नं. मिति | वडा नं | सामान | आपूर्तक | मिति | रकम |
|---|---|---|---|---|---|
| ४२/२०७६/३/२७ | १५ | पन्चिङ्ग मेशिन लगायत ७ प्रकारका सामानह | न्यू आदर्श स्टेशनरी ट्रेडर्स | २०७६/३/१६ | ४५००.०० |
| ४२/२०७६/३/२७ | १५ | डटपेन लगायत ९ प्रकारका सामान | न्यू आदर्श स्टेशनरी ट्रेडर्स | २०७६/३/१६ | ९४००.०० |
| ४२/२०७६/३/२७ | १५ | डटपेन, टिपेक्स लगायत ९ प्रकारका सामान | न्यू आदर्श स्टेशनरी ट्रेडर्स | २०७६/३/१६ | १०१००.०० |
| ४२/२०७६/३/२७ | १५ | लेटर प्याड ३००० थान, विवाह दर्ता फाराम ३००० थान, बसाइसराइ फाराम ३००० थान, जन्म दर्ता फाराम १३०० थान, मृत्यू दर्ता फाराम १३०० थान | प्रमेश्वर कम्प्युटर प्रेस | २०७६/३/१६ | १५९४४.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२/२०७६/३/२७ | १५ | SL mobile लगायत १५ थरी सामान | जगदम्बा अटो ट्रेड सेन्टर प्रा.लि. | २०७६/३/१६ | ७२३२.०० |
| ४२/२०७६/३/२७ | १५ | SL mobile लगायत ८ थरी सामान | जगदम्बा अटो ट्रेड सेन्टर प्रा.लि. | २०७६/३/१६ | ५४२४.०० |
| ४२/२०७६/३/२७ | १५ | SL Roobil लगायत १७ थरी सामान | जगदम्बा अटो ट्रेड सेन्टर प्रा.लि. | २०७६/३/१६ | ९९४४.०० |
| ४२/२०७६/३/२७ | १५ | SL mobile लगायत १० थरी सामान | जगदम्बा अटो ट्रेड सेन्टर प्रा.लि. | २०७६/३/१६ | ४२९४.०० |
| ४२/२०७६/३/२७ | १५ | SL mobile लगायत ८ थरी सामान | जगदम्बा अटो ट्रेड सेन्टर प्रा.लि. | २०७६/३/१६ | ३५०३.०० |
| ४२/२०७६/३/२७ | १५ | SL mobile लगायत ७ थरी सामान | जगदम्बा अटो ट्रेड सेन्टर प्रा.लि. | २०७६/३/१६ | २५९९.०० |
| ४१/२०७६/३/२७ | १६ | बेरिङ्ग, एयर फिल्टर लगायत १५ थरी सामान | मनोज मोटरसाइकल वर्कसप | | १५९५०.०० |
| | | | | जम्मा | ८८,८९०.०० |

७७. **मू.अ.कर समायोजन** : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले खरिद कार्य गरेका देहायका आपुर्तिकर्ताहरुले कर विजक पेश गरी मू अ कर भुक्तानी लिएकोमा लेखापरीक्षणको क्रममा आन्तरिक राजस्व विभागको वेभसाइट परीक्षण गर्दा कैफियतमा उल्लेख भए अनुसार ननफाइलर देखिएको, विजक नम्बर उल्लेख नभएको अवस्थामा मूल्य अभिवृद्धि कर भुक्तानी गरको पाइएकोले भुक्तानी भएको मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपन रु. ... २,२६,८२८.५५

| भौ.नं. र मिति | कार्यक्रम | पाटीको नाम | विवरण | भुक्तानी रकम | मू.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| २५/२०७६/२/३ | वडा संचालन चालु | कालिका कम्प्युटर एण्ड सप्लायर्स, राजविराज विजक नं. १८९।२०७५।११।२७ (303915296) | | ३५४००.०० | ४६०२.०० | २०७५ भदौ देखि ननफाइलर |
| ३४/२०७६/३/१५ | वडा संचालन चालु | आयुष ट्रेड एण्ड सप्लायर्स, राजविराज (609372146) | साइकल ४ थान लगायत विभिन्न १३ थरी सामान | Internet charge, Instalation | ११४५४.३० | विजक नम्बर नभएको |
| ४५/२०७६/३/२९ | वडा संचालन चालु | दिप ट्रेडर्स एण्ड सप्लायर्स विजक नं १२६।२०७६।२।३० (603159790) | फोटोकपी पेपर लगायत ९ थरी सामान | ६८१५५.०० | ८८६०.०० | २०७१ आषाढ देखि ननफाइलर |
| ४५/२०७६/३/२९ | वडा संचालन चालु | दिप ट्रेडर्स एण्ड सप्लायर्स विजक नं १२७।२०७६।२।३० (603159790) | हार्पिक लगायत १५ थरी सामान | ३४०८०.०० | ४४३०.०० | २०७१ आषाढ देखि ननफाइलर |
| ४५/२०७६/३/२९ | वडा संचालन चालु | दिप ट्रेडर्स एण्ड सप्लायर्स विजक नं १२८।२०७६।२।३० (603159790) | कार्बन पेपर, खाम लगायत १४ थरी सामान | ७१३७०.०० | ९२७८.०० | २०७१ आषाढ देखि ननफाइलर |
| ४९/२०७५/१०/६ | समानीकरण चालु | राजविराज इलेक्ट्रोनिक्स सप्लायर्स (608472908) | इलेक्ट्रोनिक सामान | ४८९९९९.०० | ५६३७१.०० | २०७५ असोजदेखि ननफाइलर |
| २३/२०७६/१/३ | आन्तरिक राजस्व पूँजीगत | आर एस कन्सर्न | टेबुल कुर्सी लगायतको सामान | १९७९७६.०० | २२७७६.०० | २०७५ मंसिरदेखि ननफाइलर |
| ३६/२०७६/३/१ | आन्तरिक राजस्व | अनिमेश निर्माण सेवा (606095529) | भवन निर्माण कार्य | ४८०८८४.९० | ५५३२२.२५ | २०७५ आषाढदेखि ननफाइलर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४ | पूँजीगत | | | | | |
| ३८/२०७६/३/१५ | आन्तरिक राजस्व पूँजीगत | आलम कन्स्ट्रक्सन (601508354) | रेलिङ्ग निर्माण कार्य | ४६७०८४.०० | ५३७३५.०० | २०७६ जेष्ठदेखि ननफाइल तथा विजक नम्बर नभएको |
| | | | | | २२६,८२८.५५ | |

७८. **व्यक्तिको नाममा टेलिफोन बिलको खर्च लेखेको** : कार्यालयमा प्रयोग हुने टेलिफोन वापत खर्च लेख्दा कार्यालयको नामको टेलिफोन  नम्बरको मात्र भुक्तानी खर्च लेख्नुपर्नेमा निम्नानुसारका वडा अध्यक्षहरुले वडा संचालन वापत लिएको पेश्की फछ्र्यौटको बिल भरपाई परीक्षण गर्दा नेपाल टेलिकमको बिलमा वडा अध्यक्षहरुकै नाम उल्लेख भएकोले उक्त खर्च कार्यालय प्रयोजनमै भयो भनी एकिन गर्न नसकिएकोले असुल हुनुपर्ने रु....... १०,०००.००

| भौ.नं. | वडा नं. | वडा अध्यक्षको नाम | टेलिफोन भुक्तानीको विलको विवरण | रकम |
|---|---|---|---|---|
| १०/२०७५/११/२९ | ६ | प्रेम कुमार यादव | १ थान बिल | ५०००.०० |
| ५४/२०७६/३/३१ | १० | सुसिल कुमार दास | १ थान बिल | ५०००.०० |
| | | | **जम्मा** | १०,०००.०० |

७९. **प्रयोजन नखुलेको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा रित पुगे नपुगेको चेक जाँच गर्नुपर्ने व्यवस्था छ । भौ.नं.५३।२०७६।३।३१ बाट श्री समिर कुमार झाको वडा नं ५ को खर्च पेश्की फछ्र्यौट गर्दा  निम्नानुसार मिति नलेखिएका बीलहरुबाट चिया नास्ता वापत खर्च लेखेको छ । उक्त खर्च कहाँ के कार्यक्रममा भएको हो स्वीकृत कार्यक्रम, सहभागीको उपस्थिति र खर्चको प्रयोजन खुल्ने प्रमाण पेश नभएको रु.......... २,५४,५००.००

| **विक्रेताको नाम** | **बिल थान** | **रकम** |
|---|---|---|
| महाविर मिष्ठान्न भण्डार (नगद उधारो बिल) | ४ | ५९५००.०० |
| थारु रिसोर्ट, राजविराज | ६ | ११७०००.०० |
| साँझ होटल, राजविराज | ४ | ७८०००.०० |
| | **जम्मा** | २५४,५००.०० |

८०. **सामाजिक सुरक्षा भत्ता (जेष्ठ नागरिक अशक्त  अपाङ्ग, लोपोन्मुख जाति तथा एकल महिला सुरक्षा भत्ता)** : सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७२ को दफा १८(ग) वमोजिम सामाजिक सुरक्षा भत्ता पाउनेको नामावली  केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । सो अनुसार नगरपालिकाले सामाजिक सुरक्ष भत्ता पाउनेको नामावली MIS प्रणालीमा प्रविष्टी गरेको छैन । यसबाट उमेर नपुगेका, मरी सकेका, नागरिकता प्रमाणपत्र नभएकालाई भत्ता वितरण गरको छैन भन्न सकिएन । भत्ता पाउनेको नाम MIS प्रणालीमा प्रविष्टी गरी सेवाग्राहीको नाम अद्यावधिक गर्नु पर्दछ । नगरपालिकाले दलित बालबालिका तर्फ प्रथम किस्ताको पुरै र दोस्रो किस्ताको  ९ वडा देखि १६ वडा बाहेक अन्य सवै सेवाग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता विभिन्न ५ वटा बैंकको बैंक खाता मार्फत भुक्तानी गरेको छ । बैंक मार्फत भुक्तानी गरेको भए पनि MIS प्रणालीको प्रयोग नहुँदा सेवाग्राहीको विवरण अद्यावधिक नहुन सक्ने हुनाले MIS प्रणालीमा विवरण प्रविष्टी गरी भत्ता वितरण गर्नुपर्ने देखिन्छ । लेखापरीक्षणको सिलसिलामा

नगरपालिका अन्तरगतका १६ वडाको लागि प्रथम, दोस्रो र तस्रो चौमासिकबाट रु.७,९०,०४,२००।०० सामाजिक सुरक्षा भत्ता खर्च लेखेको मध्ये सनराइजबैंक मार्फत वडा नं ११ र १६, सेन्चुरी बैंक तर्फका वडा नं.१२, १३ र १५ को तेस्रो किस्ताको स्टेटमेन्ट लेखापरीक्षणमा पेश भएन । अन्य वडा कार्यालयहरुले तयार गरेको अनुसूची  अनुसारको विवरण तथा सेवाग्राहीको सम्बन्धित बैंकले उपलब्ध गराएको स्टेटमेन्ट परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखिएको छ :

८०.१. निम्न वडाहरुबाट सेवाग्राहीहरुको नाममा रकम जम्मा गर्न निम्न बैंक खातामा पठाइएको तेस्रो किस्ताको वितरणको स्टेटमेन्ट सम्बन्धित बैंकबाट लेखापरीक्षणको क्रममा प्राप्त नभएकोले बैंक स्टेटमेन्ट प्राप्त गरी भुक्तानी रकम यकिन गर्नुपर्ने रु............ — ८१,४८,८००.००

| वडा नं | बैंक | तेस्रो किस्ता वापत बैंकमा पठाइएको रकम |
|---|---|---|
| ११ | सनराइज बैंक | १६२३२००.०० |
| १६ | सनराइज बैंक | १५७८४००.०० |
| १२ | सेन्चुरी बैंक | १६९७६००.०० |
| १३ | सेन्चुरी बैंक | १९९०४००.०० |
| १५ | सेन्चुरी बैंक | १२५९२००.०० |
| | जम्मा | ८,१४८,८००.०० |

८०.२. **बैंक स्टेटमेन्ट भिडान गर्दा फरक देखिएको** : नगरपालिकाले विभिन्न वडातर्फका सेवाग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वापतको रकम भुक्तानी दिन बैंक खातामा पठाएकोमा भुक्तानी गरी बाँकी रहेको रकम कार्यालयले बैंकबाट फिर्ता लिनुपर्नेमा नलिएकोले निम्नानुसारका बैंकबाट फिर्ता प्राप्त गर्नुपर्ने रु.......... — १,३५,०००.००

| बैंकको नाम | पठाइएको रकम | स्टेटमेन्ट अनुसार खातामा जम्मा गरेको रकम | फिर्ता गर्नुपर्ने | फिर्ता गरेको | नगुग रकम |
|---|---|---|---|---|---|
| सनराइज बैंक (प्रथम र दोस्रो किस्ता) | ६५५५२००.०० | ६४५१२००.०० | १०४०००.०० | ० | १०४०००.०० |
| राष्ट्रिय वाणिज्य बैंक | ३२६३८८००.०० | ३२५७४८००.०० | ६४०००.०० | ४५०००.०० | १९०००.०० |
| सन्चुरी बैंक (दोस्रो किस्ता) | ५०३१२००.०० | ५०२७२००.०० | ४०००.०० | ०० | ४०००.०० |
| एस.बि. आई बैंक (तेस्रो किस्ता) | ५०४८०००.०० | ५०४००००.०० | ८०००.०० | ०० | ८०००.०० |
| | | | | | १३५,०००.०० |

**आन्तरिक आम्दानी तर्फ**

८१. **रसिद नियन्त्रण खाता** : नगरपालिकाले आन्तरिक आम्दानीमा प्रयोग हुने नगदी रसिद र मालपोत रसिद नियन्त्रण खाता राखी गत वर्षको अल्या रसिद ठेली, यो वर्ष छपाई गरेको रसिद ठेली संख्यामा यस वर्ष खर्च भएको रसिद ठेली घटाई बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो अनुसार खाता राखेको देखिएन । यस वर्षको जिन्सी रजिष्टर्ड खाता परीक्षण गर्दा १३४ थान रसिद ठेली छपाई गरेको उल्लेख छ । के कति नम्बरका रसिद छपाइ गरेको सो समेत खुल्न आउँदैन । कार्यालयले रसिद नम्बर खुलाई रसिद खरिद, खपत र बाँकीको विवरण अद्यावधिक गरी रसिद नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

८२. **रसिदको प्रयोग** : यो वष विभिनन १६ वडालाई विभिन्न नम्बरका ४३ ठेली नगदी रसिद र वडा नं ९ देखि १६ सम्म ८ वटा वडालाई मालपोत रसिद ६६ ठेली बुझाएको देखिन्छ । वडाले बुझेका उक्त रसिदमध्ये आर्थिक वर्षभित्र प्रयोग भएका र प्रयोग नभई बाँकी रहेका ठेली फिर्ता गरेको छैन । वडा नं १ बाहेक १५ वटा वडाले असुली राजस्व बुझाउँदा काटिएको रसिदको दोस्रो प्रति च्यातेर सो रसिद र पैसा बुभाउने गरेको छ । उक्त रसिद नमूनास्वरुप परीक्षण गर्दा कुनै रसिद यो वर्ष बुझेको मध्येबाट र कुनै रसिद अन्य नम्बरको (गत विगतमै बुझेको) बाट समेत राजस्व असुल

<table>
<tr><td></td><td>गरेको देखियो । जसबाट वडा नं २ देखि १६ नम्बर वडाले यो वर्ष नगरपालिकामा दाखिला गर्न ल्याएको नगदी रसिदको प्रति अनुसारको रु.२४,८३,२०६।३३ त्यतिनै असुल गरेको हो भनी यकिन गर्नसक्ने आधार भएन । १ वर्षको रसिद सोही वर्ष प्रयोग गर्ने र बाँकी रहे फिर्ता गरी अर्को वर्ष नयाँ रसिद प्रयोग गर्नुपर्नेमा सो गरेको देखिएन । रकम असुली पश्चात तेस्रो प्रति सहितको पुरै ठेली फिर्ता नगरेको, पुरानो रसिद प्रयोग गरेको, म.ले.प. फा.नं. १०८ लगायत दैनिक टिपोट किताव तयार गर्ने नगरेको कारण प्रयोग भएको सवै रसिद अनुसारको रकम दाखिला भएको छ भनी यकिन गर्न सक्ने अवस्था रहेन । अतः नगरपालिकाले प्रयोग भएको रसिद ठेली फिर्ता माग गरी सो अनुसार असुल राजस्व रकम दाखिला भए नभएको यकिन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८३.</td><td>हाट बजार ठेक्का : हटिया बजारमा गुन्द्री राखी नगरपालिकाले बोलपत्र विक्री फाराममा तोकिएको दरमा दैनिक शुल्क उठाउने ठेक्का "हटिया बोदडी बैठकी बट्टी" को लागि मिति २०७५।२।१८ मा ३० दिने सूचना गरी ३ बोलपत्र परेकोमा मूल्यांकनबाट एक मात्र नियमसंगत भएको राजविराज नगरपालिका वडा नं ११ का शिवनाराण यादवको कवोल अंक रु.५९,४५,०००।०० मिति २०७५।३।२६ मा स्वीकृत गरी च.नं. ६४०।२०७५।६।१ मा अस्थायी १ महिने पूर्जी दिएको देखियो । बोलपत्र स्वीकृत गरी सम्झौता गरेको कागजात पेश हुन आएन । यस सम्बन्धमा सम्झौता नगरी ठेक्काको कार्य गर्न इजाजत दिने पदाधिकारीलाई आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ । बोलपत्र खरिदकर्तालाई उपलव्ध गराइएको बोलपत्रसाथ सम्लग्न सर्त तथा बन्देजको दफा ६ मा सदर हुने बोलपत्रदाताले सम्झौता रकम ४ किस्तामा दाखिला गर्नुपर्ने उल्लेख छ । सो अनुसार पहिलो किस्ता सम्झौता गर्दा नै, दोस्रो किस्ता २०७५ आश्विन मसान्तभित्र, तेस्रो किस्ता २०७५ पौष मसान्तभित्र र चौथो किस्ता २०७५ चैत्र मसान्तभित्र दाखिला गरिसक्नु पर्ने र सो अनुसार दाखिला नगरे प्रतिदिन रु.५००।०० का दरले थप ३० दिनभित्र हर्जना समेत दाखिला गराउनुपर्ने, सो अवधिसम्म पनि दाखिला नगरे सम्झौता भंग गरी बाँकी रकम सरकारी बाँकी सरह असुल गर्नुपर्ने, बाँकी किस्ताको रकमको बैंक ग्यारेन्टी, धन वा जेथा जमानी राख्नुपर्ने उल्लेख छ ।<br>उक्त ठेकेदारले बैंक ग्यारेन्टी नराखी बुलेराम यादवको मन्जुरीनामा राखी वडा नं ८ का बलराम यादवको रामपुर वडा नं ८ स्थित कित्ता नं २३३ को ०-४.३.१/४ र कि.नं. ११८ को ०-६-१० क्षेत्रफल जग्गा धितोमा राखेको देखियो । अन्य व्यक्तिको जग्गा धितोमा लिन मिल्ने आधार स्पष्ट छैन । हालसम्म निज ठेकेदारले पहिलो किस्ता वापत रु.१४,८६,२५०।०० दाखिला गरी सो पश्चात निम्नानुसार दाखिला गर्नुपर्ने किस्ता रु.३४,५८,७५०।०० दाखिला गरेको देखिएन ।
<table>
<tr><th>किस्ता</th><th>दाखिला गर्नुपर्ने मिति</th><th>रकम</th><th>दाखिला</th><th>बाँकी</th></tr>
<tr><td>दोश्रो</td><td>२०७५।६।३० सम्म</td><td>१४८६२५०.००</td><td>१०००००० .००</td><td>४८६२५०.००</td></tr>
<tr><td>तेस्रो</td><td>२०७६।९।३० सम्म</td><td>१४८६२५०.००</td><td>००</td><td>१४८६२५०.००</td></tr>
<tr><td>तेस्रो</td><td>२०७६।१२।३० सम्म</td><td>१४८६२५०.००</td><td>००</td><td>१४८६२५०.००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>३,४५८,७५०.००</td></tr>
</table>
शर्त तथा बन्देजको दफा ६ अनुसार ३० दिनसम्म प्रतिदिन ५००।०० का दरले हर्जना रु.१५,०००।०० थप गरी दाखिला गर्नुपर्नेमा सो समेत गरेको देखिएन । यस्तो अवस्थामा सोही बुदामा उल्लेख भए अनुसार जेथा राखेको जग्गा विक्री गरी उक्त रकम सरकारी बाँकी सरह असुल गर्नुपर्नेमा नगरपालिकाले केही नगरी बसेको देखियो । आवश्यक कारबाही गरी बाँकी रकम असुल गर्नुपर्ने देखिएको रु..........</td><td>३४,७३,७५०.००</td></tr>
<tr><td>८४.</td><td>राजस्वको दायराः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजस्व परामर्श समितिको व्यवस्था गरी उपदफा २(ख)मा राजस्वको स्रोत, दायरा र दर समेतको बिश्लेषण गरी आगामि आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्व अनुममान गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले घर</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | बहाल करको लगत अनुसार राजस्व संकलन हुन नसकि रु.६ लाख ५३ हजार बाँकी रहेको, व्यवसाय कर तिर्ने करदाता संख्या २५३२ रहेकोमा कतिपय करदाता नविकरणमा नआएको कारण रु.२२ लाख ८९ हजार उठ्नुपर्ने राजस्व नउठेको, घरजग्गाको कर समेत बक्यौता रहेको अवस्था देखिएको छ करका दायरामा नआएको करदाताको लगत संकलन समेत हुन नसकेको अवस्था छ । टाँगा, अटोरिक्सा, ई-रिक्सा लागायत साना सवारीलाई करको दायरामा ल्याउन सकेको देखिदैन । स्थानीय रेडियो, एफएमहरु समेतको दर्ता, नविकरण तथा संचालन अनुमतिबाट संकलन गरिने राजस्व समेतलाई दायरामा ल्याई कर संकलन गरेको छैन । अन्तशुल्क, मनोरञ्जन कर लगायत स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने कर एवं गैर कर राजस्वको स्रोत पहिचान गरी संकलन गर्ने करको दायर वढाउने र समय सापेक्ष दर परिवर्तन गरी नगरपालिकाको आम्दानी बढाउने तर्फ राजस्व परामर्श समिति सक्रिय भएको देखिएन । अतः ऐनको अधिकार प्रयोगमा सक्रियता देखाई राजस्व संकलनमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| ८५. | **भारी उपकरण प्रयोग** :नगरपालिकाले स्रोत साधनको प्रभावकारी प्रयोग गर्नुपर्नेमा नगरपालिकासँग रहेको भारी उपकरणको प्रभावकारी उपयोग गरेको देखिएन । नगरपालिकासंग रहेको जेसिवि, ट्रिपर लगायत उपकरण रहेता पनि उक्त उपरकरणबाट राजस्वमा कुनै योगदान पुगेको देखिएन । नगरको जेसिविबाट वर्षभरीमा जम्मा रु.२,३००।०० आम्दानी गरेकोमा सोको मर्मत संभारमा भएको खर्चको एकिन विवरण तयार गरको छैन । उदाहरणका लागि यसवर्ष सक्सन मेशिनकोको पम्प खरिद गर्नको लागि रु.४ लाख ९७ हजार खर्च गरी संचालनमा ल्याएकोमा सो मेशिनबाट प्राप्त भाडा आम्दानी जम्मा रु.२,६५,७००।०० प्राप्त गरेको देखियो । आम्दानी भन्दा बढी खर्च भएको यस प्रकारको उपकणहरुको समयमा उचित व्यवस्थापन गर्न नसके नगरपालिकाको व्यवभार बढ्दै जाने देखिनछ । अतः उक्त भारी उपकरणहरुको उपयोग, मर्मत संभार तथा संचालनको लागि उपयुत्त कार्यविधि बनाई कोष संचालन मार्फत उपकरणको उचित व्यवस्थापनगर्नेतर्फ नगरपालिकाको ध्यान जानुपर्दछ । | |
| ८६. | **भाडादर पुनरावलोकन** :नगरपालिकाले गत विगत देखि कम्पाउण्डमा रहेका घरकवल सटर भाडामा दिदै आएको छ । पछिल्लो पटक २०६९ जेष्ठमा भएको संझौता अनुसार एक वर्षको लागि बढीमा रु.१,५००/- लिनेगरी संझौता भएकोमा सो भन्दा पछाडि कुनैपनि भाडावालसंग संझौताको नबिकरण गरेको पाइएन । मूख्य वजार क्षेत्रको सटरहरु व्यापारिक प्रयोजनमा प्रयोग भइरहेको अवस्थामा न्यून भाडा दर कायम गरी भएको संझौताको ७ वर्ष वितिसक्दा समेत पुनरावलोकन गरी बोलपत्रमार्फत संचालन नगर्दा प्राप्त हुनसक्ने ठूलो राजस्व गुमिरहेको देखियो । अतः बोलपत्रमार्फत प्रतिशपर्धा गराई तत्काल परिवर्तित भाडादरमा संझौता गर्नुपर्ने देखिन्छ । नगरको वार्षिक लक्ष्य अनुसार कुल १३१(हाट वजार समेत) स्थानको रु.२४,०४,१४५/- राजस्व संकलन हुनुपर्नेमा यसवर्ष रु.९,५४,८५२/- मात्र असुल भई रु.१४,४९,२९३/- असुल गर्न बाँकी देखिन्छ । हाटवजार क्षेत्रमा नयाँ संरचना निर्माण कार्य भइरहेकोले सो को बाँकी बक्यौता उठ्न नसकेको नगरपालिकाले जनाएता पनि नगर कम्पाउण्डमा रहेको न्यूनदरमा संझौताभई व्यवसाय संचालन गरिरहेकाहरुले समेत संझौता अनुसार सटरभाडा बुझाएको छैन । संझौता अनुसारको समय समाप्त भएको व्यवसायीको संझौतामा पुनरावलोकन गरी बक्यौता रकम असुल हुनुपर्ने रु..... | १४,४९,२९३.०० |
| ८७. | **जिन्सी व्यबस्थापन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(च) मा चलअचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गराउने काम कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकारीलाई दिएको छ । नगरपालिकाको जिन्सी व्यवस्थापन सम्वनधमा देखिएको व्यहोरा निम्न छन : | |
| ८७.१. | **जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयनः** आर्थिक कार्यबिधि नियमाबली,२०६४ को नियम ५० अनुसार जिन्सी निरीक्षण गरी २०७६/०४/०९ मा प्राप्त प्रतिवेदन अनुसार यान्त्रिक औजारहरुको उचित व्यवस्थापन गर्नुपर्ने, स्टोरमा रहेका अनावश्यक कागजातहरुको व्यावास्थपन गर्नुपर्ने, खुल्ला | |

| | | |
|---|---|---|
| | राखिएको सामानहरुको गोदाममा व्यवस्थापन गर्ने, म.ले.प.फारमहरु प्रयोग गर्ने लगायत लगायत व्यहोरा व्यहोरा उल्लेख गरी प्रतिवेदन पेश भएकोमा कार्यान्वयन गरेको पाइएन । प्राप्त प्रतिवेदनमा उल्लेख भएअनुसार आवश्यक व्यवस्था गरी जिन्सी व्यवस्थापनमा सुधार गर्नुपर्दछ । | |
| ८७.२. | **जिन्सी खाता** : जिन्सी सामानहरुको खातामा तोकिएको महलमा आवश्यक विवरण भरी कार्यालय प्रमुखबाट प्रमाणित गरी राख्नुपर्नेमा तोकिए महलमा पुरा स्पेशिफिकेशन नखुलाउने, निर्माण कम्पनि, उत्पादन मिति, भ्याटको दर, निकासी/दाखिला नं . आदि खुलाउने गरेको छैन । पटक पटक गरी कम्प्युटर, टेवल, विभिन्न मूल्यका कुर्सीहरु लगायत खप्ने सामानहरु र मशलन्द लगायत खर्च भएर जाने सामानहरु समेतको वडागत खाता राख्ने नगरेको कारण कुन वडामा कति सामान छ भन्ने विवरण एकिन हुने अवस्था छैन । वडाको सामान खपतका एकरुपता नभएको, जिन्सी सामानको सहि उपयोग भए नभएको सम्बन्धमा पालिकाबाट नियन्त्रण एवं सन्तुलन हुने संयन्त्र व्यवस्था गरेको छैन । प्रत्येक वडा अध्यक्षलाई मोटर साइकल, मोबाइल लगायत बढी मूल्य पर्ने सामान उपलब्ध गराएकोमा समेत सहायक खाता राखी भरपाई गराएको छैन । मोटर साइकल उपलब्ध गराइएको व्यक्तिको सवारी अनुमति पत्र संलग्न नगरेको कारण लाइसेन्स वेगर उक्त सवारी साधन कसले प्रयोग गरेको छ भन्नसक्ने आधार भएन । अतः सवारी अनुमति पत्र संलग्न गरेरमात्र दिनुपर्ने देखिन्छ । सोमा प्रयोग गरिने इन्धन तथा मोबाइलको खर्चमा समेत एकरुपता नदेखिएकोले नर्म्स बनाई नियन्त्रण गर्नुपर्ने र कार्यालयको काममा प्रयोग गरेको एकिन गर्ने गर्नुपर्दछ । सहायक र बडागत जिन्सी खाता तयार गरी जिन्सीको वास्तविक अवस्था खुल्ने गरी खाता व्यवस्थापन गरी जिम्मेवार व्यक्तिबाट नियन्त्रण र सन्तुलन गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ८७.३. | **लिलाम बिक्री** : आर्थिक कार्यबिधि नियमाबली,२०६४ को नियम ५८ अनुसार काममा आउन नसक्ने जिन्सी सामान लिलाम गर्नुपर्ने व्यवस्था रहको छ । कार्यालय परिसरमा ट्रक, जीप लगायत सामानहरु वेवारिसे अवस्थामा रहेको, कार्यालयको छतमा अनावश्यक सामानहरु बर्षौदेखि डम्पिङ्ग गरेकोमा समेत लिलाम विक्री गरेको देखिएन । कार्यालयमा रहेका २ थान दमकल मध्ये एउटाको इन्जिन मरमत गर्नुपर्ने अवस्थामा रहेकोले उपयुक्त निर्णय गर्नपर्ने देखिन्छ । विपद व्यवस्थापनका लागि प्राप्त सामानहरुको समेत उचित व्यवस्थापन नगरी कार्यालयको परिसरमा बेकाम अवस्थामा रहेको देखिएकोले सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउनुपर्ने देखिनुका साथै प्रक्रिया पुऱ्याई मर्मत, लिलाम लगायत कार्य गरी जिन्सीको उचित व्यवस्थापन गर्नुपर्दछ । | |
| |  *कार्यालयको छतमा रहेको लिलाम गर्नुपर्ने सामान*  *विपत व्यवस्थापनको लागि प्राप्त सामान*  *कार्यालय परिसरमा रहेका लिलाम गर्नुपर्ने सामान* | |
| ८८. | **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की लिने र तोकिएको अवधिमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट प्राप्त पेश्की बाँकीको विवरण अनुसार आर्थिकबर्षको अन्तसम्म गत विगत वर्षको रु.६७,८६,९०६।०९ समेत जम्मा रु.४,०५,८३,०८४।१६ पेश्की बाँकी रहेको छ । एक दुई वर्ष वितिसक्दा समेत पुरानो पेश्की फछ्र्यौट गरेको नदेखिदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्ने गराउने अन्यथा असुल गर्नुपर्ने देखिन्छ । यस आर्थिक वर्षमा दिएको पेश्की मध्ये आषाढ मसान्सम्म फछ्र्यौट नभएको निम्नानुसारको पेश्की नियमावलीको व्यवस्था अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु.... | ३,३७,९६,१७८.०७ |

| सि.नं. | पेश्की पाउनेको नम | वापत | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | गायत्री वेली (ज.रा. प्रा.वि.) | शिक्षा भवन निर्माण | १५४३९११.०७ |
| २ | रा.प्रा.वि. परसाही | शिक्षा भवन निर्माण | ६८०७४५.०० |
| ३ | श्री जनता राष्ट्रिय प्राथमिक विद्यालय | शिक्षा भवन निर्माण | ६८२५००.०० |
| ४ | उमेश प्रसाद यादव | युनिसेफ सामाजिक क्रियाकलाप | २०००००.०० |
| ५ | श्री जनसेवा रा.प्रा.विद्यालय मलेठ | शिक्षा भवन निर्माण | १५६००००.०० |
| ७ | देविता कुमारी यादव | युनिसेफ सामाजिक क्रियाकलाप | ७५२३५०.०० |
| ८ | ओम प्रकाश साह | वडा संचालन खर्च | ३०००००.०० |
| | महाकवि देवकोटा आधारभूत विद्यालय | शिक्षा भवन निर्माण | १८०००००.०० |
| १० | शर्मा आशिष ओम साईराम जे.भि. | सहकारी कोल्ड स्टोर निर्माण | २६२७६६७२.०० |
| | | **जम्मा** | **३३,७९६,१७८.०७** |

- **बेरुजु लगत, फछ्र्यौट र बाँकीको स्थिति :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३६ वमोजिम कार्यालयले बेरुजु फछ्र्यौट गरी दफा १९ वमोजिम सम्परीक्षणको लागि अनुरोध गरेमा सम्परीक्षण गर्ने व्यवस्था छ। नगरपालिकाको हालसम्मको बाँकी बेरुजुको स्थिति यस प्रकार छ । उक्त बाँकी बेरुजु नियमानुसार असुल फछ्र्यौटको कारबाही गर्नुपर्दछ ।

| **बेरुजु विवरण** | **गत सम्मको बेरुजु** | **यस वर्ष फछ्र्यौट** | **२०७४।७५ सम्मको बाँकी** | **२०७५।७६ को थप** | **जम्मा बेरुजु** |
|---|---|---|---|---|---|
| २०७३/७४ को बाँकी बेरुजू | ४२८०९ | | ४२८०९ | | ४२८०९ |
| असुल गर्नुपर्ने | १६५२५ | | १६५२५ | १८३८९ | ३४९१४ |
| अनियमित भएको | २२२२९ | | २२२२९ | ४७६४६ | ६९८७५ |
| प्रमाण का. पेस नभएको | ५२४३० | | ५२४३० | २०३३७ | ७२७६७ |
| पेश्की | १२८९५ | | १२८९५ | ३३७९६ | ४६६९१ |
| जम्मा | **१४६८८८** | | **१४६८८८** | **१२०१६८** | **२६७०५६** |

अनुसूची १

## स्थानीयतह सञ्चित कोष विवरण

२०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | राजविराज न.पा | सप्तरी | १४७०६४ | १८८०७९ | २४०४८३ | २३७६०२ | ६६६१६४ | ११३५३६ | १५००४३ | ४१६५७२ | ६८०१५१ | १३३०७७ |

अनुसूची- २

## राजविराज नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| सप्तरी | राजविराज न.पा | ६५ | ९१ | १२०१६८ | ० | ० | ० | ६५ | ९१ | १२०१६८ | १८३८९ | ४७६४६ | २०३३७ | ० | ० | ६७९८३ | ३३७९६ | ० | ३३७९६ |

अनुसूची- ३

## अद्यावधिक वेरुजू स्थिति

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|
| राजविराज नगरपालिका | सप्तरी | १४६८८८ | | १४६८८८ | ० | १२०१६८ | २६८०५६ |